
# लेखापरीक्षण प्रतिवेदन

# तिलोत्तमा नगरपालिका, रुपन्देही

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## तिलोत्तमा नगरपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/599

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मनिग्राम, तिलोत्तमा-५, रुपन्देही।

## कैफियतसहितको राय

हामीले तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वित्तीय विवरण (म. ले. प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको रु.४३ करोड ७९ लाख ९३ हजार, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रमसमेत) रु.३ लाख ५ हजार, पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु.६४ लाख १९ हजार, एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु.१ करोड ६३ लाख ६२

हजार, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु.१ करोड ८७ लाख ५१ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.३ लाख ७५ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२ करोड ५५ लाख ९० हजार समेत गरी रु.५० करोड ५७ लाख ९५ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.४ अर्ब ४५ करोड ४४ लाख ७४ हजारको लेखापरीक्षण गरिएकोमा रू.६ करोड ७ लाख ७३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.७२ लाख १५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु.५ करोड ३५ लाख ५८ हजार मध्ये असुल गर्नुपर्ने रू.१ करोड १ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८२ लाख २४ हजार, नियमित गर्नुपर्ने रू.३ करोड ३९ लाख ४९ हजार र पेस्की बाँकी रु.१२ लाख १० हजार रहेको छ। नगरपालिकाको गत वर्षसम्मको बेरुजु रु.31 करोड ६३ लाख ११ हजार मध्ये रु.3 करोड ८१ लाख १४ हजार सम्परीक्षण पश्चात रु.२७ करोड ८१ लाख ९७ हजार बेरुजू बाँकी रहेकोमा यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.३३ करोड १७ लाख ५५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने तिलोत्तमा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९६ | १५९ | ६,०७,७२,६११ | ० | १४ | ७२,१४,५८१ | ० | ९६ | १४५ | ५,३५,५८,०३० | १,०१,७५,११९ | ३,३९,४८,८५५ | ८२,२४,०५६ | ० | ० | ४,२१,७२,९११ | १२,१०,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुपन्देही | ३१,६३,११,००८ | - | ३,८१,१३,७३२ | २७८१९७२७६ | - | ५,३५,५८,०३० | ३३१७५५३०६ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ९५ | फरक सिमेन्टको प्रयोग | १९,४२५ |
| २ | २०८०/८१ | ६४ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ४५,५०,००० |
| ३ | २०८०/८१ | ३३ | कर्मचारी प्रोत्साहन भत्ता | १८,३७,१३१ |
| ४ | २०८०/८१ | ९७ | ईटा | १२,३६२ |
| ५ | २०७९/८० | ४१ | सिकाई सहजिकरण | ४,९९,८५५ |
| ६ | २०७९/८० | ३७.१ र ३७.२ | सामुदायिक सिकाइ केन्द्रको सञ्चालन अनुदान | १६,८४,००० |
| ७ | २०७९/८० | ३२ | सामानको गुणस्तर परिक्षण नभएको | १९,५०,००० |
| ८ | २०७९/८० | ४८ | शीर्षक फरक पारी खर्च | ११,५८,६८३ |
| ९ | २०७९/८० | ७८ | बढि भुक्तानी | २,८०,५७१ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १० | २०७९/८० | ८७.४२६ | प्रधानमन्त्री रोजगार कार्यक्रम | १,१५,४०० |
| ११ | २०७९/८० | २६ | पालिका वजेटबाट शिक्षकको तलब भत्ता | ७३,९२,५९६ |
| १२ | २०७९/८० | ९२ | दुधमा अनुदान | ५,४१,३६९ |
| १३ | २०७९/८० | ८९ | दरवन्दि भन्दा बढि कर्मचारी | १,४२,२७,३२८ |
| १४ | २०७९/८० | २३ | अन्य कार्यालय खर्च | ६१,००१ |
| १५ | २०७९/८० | ९५ | अनुत्पादक क्षेत्रमा खर्च | ९,६२,४२५ |
| १६ | २०८०/८१ | २४ | मु.अ.कर समायोजन | २,५०,००० |
| १७ | २०८०/८१ | २१ | प्रकोपका सामाग्रीहरु खरिदमा जिन्सी दाखिला | ५,४५,६६३ |
| १८ | २०७९/८० | ६३ | संगठन तथा कर्मचारी व्यवस्थापन | ८४,७७,०१४ |
| १९ | २०७९/८० | १०.२ र १०.३ | पदाधिकारी सुविधा | ७,६३,४९० |
| जम्मा | | | | ४,५३,२८,३१३ |

# (८०५४८४०१३०० - तिलोत्तमा नगरपालिका, रुपन्देही )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १७ वडा १२६ वर्ग किलोमिटर क्षेत्रफल तथा १४९४७९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।७।३० देखि २०८१।८।६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ गरी जम्मा रु. ४ अर्ब ४५ करोड ४४ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २४९०१७९।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | नदीजन्य पदार्थको विक्री बापतको मु.अ.कर रकम सम्बन्धित राजश्व शिर्षकमा २०८१।८।२५ मा दाखिला गरेको | १८९८००० |
| २ | ड्राईभरटोल हाटबजार ठेक्काको धरौटी रकम जफत गरी २०८१।८।११ मा राजस्व दाखिला | १५८३०० |
| ३ | सडक मर्मत दस्तुर तिनाउ रोडा ढुङ्गा प्रशोधन प्रा. लि . को २०८१।९।७ मा दाखिला | २८१२८ |
| ४ | कार्यक्रम भत्ता रु.१२०००।- र सामाजिक अभिमुखिकरण भत्ता रु. ११५००।- | २३५०० |
| ५ | भत्ता विभिन्न योजना फरफारक | १०६६७५ |
| ६ | दोहोरो भत्ता अतिरिक्त - १४ जनाको | २७५५७६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
|---|---|---|---|
| | | जम्मा | नगद |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ५६,३७,३४,९३६.५८ | ३९,१८ ,२१ ,२१८.१४ |
| १३००० | अनुदान | ८३,२९,३७,१४९.९२ | ८९,००,९१,६८०.०१ |
| १४००० | अन्य राजस्व | १९,२१,०३,३०८.०८ | १९,२५,८८ , ५०१.७९ |
| क | कुल जम्मा प्राप्ति | १,५८,८७,७५, ३९४.५८ | १,४७,४५,०१,३९९.९४ |
| ३ | चालु | ७४,१२,३६,४९१.२४ | ६८,८३,०१,३१४.३५ |
| २१००० | पारिश्रमिक / सुविधा | ४८,५८,५३,७४५.४७ | ४५,०९,९५,६९९.२५ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १६,०५ ,७०,०८८.६६ | १६,५४,४१,५३१.६० |
| २५००० | सहायता (Subsidy) | ४,६०,७९,६८६.०० | ३२,७३,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | ४,१९,४०,७१३.११ | ६,६०,५१,२१६.५० |
| २८००० | अन्य खर्च | ६७, ९२ , २५८.०० | २५, ३९ , ८६७.०० |
| ४ | पूंजीगत | ७८, ४३ , ३३ , २५८.७६ | ७१, ८८ , ९१ , ६३९.४० |
| ३१११० | भवन तथा संरचना | ० | ७२, २६ , ९५३.०० |
| ३११२० | सवारी साधन , मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | ३, ६३ , २९ , २७७.०० | ३, ५६ , ८७ , ०८९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | १४, ८८ , १९ , ४६३.८० | ९, ८७ , ३८ , ४३५.३६ |
| ३११४० | सुरक्षा उपकरण | १४, ४८ , २१९.०० | २, ४८ , ७४१.०० |
| ३११५० | सार्वजनिक निर्माण | ५९, ६३ , ६७ , ७१०.९६ | ५६, १९ , ९० , ४२१.०४ |
| ३११७० | पूँजीगत सुधार खर्च | १३, ६८ , ५८८.०० | १,५०,००,०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | १,५२,५५,६९,७५०.०० | १, ४० , ७१ , ९२ , ९५३.७५ |
| ग) | बचत / कमी (ग = क-ख ) | ६, ३२ , ०५ , ६४४.५८ | ६, ७३ , ०८ , ४४६.१९ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १५,९८,४९,६१३.१२ | २,४२,५१,५२२.३३ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -३६,०७७.९० | -४६,६८०.०६ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | २२, ३० , ५५ , २५७.७० | ९, १५ , ५९ , ९६८.५२ |

| | | | |
|---|---|---|---|
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ६१, १७ ,०४ ,७८९.५८ | ५२, ०१ , ४४ , ८२१.०६ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ८३,४७,६०,०४७.२८ | ६१,१७,०४ , ७८९.५८ |

## ३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।

तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ४३७९९३०८९।– ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु, २५५८९९५९।००, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत)को रु, ३०५८२३।- एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १६३६१९८५ ।– पर्यटन पूर्वधार विकास आयोजना रु, ६४१८६२७।- , राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु. १८७५१००० ।– र गरिबसंग समाजिक विकास कार्यक्रम को रु. ३७५०००।– समेत गरी रु, ५०५७९५४८३.९८ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

## ४ बैङ्क हिसाव विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाबाट पेश भएको सुत्रको आर्थिक वर्ष २०८०।८१ को वार्षिक प्रतिवेदनको संक्षिप्त प्रतिवेदन बमोजिम देहाय अनुसार बैंक तथा स्रेस्ताको मौजदात रकेको विवरण पेश भएको छ । सुत्रको बैंक तथा नगद बाँकी अनुसूची तर्फ रु. ८३४७९६१२५.१८ बाँकी देखिएकोमा म.ले.प फारम २७०-१ प्राप्ती तथा भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनमा कर कट्टी दाखिला रु. ३६०७७।- दायित्व देखिएकोले आ.व. अन्तको बाँकी नगद तथा बैंक मौजदात रु. ८३४७६००४७.२८ देखाएको छ । पालिकाले यस सम्बन्धमा बैंक तथा स्रेस्ता र प्राप्ति भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन बीच रहेको फरक हिसाब मिलान गर्नुपर्दछ ।

| आ.व. : २०८०/८१ अवधी : - स्थानीय तह : तिलोत्तमा नगरपालिका , रुपन्देही | | | |
|---|---|---|---|
| बैंक तथा नगद बाकी | | | |
| यस पालिका अन्तर्गत यो वर्षको अन्तमा निम्नानुसार बैंक तथा नगद बाकी छः | | | |
| बैंकको नाम | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
| एन आई सि एशिया बैंक लि. | ग २.७, विविध खर्च खाता | १, ७१ , ४४ , ३६८.६० | १, ७१ , ४४ , ३६८.६० |
| एन आई सि एशिया बैंक लि. | ग ३.१, स्थानीय तह धरौटी खाता | ६, ३३ , २९ , ४४१.८२ | ६, ३३ , २९ , ४४१.८२ |
| एन आई सि एशिया बैंक लि. | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ५६, १२ , ६४ , ९६९.२८ | ५६, १२ , ६४ , ९६९.२८ |
| एन आई सि एशिया बैंक लि. | ग ५.१, स्थानीय तह विविध कोष खाता | १२, ०७ , ०१६.०० | ४, ९३ , ६७ , २२९.८६ |
| एन आई सि एशिया बैंक लि. | ग ५.१, स्थानीय तह विविध कोष खाता | ९, ४१ , २७२.०० | |
| एन आई सि एशिया बैंक लि. | ग ५.१, स्थानीय तह विविध कोष खाता | ४, ७२ , १८ , ९४१.८६ | |
| एन आई सि एशिया बैंक लि. | ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | १२, ९८ , २८ , ३४०.६४ | १२, ९८ , २८ , ३४०.६४ |
| एन आई सि एशिया बैंक लि. | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १, ३८ , ६१ , ७७४.९८ | १, ३८ , ६१ , ७७४.९८ |
| जम्मा | | ८३, ४७ , ९६ , १२५.१८ | ८३, ४७ , ९६ , १२५.१८ |

## ५ दायित्व भुक्तानी

पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ । पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा गरिएका विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु.३६०७७।- देखाएको छ। एकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,०७७ |

## ६ आन्तरिक नियन्त्रण

यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसमान मर्मत तथा लिलाम गर्नु पर्नेमा सो गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सी खाता राखेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस बर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाईएन ।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा

उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ७ सूचना प्रविधी पद्वति

सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो। यसबाट पालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।
- सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वियन गर्नुपर्नेमा गरेको देखिएन ।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएको आम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

## ८ सफ्टवेयर खरिद तथा उपयोग

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले सफ्टवेयर खरिद गरी देहायबमोजिम खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।पालिकाबाट प्राप्त विवरण अनुसार सफ्टवेयर खरिद तथा उपयोगको अवस्था देहाय अनुसार रहेको देखिन्छ ।

| सफ्टवेरयको नाम | आ. व. | खरिद रकम | प्रयोजन भए नभएको | प्रयोग भएको शाखा | अन्य चार्ज रिनिवल ए.एम.सी. |
|---|---|---|---|---|---|
| दर्ता चलानी | 20७९/ ८० | नखुलेको | प्रयोग भएको | दर्ता चलानी शाखा | विभिन्न सफ्टवेर नवीकरण कार्यक्रमबाट खर्च रु. ११२१४४२ |
| योजना व्यवस्थापन | 20७९/ ८० | नखुलेको | प्रयोग भएको | योजना शाखा | |
| इजलाश | 20७९/ ८० | नखुलेको | प्रयोग भएको | न्यायिक शाखा | |
| व्यवसाय दर्ता | 20७९/ ८० | नखुलेको | प्रयोग भएको | उद्योग शाखा | |
| इ हाजिरी व्यवस्थापन | ७९/ ८० | नखुलेको | प्रयोग भएको | प्रशासन शाखा | |
| जेष्ठ नागरिक आपाङ्गता परिचय पत्र samantrya | 20७९/ ८० | नखुलेको | प्रयोग भएको | महिला वालवालिका तथा जेष्ठ नागरिक शाखा | |
| अनलाइन दरखास्त | 20८०/ ८१ | ४, ८५ , ९०० | प्रयोग भएको | प्रशासन शाखा | ५०००० |
| इ- कार्यपालिका | 20८०/ ८१ | ४, ९७ , २०० | हार्डवेयर सामाग्रि खरिद गरि ८१/ ८२ वाट संचालन मा ल्याइने | आई.टी. शाखा | ५०००० |

## ९ बेरुजु लगत

पालिकाले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको मलेप फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।पालिकाले म. ले. प. फाराम ८०१ – बेरुजु लगत नराखेको तथा म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन । म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवस्था एकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।

## १० मध्यमकालीन खर्च संरचना

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गर्नुपर्दछ । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गर्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्दछ ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिंदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान जानु पर्दछ ।

## ११ वजेट को नीति तथा कार्यक्रम

तिलोत्तमा नगरपालिकाको आ.व. २०८०/८१ को नीति तथा मार्गदर्शन २०८० असार ९ गते नगरसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरूमध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । नगरसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा नै उल्लेखित व्यहोराहरूको कार्यान्वियनको लागि नगरपालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएकाहरू शिक्षा, स्वास्थ्य, कृषि पशुपंक्षि तथा पुर्वाधार संग सम्वन्धित कार्यान्वियन नभएका उदाहरणहरु देहाय अनुसार छन:

- एक विद्यालय एक पुस्ताकालय तथा ई लाइब्रेरी स्थापना गर्न संघीय सरकार र प्रदेश सरकारसंग सहकार्य गर्ने ।
- पालिकाको समन्वयमा पालिकाभित्र रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरुमा संचालन गरिने विभिन्न अतिरिक्त क्रियाकलाप तथा प्रतियोगिताहरु चक्रीय प्रणालीबाट संचालन गरी विद्यार्थीहरुको प्रतिभा र क्षमता विकास गर्न प्रत्साहित गरिने
- संस्थागत विद्यालयहरूमा कम्तिमा १० प्रतिशत गरिब तथा जेहेन्दा छात्रवृति सुनिश्चित गरिनेछ साथै सोको तथ्याङ्क नगरपालिकामा अभिलेखिकरण गर्ने ।
- कम्तिमा महिनाको एक पटक जनप्रतिनिधिहरु विद्यालयको अवलोकन गर्न जाने तथा विद्यार्थी र शिक्षक/शिक्षिकासँग छलफल गर्ने प्रणालीको विकास गर्ने ।
- शैक्षिक संग्राहलय निर्माण गर्ने।
- बालबालिका तथा युवाहरुलाई सृजनशील बनाउन Municipal Innovation center संचालनमा ल्याइने ।
- तिलोत्तमा नगरस्तरीय सुविधा सम्पन्न ल्याव सेन्टरको स्थापना गर्ने ।
- "विषादीमुक्त खानपान तिलोत्तमाको पहिचान" नारालाई आत्मसाथ ओकि गर्दै आर्गानिक खेती र उत्पादनलाई प्रोत्साहन गरिनेछ । पशुपालन, पंक्षीपालन, मौरीपालन व्यवसायलाई प्राथमिकता दिई आवश्यक नीति बनाई अनुदान दिने व्यवस्थासमेत मिलाइने छ । तिनाउ र रोहिणीको नदी उकास जग्गामा उत्पादनमूलक कार्य गर्न प्रोत्साहन गरिने छ । आगामी १ वर्षभित्र ५ बर्षे कृषि योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने ।
- तिलोत्तमा कृषि एम्बुलेन्स संचालनमा ल्याईने ।
- नगर युवा सूचना केन्द्रको स्थापना गर्ने ।
- नगरपालिकामा रहेका व्यापारिक केन्द्र र बजारहरूलाई निजी क्षेत्रसग समन्वय गरी व्यवस्थित गरिने छ । हाल डिपिआर भई निर्माणाधीन अवस्थामा रहेको वडा नं. १० रोहिणीस्थित औद्योगिक ग्रामको निर्माण पुरा गरी निजी क्षेत्रको सहभागितामा सञ्चालनमा ल्याइने।
- नगरपालिकाको वडा नं. १३ मा डि.पि.आर. भैसकेको अटोभिलेज स्थापना गरी संचालन गर्न पहल गर्ने।
- Induction चुलो प्रयोगलाई प्रोत्साहन गर्ने।
- एक वडा एक जेष्ठ नागरिक विश्रामस्थल" अवधारणा अनुसार माहिक "तिलोत्तमा चौपारी" निर्माण गरी जेष्ठ नागरिकको सहज र सम्मानपूर्वक जीवनयापनका लागि उचित वातावरण तयार गर्ने ।

पालिकाले उल्लेखित नीति तथा योजना तयार पारेपनि सो बमजिम प्रभावकारी तरिकाले कार्यान्वियन नभएको पाइयो यसमा पालिकाले ध्यान दिनु पर्ने देखिन्छ।

## १२ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | | कुल खर्च | | चौमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बजेट | | खर्च प्रतिशत | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| पूँजिगत खर्च सुत्र तर्फ | १५३२२ १३५५३ | ७८४३ ३३२५८ | ५१.१८ | ३४६५८३६० | १००२८ ६३६२ | ५८९५८३५३८ | ५६८०४९९८ | २८२४ ८३४३७ |
| पूँजिगत खर्च सुत्र बाहिर | ४०७३४ ६२७ | २२७८ ०६१२ | ५५.९२ | ० | ० | ६४१८६२७ | १६३६१९८५ | १६३६ १९८५ |
| जम्मा पुँजिगत खर्चतर्फ | १५७२९ ४८१८० | ८०७१ १३८७० | ५१.३१ | ३४६५८३६० | १००२८ ६३६२ | ५९६०० २१६५.७६ | ७३१६६९८३ | २९८८ ४५४२२ |
| खर्च प्रतिशत | | | | ४.४१ | १२.७८ | ७३.८४ | ९.०६ | ३७.०२ |

पालिकाको सुत्रबाट प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. ८० करोड ७१ लाख १३ हजार भएकोमा प्रथम त्रैमासिकमामा रु, ३ करोड ४६ लाख ५८ हजार अर्थात ४.४१ प्रतिशत , दोश्रो त्रैमासिकमा रु.१० करोड २ लाख ८६ हजार अर्थात १२.७८ प्रतिशत, तेस्रो त्रैमासिकमा रु. ५९ करोड ६० लाख २ हजार अर्थात ७३.८४ प्रतिशत, चौथो त्रैमासिकमा रु.७ करोड ३१ लाख ६६ हजार अर्थात ९.०६ प्रतिशत र असार महिनामा मात्रै रु.२९ करोड ८८ लाख ४५ हजार अर्थात ३७.०२ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ । आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

## १३ योजनाको प्राथमिकीरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार योजनामा वजेट विनियोजन गरेको छ।

| रु.१ लाख सम्म | रु.१ लाख देखि २ लाखसम्म | रु.२ लाखदेखि ५ लाखसम्मका | रु.५लाख देखि १० लाखसम्मका | रु.१० लाखभन्दा बढीका | जम्मा |
|---|---|---|---|---|---|
| २५१ | २१४ | ४०६ | १०७ | ७१ | १०४९ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा १०४९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २५१ वटा र १ लाख देखि २ लाख सम्मका २१४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

## १४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ९,००,००,००० | ५,४२,२५,८३२ | ६०.२५ |
| २ | पूर्वाधार विकास | १,२१,४४,१८,८५६ | ५७,११,४८,०९० | ४७.०३ |
| ३ | सामाजिक विकास | ६३,४३,७५,६३६ | ५६,७८,७२,६६४ | ८९.५२ |
| 4 | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ९,३९,८०,००० | ६,३९,२४,४२९ | ६८.०२ |
| 5 | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३८,१६,१५,५८९ | २६,८३,९८,७३३ | ७०.३३ |
| | | २४१४३९००८२ | १५२५५६९७५० | ६३.१८ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ८९.५२ प्रतिशत र पूर्वाधार विकास मा सबै भन्दा घटीमा ४७.०३ प्रतिशत रहेको छ । पालिकाले बजेट बिनियोजन गर्दा चालु खर्च घटाई पुँजिगत खर्चमा बृद्धी गरी खर्च गर्नुपर्दछ।

## १५ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १६ सेवाप्रवाहको स्थिति

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| जन्मदर्ता | २००३ | २००३ |
| मृत्युदर्ता | ७७६ | ७७६ |
| बसाईसराई दर्ता | १०४० | १०४० |
| विवाह दर्ता | १०७२ | १०७२ |
| सम्बन्धविच्छेद दर्ता | १२५ | १२५ |

## १७ कानुन निर्माण र कार्यान्वयन

यसमा निम्न व्यहोरा देखिएका छन्

**(क) कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई

उपलब्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या हालसम्मको ३१ वटा ऐन, ७ वटा नियमावली, ६५ कार्यविधि, ८ निर्देशिका १ नर्म्स लगायत ११२ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । जसमध्ये आ.व. २०८०।८१ मा ४ वटा ऐन, १ वटा नियमावली, ७ वटा कार्यविधि गरी जम्मा १२ वटा कानुन निर्माण गरी कार्यान्वयन गरेको पाईयो। पालिकाकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नु पर्दछ ।

**(ख) न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो बर्ष थप २१ विवाद गरी जम्मा २६ उजुरी दर्ता भएकोमा २२ वटा फछ्र्यौट गरी ४ वटा बाँकी रहेको छ।

१८ **राजस्व व्यवस्थापन**

यसमा निम्न व्यहोरा देखिएका छन्

१८.१ **कर तथा शुल्क असुली** – पालिकाबाट यस वर्ष आन्तरिक आय तर्फ विभिन्न राजस्व शीर्षकमा राजस्व संकलन गरिएको छ । पालिकाबाट प्राप्त विवरण अनुसार ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्व शीर्षक | अनुमान | आम्दानी |
|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | ५०००००० | ५६९४०३२८.२९ |
| २ | ११३१४ - भुमिकर/मालपोत | ० | ४०,३६६.१० |
| ३ | ११३१७ - वहाल कर | ५००००००० | ४०९२५९९९.०३ |
| ४ | ११३१८ - वहाल विटौरी कर रु २२३१९२१ | १२५००००० | १९७०२०५२ |
| ५ | ११४५१ - सवारी साधन कर ( साना सवारी) | ० | १४,७५०.०० |
| ६ | ११४७९ - अन्य मनोरञ्जन कर | ५०,०००.०० | ० |
| ७ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ३९५०००० | ११,५००.०० |
| ८ | ११६९१ - अन्य कर | ० | १६२४७१ |
| ९ | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ० | ३,०००.०० |
| १० | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ७००००० | ४११९४४८ |
| ११ | १४२२१ - न्यायिक दस्तूर | ० | १,०१५.०० |
| १२ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ० | ६३,२७२.०० |
| १३ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | २१२६९० |
| १४ | १४२४२ - नक्सापास दस्तुर | ४००००००० | २२९६४१९४.४९ |
| १५ | १४२४३ - सिफारिश दस्तुर | ६८०००००० | ४५९४१२०४.३८ |
| १६ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००० | १२५०६१९ |
| १७ | १४२४५ - नाता प्रमाणित दस्तुर | ० | ८,२५०.०० |
| १८ | १४२४९ - अन्य दस्तुर | १००००००० | ९५०२०९.५२ |
| १९ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | २९३७३६५ |
| २० | १४२६५ - अन्य क्षेत्रको आय | ५०,०००.०० | १५५२८९२० |
| २१ | १४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत | १००००० | ६२९४१४ |
| २२ | १४३१३ - धरौटी सदरस्याहा | १००००० | २७०५८०४ |
| २३ | १४५२९ - अन्य राजस्व | १०००००० | ८४४८२०६.५ |
| २४ | १४६११ - व्यवसाय कर | ३००००००० | २१९०३९४०.४ |
| | आन्तरिक राजस्व तर्फ जम्मा | २६७४५०००० | २४५४६५०१८.७१ |
| | बहाल विटौरी कर सुत्रमा रु. २२३१९२१ देखिएकोमा हिसाब मिलान रिभर्स (रु. २६१७८६९) मलेनिका लाई लेखेको | | |
| | विभाज्य कोष - अनुमान | असुली | ६० प्रतिशत प्रदेश पठाएको बाहेक |
| १ | मनोरञ्जन कर - ५०००० | १६७७३४८ | १००६४०८ |
| २ | विज्ञापन कर -१०००००० | १६२५०५० | ९७५०३० |
| ३ | नदीजन्य पदार्थ विक्रि दहत्तर बहत्तर - १२०००००००० | १०७०१५८९० | ६४२०९५३४ |

| | | | |
|---|---|---|---|
| | जम्मा | ११०३१८२८८ | ६६१९०९७२ |
| | कुल आन्तरिक आय - ३८८५००००० | | ३११६५५९९१ |

पालिकाले बहाल बिटौरी तर्फ गो भो नं १ बाट नगद आम्दानी भई गो भौ नं २ बाट बैंक दाखिला गरेको रकम सिस्टमले पुन:भौ नं १९०९ बाट सोही रकम आम्दानी जनाईदिएको हुँदा सुत्रमा आन्तरिक राजस्व तर्फ रु. २४८०८२८८७।०० देखाएकोमा बहाल बिटौरी तर्फको रु.२६१७८६९।०० हिसाब मिलानका लागि म. ले.नि.का. पत्राचार गरेको जनाएको छ जसले गर्दा आन्तरिक राजस्व तर्फको यथार्थ असुली रु.२४५४६५०१८।७१ भएको पालिकाले पेश गरेको छ ।

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१८.२ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर र विभाज्य कोषको साठी प्रतिशत न.पा. अंश समेत अनुमानित रु.३८ करोड ८५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३१ करोड १६ लाख ५५ हजार ९९२ अर्थात अनुमान भन्दा २० प्रतिशत घटी आम्दानी भएको देखिन्छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१८.३ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २०३१३६५२३३.९८ | ३११६५५९९१.५ | १५.३४ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १५.३४ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१८.४ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ३ करोड संकलन गर्ने अनुमान गरेकोमा रु. २४८५२८०५।– अर्थात १८ प्रतिशत घटी कर संकलन गरेको छ । साथै पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१८.५ **सवारी कर** :स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष पालिकाले यस शीर्षकमा रु.१४७५०। मात्र संकलन गरेको पाईयो । पालिकामा हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

१८.६

**मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । पालिका भित्र संचालनमा रहेका अन्य पार्क तथा वन वाटिकाहरुले टिकट मार्फत शुल्क उठाउने गरेकोमा मनोरञ्चन कर लिएको देखिएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

## १९ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण अभिलेख राख्नु पर्दछ ।

**जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षणको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

**मालसामानको गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

**पाम्सको प्रयोग** - नेपाल सरकार मन्त्रीपरीषद्को २०७७/७/२० को निर्णय अनुसार सबै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तीको लेखाङ्कन, प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ र प्रदेशका सवै सरकारी कार्यालयहरू एवं सवै स्थानीय तहमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) आर्थिक वर्ष २०७७/७८ देखि अनिवार्य रूपमा लागू गरेको छ । पालिकाले मर्मत तर्फको सामानहरू तथा ईन्धन विवरण समेत पाम्समा रेकर्ड अद्यावधिक नगरेको कारण कुन कुन सामान कुन मेशिन औजारको मर्मतमा प्रयोग भएको हो यकिन हुन सकिने अवस्था रहेन, अतः सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

## २० विपद व्यवस्थापन कोष (प्रकोप)

आपतकालीन विपदको रोकथाम र भैपरी आउन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गरी पालिकाले विपद व्यवस्थापन कोषको स्थापना गरेको छ। पालिकाको विपद व्यवस्थापन कोषमा आ.व. २०८०।८१ मा कुल रकम रु. १ करोड ५५ लाख ७७ हजार ५६३ आम्दानी रहेकोमा रु, ६२ लाख ५४ हजार ४२६ रकम खर्च भई जम्मा रु. ९३ लाख २३ हजार १३७ बाँकी रहेको पाइयो।यसरी विपद व्यवस्थापन कोषको रकम खर्च गर्दा पालिकाको विपद व्यवस्थापन कोष सम्बन्धी कार्यविधिको परिधिभित्र रही खर्च गर्नु पर्दछ। यस सम्बन्धी विवरणहरु देहाय बमोजिम छन :

(क) पालिकाले राहत वितरण सम्बन्धि कार्यविधि तर्जुमा गरेको पाईएन । पालिकाले विपद् प्रभावित एकिन गरेर राहत तथा सामाग्री उपलब्ध गराउनुपर्नेमा राहत प्राप्त गर्ने व्यक्ति वास्तविक विपद प्रभावित हुन् वा होइनन् यकिन हुन सकेन । तसर्थ पालिकाले वास्तविक पिपद प्रभावितलाई एकिन गरेर मात्र राहत उपलब्ध गराउनु पर्दछ ।

(ख) पालिकाले प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधरणको जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृति एवं सास्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा क्षतिपुर्ति स्वरुप दिईने राहत लागि विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी कार्यविधि तर्जुमा गरेकोमा कार्यविधि विपरित विभिन्न योजनहरुको मर्मत कार्यमा खर्च गरेको पाईयो । यस्तो खर्च प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

(ग) विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा नियमावली २०७६ मा विपद व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार उल्लेख गरिएको छ पालिकाले ऐन तथा नियमावलीमा तोकिएको कार्यहरु गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नु ,गराउनु पर्दछ।

२१ **प्रकोपका सामाग्रीहरु खरिदमा जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को दफा १०० मा सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको स्रेस्ता प्रत्येक कार्यालयले खरिद गर्दा तथा हस्तान्तरण भई आउदा मालसामानको परिमाण र मूल्य समेत खुल्ने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ। तर पालिकाले देहाय बमोजिमका भौचरबाट खरिद सामाग्रीहरुको नाम, परिमाण र मुल्य समेत नखुलाई जिन्सी स्रेस्ता राखेको पाइयो। तसर्थ खरिद गरेको मालसामानको नाम र स्पेशिफिकेशन सहितको जिन्सी दाखिला भएको प्रमाण पेश गर्नु पर्ने रु.

| शीर्षकको नाम | गो. भौ . र मिति | खरिद सप्लायर्सको नाम | रकम | सामाग्रीहरु |
|---|---|---|---|---|
| प्रकोप व्यवस्थापन कोष | ४७- २०८१।२।६ | फिस्टेल सप्लायर्स | ९८६४०७ | climbing rope, tarpaulin समेत अन्य विपद व्यवस्थापन सम्बन्धि सामाग्री |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४९२,६०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५३,०५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८६,४०७ |

२२ **अस्तित्वमा नरहेको कार्यालय वा आयोजनाको धरौटी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ७१ (१) मा कुनै कार्यालय खारेज हुँदा वखत धरौटी रकम बाँकी रहन गएमा सम्बन्धित केन्द्रीय निकायले तोके बमोजिम सो कार्यालयको दायित्व र जिम्मेवार लिने कार्यालय वा आयोजनामा बुझाउनु पर्ने र सोही नियमको उपनियम (२) र (३) मा यस नियमावली प्रारम्भ हुँदा वखत अस्तित्वमा नरहेको कार्यालयको धरौटी फिर्ता गर्न ३५ दिनको सूचना प्रकाशन गर्ने र त्यसरी सूचना गर्दा माग दावी पेश नभएमा नियम ६८ बमोजिम राजस्वमा आम्दानी बाध्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस चालु आ.व.मा धरौटी अल्या गर्दा नगरपालिका स्थापना हुनु अगावै गा.वि.स. हुँदा वखत घर निर्माणका लागि धरौटी जमानत राखिएको र सो समयमा राखिएको व्यक्तिगत धरौटी खाताको स्पष्ट विवरण समावेश गरेको छैन।जसले गर्दा वास्तविक धरौटी रकम कति हो भन्ने बारे यकिन गर्न सकिने अवस्था छैन। यसरी अस्तित्वमा नरहेको कार्यालयको धरौटी रकमलाई यकिन गरी सदरस्यहा गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

२३ **स्रोत नखुलेको धरौटी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ६४(२) बमोजिम कार्यालयले धरौटीको लेखा अद्यावधिक राखी एक आर्थिक वर्षमा बाँकी रहेको धरौटी अर्को आर्थिक वर्षको लागि जिम्मेवारी सार्नु पर्नेछ । त्यसरी जिम्मेवारी सार्दा प्रत्येक वर्ष धरौटी रकमको छुट्टै बैङ्क नगदी किताब समेत राखी कुन काम बापत धरौटी जम्मा हुन आएको हो सो व्यहोरा समेत खुलाई सार्नु पर्ने व्यवस्था छ।त्यसैगरी सोही ऐनको दफा ६७ मा म्याद भित्र धरौटी फिर्ता लिन नआएमा नियमानुसार सदरस्यहा गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आ.व. २०७५।७६ को धरौटीमा स्रोत नखुलेको भनी एकमुष्ट धरौटी रकम रु, ८६७१९२ लाई यस आ.व. २०८०।८१ मा

बाँकी राखेको छ।यसरी स्रोत नखुलेको धरौटी खातामा राखिएको धरौटी रकमलाई पालिकाले कानुन बमोजिम प्रक्रिया पुरा गरी उक्त स्रोत नखुलेको धरौटी यकिन गरी फिर्ता गर्नु पर्ने वा नियम अनुसार सदरस्यहा गर्नु पर्ने रु,

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,६७,१९२ |

२४ **मु.अ.कर समायोजन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा सार्वजनिक निकायले खरिद सम्झौता वापतको अन्तिम बिल भुक्तानी गर्दा आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायका फर्म तथा सप्लायर्सहरुलाई धरौटी रकम फिर्ता गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट मूल्यअभिवृद्धि कर समायोजन गरेको पत्र पेश नभएको रु.

| भौ. न . र मिति | फर्मको नाम | धरौटी फिर्ता |
|---|---|---|
| १४४- २०८१।३।९ | कल कन्स्ट्रक्शन प्रा. लि . | २५०००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

२५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९९ वटा सहकारी संस्था रहेका छन्।

त्यसैगरी पालिकामा प्राप्त विवरण अनुसार जम्मा ९९ सहकारी मध्ये २८ वटा सहकारीहरुको अनुगमन निरीक्षण गरी प्रतिवेदन तयार भएको छ भने बाँकी ७१ वटा सहकारीहरुको प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२६ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरी आर्थिक सहायतमा पालिकाले यो वर्ष रु. ९९५०००।- वितरण गरेको छ। पालिकाबाट आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ। साथै यस्तो आर्थिक सहायतालाई सार्वजनिक गर्नुपर्दछ।

२७ **बिविध तथा होटेल खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ३ मा योजना बनाउदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने जनताको जिवनस्तर, आम्दानी, रोजगार बढने जस्ता योजनालाइ प्राथमिकता दिइ बजेट विनियोजन गरी खर्च गर्नुपर्नेमा व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविध खर्चमा रु. ७९३१०००।खर्च गरेको छ ।पालिकामा कार्यरत कर्मचारी,स्थानीय तह प्रदेश तथा कार्यालयबाट आउने कर्मचारी तथा जनप्रतिनिधि चिया, खाजा, नस्ता, खानामा होटेल विल राखी खर्च लेखेकोले पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२८ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा

पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

२९ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३० **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखि रु. २१७९३४३४।खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।पालिकाले माथि उल्लेखित पद वाहेकका अन्य विभिन्न अधिकृत छैठौ, सहायक कम्प्युटर, इन्जिनियर, सव इन्जिनियर, सहायक चौथो पदमा कर्मचारी करार नियुक्त गरी रु १०६०३३०७।- खर्च लेखेको छ भने पालिकाले स्वीकृती दरवन्दी भन्दा बढी २ जना अमिन १ जना फिल्ड सहायक नियुक्त गरी रु.१२८३१७८।- खर्च लेखेको रकम नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १२,८३,१७८ |

३१ **दरवन्दी भन्दा बढी काज कर्मचारी**

स्वास्थ्य सेवा ऐन २०५३ को दफा ८ (ख)मा सार्वजनिक निकायले कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै व्यक्तीलाई करारमा वा ज्यालादारीमा नियुक्त गर्न नपाइने व्यवस्था छ । त्यस्तै कर्मचारी समायोजन ऐन २०७५ को दफा ९(१) मा कर्मचारी समायोजन गर्दा समेत प्रदेश वा स्थानीय तहको सेवामा स्वीकृत भएको दरवन्दी पुर्ति हुन नसकी रिक्त रहेको अवस्थामा मात्र पुल दरवन्दी कायमा भएका सम्वन्धित सेवा समुहका कर्मचारी मध्येबाट निज वहाल रहेको पदसंग मिल्दोजुल्दो तहको कर्मचारीलाइ काजमा खटाउन सकिने व्यवस्था छ । पालिकामा स्वास्थ्य सेवाको लागि स्वीकृत दरवन्दी अनुसार जनशक्तिको पदपुर्ति रहेको अवस्थामा दरवन्दी भन्दा १५ जना बढी कर्मचारीलाइ काजमा राखि वार्षिक रु ११२७९९५९।- खर्च लेखी बढी व्यभार पारेको छ । अत :स्वीकृत दरवन्दी भन्दा बढी कर्मचारी काजमा राखी खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,१२,७९,९५९ |

३२ **स्वकीय सचिव**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड अनुसार खर्च गरेको देखाए तापनि सो परिपत्रको आधारमा खर्च गर्न मिल्दैन । पालिकाले नगर प्रमुखको लागि यस वर्ष १ जना

स्वकीय सचिव नियुक्त गरी मासिक रु ३४७३०।का दरले चाडपर्व खर्च र पोशाक समेत रु ४६१४९०।पारिश्रमिक भुक्तानी दिएको छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐनमा व्यवस्था नभएकोमा स्वकीय सचिव नियुक्त गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,६१,४९० |

### ३३ कर्मचारी प्रोत्साहन भत्ता

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,८३७,१३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

### ३४ दैनिक भ्रमण भत्ता

भ्रमण खर्च नियमावली २०६४ को नियम ७ मा सरकारी कामको सिलसिलामा मुलुकभित्र भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसुचीमा उल्लेख भए बमोजिम दैनिक भत्ता पाउने उल्लेख छ ।पालिकामा कार्यरत कर्मचारी तथा पदाधिकारीको मुख्य कार्यक्षेत्र पालिका भित्रको स्थान रहेकोमा पालिकाबाट कर्मचारी र जनप्रतिनिधिहरु विभिन्न मितिमा पालिका भन्दा बाहिर काठमाण्डौ, प्रदेश राजधानी लागायका विभिन्न स्थानमा सरकारी कामकाजको लागि भ्रमण गरी दैनिक भ्रमण भत्तामा रु २४१००००। खर्च लेखेको छ । भ्रमणमा खटिने कर्मचारी तथा जनप्रतिनिधिहरुले सरकारी कामकाजको लागि भनि पटक पटक भ्रमण वा काजमा खटिएकोमा भ्रमण भत्ता लिने गरेको तर भ्रमणमा सम्पादन गरेको सरकारी काम विवरण सहित भ्रमण प्रतिवेदन पेश गरेको देखिएन । सरकारी कामको सिलसिलामा भ्रमण वा काजमा जाने पदाधिकारी तथा कर्मचारीले भ्रमण समाप्त भएपछि भ्रमण प्रतिवेदन पेश गरेर मात्र खर्च लेख्नु पर्दछ ।सरकारी कामकाज वेगर काजमा खटिएको भनि भ्रमण आदेश स्वीकृत गरी खर्च लेख्ने कार्यमा पालिकाबाट नियन्त्रण गर्नुपर्दछ ।साथै भ्रमण गर्दा भ्रमणको उद्देश्य स्पष्ट खुलाएर मात्र भ्रमण गर्नुपर्दछ।

### ३५ स्थानीय तहका पदाधिकारी सुविधा

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी कार्यविधि, २०७७ मा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.१ करोड ७७ लाख ८८ हजार सुविधा वापत भुक्तानी भएको विवरण पेश भएको छ ।

| विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष १७ जना | कार्यपालिका सदस्य ७ जना | सभाका सदस्य ६३ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| यातायात खर्च | - | - | १२००० | ७००० | ३५०० | ५६८२००० |
| टेलिफोन, मोबाइल | ४००० | ४००० | ३००० | ३००० | २५०० | २८५०००० |
| पुस्तक, पत्रिका , ईन्टरनेट | ५००० | ५००० | ४००० | ३००० | २००० | २७००००० |
| समन्वय तथा सहजीकरण | १३००० | ८००० | ७००० | ५००० | ३००० | ४३६८००० |
| अतिथि सत्कार | ७००० | ६००० | ६००० | - | - | १३८०००० |
| चाडपर्व खर्च | १५००० | १५००० | १२००० | १०००० | ८००० | ८०८००० |
| जम्मा | ४४००० | ३८००० | ४४००० | २८००० | १९००० | १७७८८००० |

### ३६ बैठक भत्ता

लुम्बिनी प्रदेशको सार्वजनिक खर्च संचालन निर्देशिका २०७९ को बुदा न ४ मा सार्वजनिक निकायले कार्यालयको आर्थिक दायित्व पर्ने गरी बैठक संचालन गर्दा बैठक कार्यालय समय भन्दा अघि वा पछी वसेको हुनुपर्ने बैठकको लागि विशेषज्ञ सेवा आवश्यक पर्ने भएमा बढी ३ जना सम्मलाई आमन्त्रि गरी बैठकमा सहभागि गराउन सकिने उल्लेख छ ।पालिकाले गो.भौ.न. ०८०।६४४।८।२६¬- बाट बोलपत्र तथा दरभाउ पत्रको मुल्यकंन समितिको बैठक विभिन मितिमा २७ पटक बैठक वसेकोमा समितिका ४ जना र आमन्त्रित ३ जना समेत जम्मा ७ जनाको रु. ७०००।- का दरले रु. १८९०००।- बैठक भत्ता खर्च लेख्नु पर्नेमा रु. २९८०००।- खर्च लेखेकोले बढी खर्च लेखेको रु.१०९०००।- को कर कट्टा गरी असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,६५० |

३७ **फरफारक समितिको वैठक भत्ता**

स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय निकायले संचालन गरेका योजनाहरुको कार्यान्वयनको लागि उप मेयरको संयोजक समितिले पालिका भित्र रहेका योजनाहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।पालिका भित्र संचालित योजनाहरुको उप मेयर संयोजक समितिले योजनाहरुको अनुगमन गरी अनुगमन भत्ता लिएको देखिन्छ ।पालिकाले उप मेयर संयोजक रहेको समितिले अनुगमन गरेका लगायतका योजनाको मेयरको संयोजकत्वमा फरफारक समिति गठन गरी विभिन्न मितिमा बैठक बसी रु. ७१४०००।- खर्च लेखेको छ । उप मेयरको समितिले अनुगमन गरी प्रतिवेदन पेश गरेकोमा पुन: फरफारक समिति गठन गरी योजनाहरुको फरफारक समितको बैठक भत्ता लेखेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,१४,००० |

३८ **मेला पर्व तथा संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार व्यापार मेला तथा संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष कार्यपालिकाको निर्णयबाट देहायअनुसारका संस्थालाई मेला पर्व व्यवस्थापन लगायतमा अनुदान दिएकोले यस्ता सहयोग दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| गो भौ न | सहयोग पाउने सस्था | सहयोग रकम |
|---|---|---|
| ४८३।०८०।८।१० | जेसिई तिलोत्तमा | ४९३००० |
| ८९३।०८०।९।२९ | किवानिज क्लव रुपन्देही | २५०००० |
| १६०२।०८१।१।२० | राष्ट्रिय प्राङ्गारिक कृषि मेला | ३००००० |
| १६२७।०८१।१।२३ | तिलोत्तमा व्यापार मेला तथा कृषि एंव पर्यटन महोत्सव | ७५०००० |
| ८५।०८०।८।२५ | लिस्नु युवा क्लव | ३९५००० |
| जम्मा | | २१८८००० |

३९ **विल भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली , २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकमा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्दछ।पालिकाले देहाय बमोजिमका विल भर्पाई पेश गर्दा अपुग विल पेश भएको र सोको प्रमाण पेश नभएकोले असुल गर्नुपर्ने रु.

| गो.भौ. र मिति | वापत | हुनुपर्ने विल पेश | भएको | अपुग |
|---|---|---|---|---|
| नपा चालु २०२०-२०८१।२।२१ | विविध खर्च | २३१३० | ५८२० | १७३१० |
| संघ चालु ४२३-२०८१।३।१७ | इम्पालन्ट तालिम | १८०४९४ | १६७०९४ | १३४०० |
| संघ चालु ४५६-२०८१।३।२० | नियमित खोप कार्यक्रम | ३७४००० | ३३४२०० | ३९८०० |
| संघ चालु ४७२-२०८१।३।२१ | अर्धवार्षिक तथा वार्षिक समिक्षा कार्यक्रम | ३४२०० | ३२२०० | २००० |
| नपा पूजिगत ६२७-२०८१।१।१० | सामाजिक सुरक्षा सम्बन्धी अभिमुखी कार्यक्रम | २९४०४१ | २८७७४१ | ६३०० |
| | | | | ७८८१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७८,८१० |

४० **इन्धन खर्च**

स्थानीय सरकार संचालन ऐन २०७४ मा पालिकाले बजेट विनियोजन गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने योजनामा बजेट विनियोजन गर्नुपर्ने उल्लेख गरेको छ । त्यसै गरी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ को दफा ४ मा स्थानीय तहका पदाधिकारीलाई सम्वन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउने र अनुसुचीमा उल्लेख भए अनुसार सवारी साधन प्रयोग गर्ने पदाधिकारीलाई मासिक १२० लिटर इन्धन र त्रैमासिक रुपमा ५ लिटर मोविल उपलब्ध गराउने उल्लेख गरेको छ ।पालिकामा कार्यरत कर्मचारीले प्रयोग गर्ने सरकारी तथा प्राइभेट मोटरसाइकललाई मासिक १० लिटरको दरले र अन्य सवारीसाधनमा इन्धन प्रयोग गरी रु. ८००००००।- खर्च लेखेको छ । पालिकाले सवारी साधनमा भएको इन्धनको खर्चको अभीलेख र इन्धन खर्चको विलसगै इन्धन प्रयोग भएको कुपन नम्वर सवारी साधनको नम्वर र इन्धनको परीमाण समेत उल्लेख गरी खर्च लेखनुपर्नेमा इन्धनको परीमाण र रकममात्र उल्लेख गरेकोले कुन कुन साधनमा कति मात्रामा इन्धन प्रयोग भएको भनि यकिन गर्न सकियन । अत : पालिकाले इन्धन प्रयोग हुने सवारी साधनवाइज अभिलेख राख्ने र कानुनमा उल्लेख भए अनुसार कर्मचारी तथा पदाधिकारीले प्रयोग गर्ने सवारी साधनमा मात्र इन्धन खर्च लेखी इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४१ **विज्ञापन वोर्ड कोष खाता कट्टी**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६कको उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । नमुना छनोट गरी लेखापरीक्षण गरेकोमा पालिकाले निम्न सुचनाहरु पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनवापत रु.४१९१२०।- खर्च लेखेमा नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा नगरेको रु.

| गो.भौ.न | पत्रिकाको नाम | भुक्तानी रकम रु. | ३ प्रतिशत कट्टा नगरेको |
|---|---|---|---|
| १८७।८।१८ | रुपन्देही मिडिया नेटवर्क प्रा ली | १०९२०० | ३२७६ |
| ७७०।९।११ | तिलोत्तमा सिटी | ३७५०० | ११२५ |
| ९८३।१०।१७ | ग्रिक मिडिया प्रा ली | ९९६६६ | २९८९ |
| १०२५।११।२६ | रुपन्देही मिडिया नेटवर्क प्रा ली | १७२७५४ | ५१८२ |
| जम्मा | | | १२५७२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,५७२ |

४२ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर प्रति विद्यार्थी रु १५ रुपैयाका दरले १८० दिन सम्म खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा ५ सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने उल्लेख छ । संघीय सरकारको ससर्त कार्यक्रमबाट प्रति विद्यार्थी रु. १५ का दरले दिवाखाजा उपलव्ध गराउदै आएकोमा पालिकाले बाल विकास कक्षा देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको थप रु.१० का दरले हुने रु १२१७८२६०।- र कक्षा ६ का विद्यार्थीलाई रु. २५ का दरले रु. ५८१६९५०।- समेत जम्मा रु. १७९९५२१०।- पालिकाको चालु कार्यक्रमबाट दिवा खाजामा खर्च लेखेको छ।कार्यक्रम कार्यान्वयन पुस्तिकामा संघीय सरकारबाट तोकीए बाहेकका अन्य कक्षाका विद्यार्थीहरुका लागि स्थानीय तहले आफनै श्रोतबाट खाजा ब्यवस्थापन गर्न सकिने उल्लेख छ । पालिकाले दिवा खाजाको संघीय सरकारले दिएको रकममा कक्षा ५ सम्म रु. १० र कक्षा ६ मा रु. २५ थप गरी समानीकरणबाट रु. ५००००००।-, लुम्विनी प्रदेशबाट रु. ३२०६१४५।- दिवा खाजामा खर्च लेखेकोले कार्यान्वयन पुस्तिकामा उल्लेखीत आन्तरिक श्रोतबाट खर्च नलेखी अन्य श्रोतबाट थप दिवा खाजा खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८२,०६,१४५ |

४३ **तिज कार्यक्रमा**

गो भौ न २०८०।६।२२- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, चाडपर्व एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । परम्परागत धर्म सस्कृतको संरक्षण गर्नको लागि मनाउने चाडपर्वले मौलिकता झल्किने गरी आफनै घर आँगन वा चौतारीमा पर्व मनाइ खर्चमा मितव्ययी ल्याउनु पर्नेमा तिज कार्यक्रम द.एस.आर. होटेल एण्ड इभेन्टस प्रा.ली. मा मानाउनको लागि पालिकाबाट रु. १९५०००।- खर्च लेखेकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४४ **विद्युत महशुल जरिवाना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा राख्नुपर्ने लेखा ठीक संग नराखेको कारणबाट कुनै हानी नोक्सानी भएमा जिमेवार व्यक्तीबाट असुल गर्ने व्यवस्था छ।धार, पानी, टेलीफोन, विजुली जस्ता कार्यालय संचालन खर्चहरु तोकिएको अवधिमा छुट समेत प्राप्त गर्ने अवधि भित्र भुक्तानी गरिसक्नु पर्दछ ।तर पालिकाले देहाय बमोजिमको विद्युत महशुल तिर्दा कार्यालयलाई थप आर्थिक व्यभार पर्ने गरी जरिवाना सहित विद्युत महशुल बिल भुक्तानी गरेकोले नियमसंगत नदेखिएको रु.

| गो. भौ . नं . र मिति | महशुल तिरेको कार्यालय | भुक्तानी रकम रु. | जरिवाना रकम रु. |
|---|---|---|---|
| ३१- २०८०।५।२६ | शहरी स्वास्थ्य केन्द्र भलवारी | २५००० | ११०२ |
| १४४- २०८०।६।१५ | कहरिया स्वास्थ्य चौकी | १३१९०० | २६३४५ |
| १६१- २०८०।६।१५ | वडा नं. ३ को कार्यालय | ४५००० | ५९९३ |
| २२१- २०८०।६।२५ | सिक्सलेन सडकको महशुल | ११३९७०६ | ९६४३७ |
| ४५४- २०८०।७।२३ | आनन्दबन स्वास्थ्य चौकी | ५५३८० | ९२५६ |
| ५०१- २०८०।८।११ | शंकरनगर स्वास्थ्य चौकी | ३९१७९ | ६४५९ |
| १००४- २०८०।१०।२४ | सिक्सलेन सडकको महशुल | १००९१९८ | ८९७६३ |
| जम्मा | | | २३५३५५ |

| अनियमित भएको | २,३५,३५५ |
|---|---|

४५ **अग्रिम कर कट्टी**

आयकर ऐन, २०५८ को दफा ८९ मा विल बमोजिम रकम भुक्तानी गर्दा स्रोतमा करकट्टी गर्नु पर्ने व्यवस्था छ ।पालिकाले संघीय सशर्तको ग.भौ. नं. ३०५-२०८१।२।२४ बाट श्री पशुपति मा.वि.लाई सुधार योजनाको बिल बमोजिम अनुदान रकम रु. १८३९८४७ भुक्तानी भएकोमा सोही अनुदान भुक्तानीमा अग्रिम आय कर रु. २४४२३ कट्टी नभएकोले कानुन बमोजिम करकट्टी गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २४,४२३ |
|---|---|

४६ **परीक्षा संचालन खर्च**

नेपाल सरकारले माध्यमिक विद्यालय सम्म निशुल्क शिक्षा संचालन गर्ने निति रहेको छ ।पालिकाले कक्षा ८ र कक्षा ५ को परीक्षा संचालनको लागि बजेट विनियोजित गरी कक्षा ८ को लागि रु.२११७४०५।- र कक्षा ५ का लागि रु.१२८६३६५।- समेत जम्मा रु. ३४०३७७०।- परीक्षा संचालनमा खर्च गरेको छ ।नेपाल सरकारले माध्यामिक विद्यालयसम्मको पढाई निशुल्क गरेकोमा पालिकाले कक्षा ८ को परीक्षा एस.इ.इ. मोडेलमा संचालान गर्ने भनि सोहि अनुरुप परीक्षासंचालनमा खर्च गरेकोले पालिकाले आन्तरिक आयलाई समेत विचार गरी परीक्षा संचालन खर्चमा मितव्ययीता अपनाई खर्च गर्नुपर्दछ ।

४७ **सडक वत्ती**

पालिकाको उज्यालो तिलोत्तमा कार्यक्रमको स्वीकृत बजेट अनुसार नगर भित्रका सामुदायिक सडक पोलमा जडान गरेको बत्ती र सिक्स लेन सडकमा जडान भएका सडक बत्तीको शुल्क यस वर्ष नेपाल विद्युत प्राधिकरणलाई रु.७९३१०००।- भुक्तानी गरेको छ । प्रत्येक वर्ष पालिका भित्र सडक विस्तार सगै सार्वजनिक सडकको पोलमा वत्ति जडान संख्या पनि बढदै जाने र सडक वत्तीको खर्चमा बृद्धी हुदै गएको देखिन्छ ।पालिकाले बढदै गएको सडक वत्ति खर्चलाइ ध्यान दिदै आगामी दिनमा हुने खर्चलाई व्यवस्थापन गर्न नेपाल विद्युत प्रधिकारण, टोल विकास संस्थासग समन्वय गर्ने र पालिकाको आन्तरिक आय बढाउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

४८ **पत्रकारको क्षमता विकास तालिम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा १ मा पालिकाहरुले आफनो अधिकारक्षेत्र भित्रका स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाइ लागु गर्नु पर्ने उल्लेख छ ।पालिकाको आफनो कार्यक्षेत्र भित्र नपर्ने पत्रकारहरुको क्षमता विकासको तालिम संचालन गरी रु.४९५३९२।- खर्च लेखेको छ । पत्रकारहरुको क्षमता विकास तालिम पत्रकार महासंघबाट आवश्यक्ताको आधारमा संचालन हुने हुँदा पालिकाले तालिमा संचालन गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ४,९५,३९२ |
|---|---|

## ४९ छाडा चौपाया व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट रु. १०००००.- र संघीय कार्यालय रु. १९९१४५।- बजेट विनियोजन गरी नेपाल अन्तरास्ट्रिय कृष्ण भावनामृत संघलाई छाडा चौपाय व्यवस्थापान लागि रु. २९९१४५०।- अनुदान सहयोग दिएको छ । नेपाल अन्तरास्ट्रिय कृष्ण भावनामृत संघलाई छाडा चौपाय व्यवस्थापनको लागि विभिन्न सघ संस्था तथा व्यक्तिहरुले पनि सहयोग अनुदान उपलब्ध गराउने हुदा स्थानीय पालिकाबाट आन्तरीक आम्दानी समेतलाई विचार गरी कार्यविधि बनायर मात्र अनुदान सहयोग गरी सहयोग अनुदानको सहि रुपले प्रयोग भए नभएको अनुगमन समेत गर्नुपर्दछ ।

## ५० विल पेश नभएको

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । पालिकाले गो.भौ.न . २४०३-२०८१।३।११ बाट खरिद गरेका सामानको विल भुक्तानी रु. ८११३९६।- खर्च लेखेको छ । यस सम्बन्धमा खरिद गरेको सामान र खर्चको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,११,३९६ |

## ५१ अनुदान वितरण

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट बिभिन्न कार्यक्रमक लागि रु.१३९५४०००।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम सार्वजनिकरण गर्नु गराउनु पर्दछ । साथै अनुदान उपयोग र प्राप्त प्रतिफलको बारेमा अनुगमन, उपलब्धि मापन गरी अनुदान उपयोगको प्रोफाइल तयार गर्नुपर्दछ।

| क्र. सं . | अनुदानको किसिम/ कार्यक्रम | पालिका/ सशर्त | भुक्तानी पाउने फर्म/ व्यक्ति / समिति / संस्था | संख्या | अनुदान प्रतिशत | अनुदान रकम |
|---|---|---|---|---|---|---|
| १ | कृषि पकेट विकास कार्यक्रम( तरकारी ) | पालिका | सूर्य किरण र नवदुर्गा तरकारी उत्पादन कृषक समुह | ३१ जना | ८० | ५००००० |
| | | | उन्नतीशिल व्यवसायिक तरकारी उत्पादन कृषक समुह | २५ जना | ८ | ५००००० |
| २ | नगर प्रमुख किसान कार्यक्रम | पालिका | हरित क्रान्ती तरकारी उत्पादन कृषक समुह | २५ जना | ८० | ९६१००० |
| ३ | नमुना कृषक प्रर्वद्धन कार्यक्रम ( तरकारी / च्याउ / मौरी / फलफुल ) | पालिका | विभिन्न कृषक समुह तथा कृषि फर्महरु | ३१ समुह | ८० | ६१९००० |
| ४ | साना कृषि औजार कार्यक्रम | पालिका | विभिन्न कृषक | ८ जना | ५० | ३३५००० |
| | | | प्रगति तरकारी उत्पादन कृषक समुह | - | ८० | ५०००० |
| ५ | व्यवसायिक प्राङ्गारिक तरकारी उत्पादन प्रवर्धन | पालिका | रोहिणी तरकारी उत्पादन कृषक समुह | - | ८० | ५०००० |
| ६ | हरियो मल प्रवर्धन कार्यक्रम | पालिका | मक्रहर गुणस्तर वीउ उत्पादन कृषक समुह | ५० जना | - | १०७००० |
| ७ | कृषी वस्तु उत्पादनमा आधारित प्रोत्साहन अनुदान | पालिका | विभिन्न कृषक | १२ जना | - | १८८००० |
| ८ | मौरी चरण प्रवर्दधन( तोरिको वीउ वितरण ) | पालिका | विभिन्न कृषक ( मागको आधारमा ) | - | ५० | ११२००० |
| ९ | उन्नत गहुँको वीउ वितरण | | विभिन्न कृषक ( मागको आधारमा ) | - | ५० | ६२७५००० |
| १० | माछा प्रवर्दधन कार्यक्रम | पालिका | विभिन्न कृषक | - | ५० | १२४००० |
| ११ | साना सिंचाई प्रवर्दधन कार्यक्र | सशर्त | विभिन्न कृषक समुह | १८ समुह | ८५ | ७२३००० |
| १२ | धानवाली प्रवर्दधन कार्यक्रम | सशर्त | मक्रहर गुणस्तर वीउ उत्पादन कृषक समुह | - | सम्झौता अनुसार | ८८३००० |
| १३ | मकैवाली प्रवर्दधन कार्यक्रम | सशर्त | वडा स्तरीय कृषि समिति संजाल ( वडा नं . १० ) | - | सम्झौता अनुसार | ७००००० |
| १४ | बाख्रा पकेट विकास कार्यक्रम निरन्तरता | सशर्त | मक्रहर बाख्रा पकेट विकास समुह | ११ जना | ५० | ५१५००० |
| १५ | उन्नत घाँस वितरण | पालिका | - | - | ५० | ८७७००० |
| १६ | तरकारी वीउ वितरण | पालिका | - | - | १०० | ४३५००० |
| कुल रकम | | | | | | १२६४२००० |

५२ **बाख्रा पकेट विकास निरन्तर कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन मेनुअल, २०७७ को बुँदा नं. ४.१.१३ को अनुसूची १३ अनुसार कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी प्रगति प्रतिवेदन र अनुसूची ७ अनुसारको ढाँचामा पकेटको प्रोफाइल तयार तथा अद्यावधिक गर्नु पर्ने ब्यबस्था छ। पालिकाले बाख्रा पकेट विकास निरन्तरता कार्यक्रमको गत वर्षको समेत प्रोफाइल तयार नगरेको र अनुगमन तथा मूल्याङ्कन गरी प्रगति प्रतिवेदन समेत तयार नगरी पकेट विकास निरन्तर कार्यक्रम लागि गो.भौ.नं. ४७१।०८१।३।२१ बाट ५० प्रतिशत अनुदान रु. ५१५००० ।– मक्रहर बाख्रा पकेट विकास समितिलाई भुक्तानी दिई ११ वटा खोर निर्माणमा खर्च गरेको छ। अतः अनुसूची १३ अनुसार कार्यक्रमको अनुगमन तथा मुल्यांकन गरी प्रगति प्रतिवेदन र अनुसूची ७ बमोजिम संचालन अवधि,लक्षित घरधुरी संख्या, कुल उत्पादन , अनुमानित बिक्री ,पकेट छनोट गर्नाको पुष्ट्याई ,पकेट माग गर्ने संस्थाको प्रोफाइल आदी विषयहरु खुलेको गत वर्षको समेत बाख्रा पकेट विकास कार्यक्रमको प्रोफाइल तयार गरी पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१५,००० |

५३ **संस्थागत विद्यालयको अनुगमन नभएको**

राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । साथै शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

५४ **छात्रवृत्ति अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं.७.२.१.१ मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या एकिन गरी छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहाय अनुसार विद्यालयमा रु.४८१५२००।- निकासा गरेको छ। EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन। अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

| क्र. सं . | विद्यालय संख्या | विद्यार्थी संख्या | अनुदानको प्रकार | रकम |
|---|---|---|---|---|
| १ | ४० | ६८९ | दलित छात्रावृति ( १ – ८ ) | २७५६०० |
| २ | ४० | ४८८९ | छात्रा छात्रवृत्ति (कक्षा १ - ८ ) | १९५५६०० |
| ३ | १ | ७४ | शान्ति नमुना माध्यमिक विद्यालयमा सञ्चालित दृष्टिविहिन श्रवणदृष्टिविहिन अटिजम स्रोत कक्षामा अध्ययनरत आवासीय तथा गैर आवसीय विद्यार्थीहरुका लागि छात्रवृत्ति | २५६८००० |
| ४ | | १६ | अपाङ्ग छात्रवृत्ति (कक्षा १ - ८ ) | १६००० |
| | | | | ४८१५२०० |

५५ **शिक्षक दरबन्दी तथा पदपूर्ति र विद्यार्थी संख्या**

शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसुची १२ वमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दि हुनुपर्दछ । साथै नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाइ नियमित पठानपाठनको व्यावस्था हुनुपर्दछ । पालिका अन्तर्गतका निम्नानुसार ४२ वटा सामुदायिक विद्यायलहरुको शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी संख्याको अनुपातको विवरण निम्नानुसार छ।

| शिक्षक दरबन्दी तथा पदपूर्ति र विद्यार्थी संख्याको विवरण २०८०/८१ | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | दरबन्दी संख्या | पदपूर्ति | पदपूर्ति मध्ये करार विवरण | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
| १ | शान्ति नमुना मा.वि | ३६ | ३६ | ४ | ५९५८ | १६६ |
| २ | गीर्वाण मा.वि | २० | २० | ३ | ५३१ | २६ |
| ३ | शकरनगर दुर्गादत्त मा.वि | २३ | २३ | २ | ९२५ | ४० |
| ४ | जनज्योती मा.वि | २५ | २५ | ४ | १०८२ | ४३ |
| ५ | पशुपति मा.वि | २२ | २२ | ४ | १३४४ | ६१ |
| ६ | शिवपुर मा.वि | १७ | १७ | ३ | ८३१ | ४९ |
| ७ | गौतमबुद्ध मा.वि | २१ | २१ | ३ | ४९६ | २४ |
| ८ | टिकुलीगढ मा.वि | २० | २० | ३ | ६७१ | ३३ |
| ९ | पश्चिम पहुनी मा.वि | १५ | १५ | ४ | ४२० | २८ |
| १० | जनता मा.वि तिलोत्तमा - १२ | १३ | १३ | ७ | ६४४ | ५० |
| ११ | दुर्गा बैदिक संस्कृत विद्यापिठ मा.वि तिलोत्तमा -१ | ३ | ३ | ३ | १३७ | ४६ |
| १२ | दुर्गा संस्कृत वेद वेदाङ्ग विद्यापिठ तिलोत्तमा -१४ | ३ | ३ | ३ | ७६ | २५ |
| १३ | जनता मा.वि तिलोत्तमा - १३ | १७ | १७ | ४ | २५५ | १५ |
| १४ | जनजागृति मा.वि | २० | २० | ४ | ९५१ | ४८ |
| १५ | सेमराबजार मा.वि | १५ | १५ | ४ | २७३ | १८ |
| १६ | जनहित मा.वि | १७ | १७ | ७ | ७४८ | ४४ |
| १७ | जनभावना मा.वि | १९ | १९ | ९ | ६८४ | ३६ |
| १८ | दुर्गा मा.वि | १७ | १७ | ९ | ३१३ | १८ |
| १९ | भुल्के मा.वि | १४ | १४ | ६ | ३०२ | २२ |
| २० | वरवलिया मा.वि | १६ | १६ | ६ | १७० | ११ |
| २१ | मधवलिया मा.वि | १५ | १५ | ५ | २७८ | १९ |
| २२ | ज्योती आ.वि. | १० | १० | ० | १९१ | १९ |
| २३ | बालकल्याण आ.वि. | ९ | ९ | २ | १४५ | १६ |
| २४ | उमा आ.वि. | ९ | ९ | ३ | १९३ | २१ |
| २५ | गणेश आ.वि. | ९ | ९ | २ | ११६ | १२ |
| २६ | बालविकास आ.वि. | ८ | ८ | २ | १४२ | १८ |
| २७ | प्रभात आ.वि. | ११ | ११ | ३ | २२८ | २१ |
| २८ | सरस्वती आ.वि. तिलोत्तमा - १४ | ९ | ९ | २ | १८१ | २० |
| २९ | विश्वशान्ति सामुदायिक आ.वि. | ८ | ८ | २ | ३०४ | ३८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | नवज्योती शंकरनगर श्रेष्ठ आ.वि. | ४ | ४ | ० | १०२ | २६ |
| ३१ | कोटईमाई मिशुजु आ.वि. | ५ | ५ | १ | ११६ | २३ |
| ३२ | सिद्धार्थ आ.वि. | ४ | ४ | ० | १३३ | ३३ |
| ३३ | सत्यलक्ष्मी आ.वि. | ४ | ४ | १ | ९० | २२ |
| ३४ | सरस्वती आ.वि. तिलोत्तमा १२ | ४ | ४ | ० | १०१ | २५ |
| ३५ | बभनी भुपु सैनिक आ.वि. | ४ | ४ | १ | १२६ | ३२ |
| ३६ | गौतमबुद्ध आर्दश शिशु सदन आ.वि. | ४ | ४ | ० | १२० | ३० |
| ३७ | मेदिनी आ.वि. | ६ | ६ | ० | ५५ | ९ |
| ३८ | बोहिया आ.वि. | ४ | ४ | ३ | ११८ | ३० |
| ३९ | हाम्रो सगरमाथा आ.वि. | ६ | ६ | ० | १४२ | २४ |
| ४० | नमुना महिला आ.वि. | ३ | ३ | ० | ८० | २७ |
| ४१ | सेमरी आ.वि. | ३ | ३ | ० | ७८ | २६ |
| ४२ | कोटियामाई आ.वि. | ३ | ३ | ० | ४१ | १७ |
| | जम्मा | ४९५ | ४९५ | ११९ | १९८९१ | ४० |

पालिलकाबाट प्राप्त सामुदायिक विद्यालयका शिक्षक दरबन्दी तथा विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा शान्ति नमूना मा .वि.मा ५९५८ जना विद्यार्थी रहेकोमा ३६ जना मात्र शिक्षक रहेका छन् । जुन शिक्षक विद्यार्थी अनुपात १:१६६ रहेको छ । अर्थात १ जना शिक्षकले १६६ जना विद्यार्थी व्यवस्थापन गरेको देखिन्छ भने मेदिनी आ.वि. मा ५५ जना विद्यार्थी रहेकोमा ६ जना शिक्षक रहेका छन् । जुन शिक्षक विद्यार्थी अनुपात १:९ अर्थात १ जना शिक्षकले ९ जना मात्र विद्यार्थीहरुलाई व्यवस्थापन गर्नुपर्ने अवस्था छ । ३२ विद्यालायहरुमा ११९ जना शिक्षक करारमा नियुक्त छन। स्थायी दरबन्दी अनुसार करार समेत सबै पदपूर्ती भएपनि स्थायी दरबन्दी अनुसार स्थायी शिक्षकको पदपूर्ती हुनुपर्दछ । शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम शिक्षक कम भएका विद्यालयमा दरवन्दी थप गर्ने र दरवन्दी बढी भई शिक्षक विद्यार्थी अनुपात कम देखिएका विद्यालयहरुमा नेपाल सरकारले तोकेको मापदण्ड अनुसार अनुपात कायम गर्न करार दरवन्दी घटाई मापदण्ड अनुसार अनुपात कायम राख्नु पर्दछ। सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन विद्यालय मर्जर, दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ ।

### ५६ विद्यालयलाई प्रति विधार्थी अनुदान

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.२३.५० मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई (सत्यापन) गराई विद्यार्थी संख्या यकिन गरेर मात्र विद्यालयलाई प्रति विधार्थी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहाय अनुसार प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि शिक्षण सिकाई सामाग्रीको लागि ४४ विद्यालयमा रु. ४४९९३०० निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई (सत्यापन) नगराइ IEMIS मा उल्लेखित विद्यार्थी संख्या यकिन गरी अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अनुदानको शिक्षा समिति गठन गरी अनुगमन समेत गरेको पाईएन । अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

| क्र. सं. | विद्यालय संख्या | विद्यार्थी संख्या | अनुदानको प्रकार | रकम |
|---|---|---|---|---|
| १ | | २६४६ | प्रति विद्यार्थी इकाई लागतका आधारमा प्रारम्भिक वालविकास / पुर्व प्राथमिक कक्षाकालागि अनुदान (ECD अनुदान रु. ५०० का दरले ) | १३२३००० |
| २ | ४४ | ५५०७ | कक्षा १ – ५ ( रु. १५० का दरले ) | ८२६०५० |
| ३ | | ५७५५ | कक्षा ६ – ८ ( रु. २०० का दरले ) | ९५१००० |
| ४ | | ३०८० | कक्षा ९ – १० ( रु. २०० का दरले ) | ६१६००० |
| ५ | | ३१३३ | कक्षा ११ – १२ ( रु. २५० का दरले ) | ७८३२५० |
| | | २०१०१ | जम्मा | ४४९९३०० |

५७ **कार्य सम्पादन समझौता**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ को ९.७ मा नमुना विद्यालयको गुरुयोजना समेत स्थानीय तहबाट स्विकृति भई संचालनमा रहेका विद्यालयमा नमुना विद्यालय विकास एवम् संचालन निर्देशिका २०७४ बमोजिम छनौट भएका प्र.अ. तथा माध्यमिक तहका विषयगत शिक्षकले गुरुयोजना कार्यान्वयन गर्नको लागि अतिरिक्त समय समेत खट्नु पर्ने र विद्यालयको सिकाई उपलब्धि अभिबृद्धि गर्नका लागि स्रोत सामाग्रीको व्यवस्थापनमा सहयोग गर्न विद्यालयले प्रोत्साहन गर्ने व्यवस्था छ । यसकालागि विद्यालय व्यवस्थापन समितिले विनियोजित रकम मध्ये ५० प्रतिशत प्रध्यानध्यापक र ५० प्रतिशत अन्य विषयगत शिक्षक संग अनुसूची १३ मा उल्लेख गरेका विषय वस्तु समावेश गरी नतिजामा आधारित कार्य सम्पादन करार गर्नु पर्ने व्यवस्था छ। कार्य सम्पादन सम्झौता बमोजिमको नतिजा विद्यालय व्यवस्थापन समिति बाट सिफारिस प्राप्त भएपछि प्रति विद्यालय रु, २ लाख का दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले कार्य सम्पादन सम्झौता बमजिमको नतिजा विद्यालय व्यवस्थापन समितबाट प्राप्त नगरी तपशिल बमोजिमका विद्यालयलाई शैक्षिक गुणस्तरमा सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान रु,४०००००।- रुपमा उपलब्ध गराएको नियमसम्मत नदेखिएको रु,

| गो. भौ. नं. | विद्यालय | रकम |
|---|---|---|
| ३९८- २०८१।३।१४ | श्री पशुपति मा. वि. | २००००० |
| | श्री शान्ति नमुना मा. वि. | २००००० |
| जम्मा | | ४००००० |

| अनियमित भएको | ४,००,००० |
|---|---|

५८ **तलवी भत्ता निकासा**

शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को नियम १२६ (ङ) मा शिक्षकहरुको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने कार्य विद्यालय शिक्षक किताबखानाबाट हुने व्यवस्था छ । यसरी पारीत तलवी प्रतिवेदन अनुसार सामुदायिक विद्यालयहरुले आफ्नो विद्यालयमा कार्यरत शिक्षकहरुको तलवी माग फारम पेश गर्दा अगाडिको चौमासिकको तलवी भरपाई एवं सामाजीक सुरक्षा र पारीश्रमिक कर कट्टा दाखिलाको प्रमाण सहित पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष शिक्षकको तलव भत्ता शीर्षकमा रु. २६ करोड २३ लाख ५ हजार खर्च गरेकोमा अन्तर्गतका केहि विद्यालयहरुले पूर्ण रुपमा सोको कार्यान्वयन गरेको पाईएन । माग फारमको साथ पेश गर्नु पर्ने कागजात पेश गरीसकेपछि मात्र निकाशा दिनु पर्दछ।

५९ **बढी निकासा**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा भएको रकम असूल गर्नुपर्ने व्यवस्था छ । पालिकाले सिकाई सामाग्री तथा

डिजिटल सिकाई सामाग्री व्यवस्थापन अनुदान दिदा कक्षा ११ र १२ लाई EMIS अनुसार विद्यार्थी संख्या २७१३ जनालाई प्रति विद्यार्थी रु. २५० का दरले रु.६७८२५० अनुदान निकासा दिनु पर्नेमा ३१३३ जनाको रु.७८३२५० निकासा दिएकोले ४२० जनाको बढी निकासा दिएकोले तोकिएको दर अुसार हुन आउने रु. १०५००० सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०५,००० |

## ६० राष्ट्रिय शिक्षा नीतिको कार्यावन्वयन

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्यांकन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी सो अनुसार अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन तयार गरेको छैन । तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

## ६१ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्य संस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस वर्ष ३०० थान गरी प्रति थानको रु. ८९२.७० (भ्याट समेत) रु.२६७८१० खरिद गरेकोमा गत वर्षको मौज्दात २५० थान गरी जम्मा ५५० न्यानो झोला रहेकोमा यस पालिका अन्तर्गतका २ वटा बर्थिङ सेन्टरमा यस वर्ष १३५ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा १४५ थान न्यानो झोला मौज्दातमा रहेका छन् भने बाँकी २७० थान सम्बन्धित वर्थिङ सेन्टरमा मौज्दात रहेको जनाएको छ। जुन मौज्दात सङ्ख्या यस वर्षको प्रसुति संख्याको आधारमा तीन गुणा बढी मौज्दात रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

## ६२ शिक्षण सहयोग अनुदान

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४० र ४१ मा शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दि मिलानको प्रतिवेदन अनुसार सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरवन्दि तथा राहत अनुदान नभएका (शुन्य दरवन्दि भएका) गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक ब्यवस्थापनको लागि अनुदान दिन सकिने उल्लेख छ । यस्तो अनुदान रकम वजेटको परीधि भित्र रहि शुन्य दरवन्दि भएको विद्यालयलाई न्युनतम २ शिक्षक र १ दरवन्दी भएको विद्यालयलाई १ शिक्षक थप गरी न्युनतम २ शिक्षक बराबरको अनुदान शिक्षक भर्ना भएपछि १२ महिनाको दरले अनुदान निकासा दिने उल्लेख छ । पालिकाले विद्यालयहरुलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्जर र अनुदान व्यवस्थापन गर्नुपर्नेमा पालिकाले सो नगरी कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरीत निकासा दिएको छ । अतः न्युन विद्यार्थि रहेको विद्यालयलाई विद्यार्थि शिक्षक संख्या, विद्यालयहरुको भौगोलिक दुरी, बार्षिक नतिजा प्रकाशन लगायतका सूचकहरुलाई समेत आधार मानि विद्यालय मर्ज र अनुदान व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

| विद्यालयको नाम | विद्यार्थी संख्या | अनुदान शिक्षक संख्या |
|---|---|---|
| कक्षा ९ र १० | | |
| जनता मा. वि . | ५१ | १ |
| मधवलिया मा. वि . | ३५ | २ |
| वरवलिया मा. वि . | १६ | २ |
| जनभावना मा. वि . | ६४ | १ |
| भुल्के मा. वि . | ३९ | २ |
| दुर्गा मा. वि . | ७० | २ |
| कक्षा ६ देखि ८ | | |
| | | |
| भुल्के मा. वि . | ४३ | १ |
| गणेश आ. वि . | ८१ | १ |
| वालविकास आ. वि . | २६ | १ |
| वालकल्याण आ. वि . | ४० | १ |
| जनभावना मा. वि | ४१ | १ |
| प्रभात आ. वि . | ६४ | १ |
| सरस्वतती आ. वि . रेहरा | ६१ | १ |
| विश्वशान्ति आ. वि . | ५२ | १ |
| | जम्मा | १८ |

**शिक्षक विद्यार्थी अनुपात** - कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.४० मा माध्यमिक विद्यालय (कक्षा ९ र १० ) मा अङ्ग्रेजी , गणित र विज्ञान तथा प्रविधि जस्ता अनिवार्य विषयमा शिक्षक व्यवस्थाको लागि बजेटको परिधि भित्र रही कुनै पनि दरवन्दी , राहत अनुदान नभएका शुन्य दरवन्दी भएका विद्यालयलाई न्युनतम २ र १ दरवन्दी भएकालाई १ थप गरी न्युनतम २ शिक्षक बरारको अनुदान नियम अनुसार शिक्षक भर्ना भएपछि प्रति शिक्षक मासिक रु. ४३६८९।- का दरले चाँड पर्व खर्च समेत १३ महिनाको पारिश्रमिक उपलब्ध गराउने व्यवस्था छ। तर पालिकाले जनता मा.वि. कक्षा ९ र १० मा ५१ विद्यार्थी रहेको र स्थायी दरवन्दी – १ , राहत दरवन्दी -१ र नगरपालिका अनुदान -१ गरी तीन दरवन्दी भएको अवस्थामा समेत शिक्षक विद्यार्थी अनुपात विश्लेशण नगरी उक्त कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरित शिक्षण सहयोग अनुदानमा १ शिक्षक नियुक्त गरी रु.५६७९६७।- भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,६७,९६७ |

६३ **सार्वजनिकरण**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांच सय जनासम्म, पांच सय देखि आठ सय जनासम्म र आठ सय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण

गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकासंग निशुल्क शिक्षाकालागि संस्थागत विद्यालयहरुले आरक्षण उपलब्ध गराएको विवरण माग गर्दा प्राप्त भएन। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

६४ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६५ **निःशुल्क पाठ्यपुस्तक**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.३ क्रियाकलाप नं. २.४.६.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । साथै स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिकसत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै उपलब्ध गराउने, विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाइ स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले पाठ्यपुस्त समयमा उपलब्ध अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाइ आवश्यक अनुगमनको व्यवस्था मिलाउने आदि व्यवस्था छ । यस पालिकाले यो वर्ष गो.भौ.नं. २३९-०८१।१।१७ बाट रु. ७२९०२७३।- ,गो.भौ.नं. ४०२-०८१।३।१४ बाट रु. २५०८१५१।– र ऐच्छिक विषयको रु.६८५३१९ गरी जम्मा रु. १०४८३७४३।- पाठ्यपुस्तक अनुदान उपलब्ध गराएको भएपनि विद्यालयले पाठ्यपुस्तक समयमा उपलब्ध गराए नगराएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाइएन । अत: आवश्यक संयन्त्र बनाई पाठ्यपुस्तक वितरणको अनुगमन हुनुपर्दछ।

६६ **डिस्पोजल मेशिन खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तीले आफ्नो जिम्मामा आएको जिन्सी माल सामान ७ दिन भित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. ४३१-२०८१।३।१७ मा शारदा सप्लायर्सबाट ३२ थान रु, ३० हजार ५१० का दरले भ्याट समेत जम्मा रु, ९७६३२० खरिद गरी विभिन्न २७ वटा

विद्यालयलाई वितरण गरेको छ भने विद्यालयमा वितरण गरेका सेनेटरी प्याड डिस्पोजल मेशिन विद्यालयहरुले तोकिएको ढाँचामा जिन्सी दाखिला गरेको नपाइएकोले विद्यालयले जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु,

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२६,३२० |

## ६७ दिवा खाजा

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८०।८१ को २.८.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरुलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने व्यवस्था छ । पालिकाले कक्षा बालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु. १५ का दरले दिवा खाजा वापत औषत १६३ दिनको ७४७४ विद्यार्थीको लागि तपशिल बमोजिम गो.भौ. र मितिबाट रु. १ करोड ८२ लाख ६७ हजार अनुदान उपलब्ध गराएको छ। ४२ विद्यालयहरुलाई उपलब्ध गराएकोमा देखिएका व्यहोरा निम्न छन:

| गो. भौ . र मिति | दिवा खाजा रकम |
|---|---|
| ४- २०८०।६।१७ | २२१४४३५ |
| ११- २०८०।६।२६ | २३६२८६० |
| ७९- २०८०।८।११ | २०५७३४० |
| ६२- २०८०।११।२० | ३४२१३५० |
| २९१- २०८१।२।६ | ४५०४६९५ |
| ४०८- २०८१।३।१५ | ३०१३१४० |
| ४५५- २०८१।३।२० | ६६३५७० |
| जम्मा | १८२६७३९० |

• स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने , यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा केहि विद्यालयको नमुना परीक्षण गर्दा आंशिक रुपमा मात्र अध्यक्ष र प्र. ले प्रमाणित गरेको पाइयो भने अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको पाइएन।

• विद्यालयबाट संचालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गरी दिवा खाजाको मापदण्ड गुणस्तर व्यवस्थापनका नमुना अनुसूची ४ मा राखे बमोजिम कार्यान्वियन गर्नु पर्नेमा स्थानीय निकायले अनुगमन गरेको पाइएन।

• विद्यालयले स्थानीय कृषक संग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण र बील भरपाई सुरक्षित रुपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमिति बाट अनुमोदन गर्ने व्यवस्था भएपनि बिल भरपाई नदिई तथा अनुमोदन नगराई खाजा खर्च वापत रु. १८२६७०००।- निकासा दिइएकोले गुणस्तरीय खाजा खुवाएको सुनिश्चित हुने आधार भएन अतः विद्यार्थीहरुको हाजिर भएको बिस्तृत हाजिरी रेकर्ड सहित विल भर्पाई प्राप्त गरी खाजा खर्च निकासा दिनुपर्दछ।

## ६८ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २५ लाख सम्मको औषधिजन्य माल सामान माल सामानको उत्पादकले राष्ट्रिय स्तरको समचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । पालिकाले यस वर्ष गो. भौ. नं. १६३-२०८०।११।२१ बाट टेण्डर मार्फत ५७ प्रकारका औषधि तथा सर्जिकल सामान कियू इन्टरनेश्नलबाट रु १५ लाख ५८ हजार ४०४ र पालिका तर्फ भौ.नं. १७८१-२०८१।३।२१ बाट ३२ प्रकारका औषधिहरु गुडविल सर्जिकल एण्ड केमिकल सप्लायर्सबाट रु, ८ लाख ५५ हजार ३७२,र भौ.नं. ६२१-२०८०।८।२६ कर्णजात फर्मास्युटिकल्सबाट सिधै खरिद गरेको रु ४ लाख ९९ हजार ५७० गरी कुल जम्मा २९ लाख १३ हजार ३४६ को खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

- सिधै खरिद गरिएका औषधिहरुको मुल्य उत्पादनकले राष्ट्रियस्तरको समचारपत्रमा मूल्यसूची प्रकाशन गरेको उत्पादकबाट उप्पादित औषधि पालिकाले खरिद गरेको छैन ।
- आपूर्ति हुने औषधि स्टोर दाखिला हुनुअघि औषधिको उत्पादन मिति, ब्याच नम्बर र म्याद समाप्त हुने मिति, उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख गरी समन्धित विषयविज्ञबाट प्रमाणित गराइ निरीक्षण प्रतिवेदन (Inspection Report) तयार गरी मुचुल्का उठाई राख्ने गरेको छैन ।
- औषधिको जिन्सी दाखिला गर्दा खरिद गरेको र हस्तान्तरण भइ आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाधेको छैन ।
- खरिद तथा हस्तान्तरण भई पालिकामा प्राप्त औषधिहरु स्वास्थ्य चौकीको मागको आधारमा निकासी तथा हस्तान्तरण गर्नु पर्नेमा पालिकाले गुडविल सर्जिकल एण्ड केमिकल सप्लायर्सबाट खरिद भई मिति २०८१।३।१२ मा दाखिला भएका औषधिहरु स्वास्थ्य चौकीमा एकैपटक मिति २०८१।३।१४ मा ३२ प्रकारका औषधिहरु हस्तान्तरण गरेको छ। अत: मागको आधारमा औषधि हस्तान्तरण हुनुपर्दछ।
- खरिद भएका औषधिहरु स्टोर दाखिला गर्दाको समयमा १८ महिना भन्दा बढी म्याद भएको अर्थात सेल्फ लाईफको ७५ प्रतिशत म्याद हुनुपर्ने व्यवस्था छ। कियु इन्टरनेशनलबाट खरिद गरी मिति २०८०।११।३ (२०२४ फेब्रुअरी १५) मा दाखिला गरिएका ५७ प्रकारका औषधिहरु मध्ये दाखिला मितिको हिसावले १८ महिना अर्थात २०२५ अगस्ट १५ सम्मको कम्तिमा म्याद हुनुपर्नेमा सोभन्दा कम अवधि भएका औषधिहरु खरिद गरिएका केही उदाहरणहरु निम्न छन् :

| क्र. सं . | औषधिको नाम | ब्याच नं. | म्याद सकिने मिति | खरिद परिमाण |
|---|---|---|---|---|
| १ | Zinc sulphate 10mg tab | ९०००२ | २०२४।११।३० | ८००० |
| २ | Surgical blade pieces | २१०७१० | २०२४।७।३१ | १७०० |
| ३ | Permethrin 5%w\v lotion bottle | ४४०६७ | २०२५।६।३१ | ३४० |

अत: पालिकाले खरिद भएका औषधिहरुको सबै विवरण खुलाई औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

६९ **ए.सी. खरिद**

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ८५ (४) सार्वजनिक निकायले एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता ,निर्माण व्यवसायी , परामर्शदाता वा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले गो. भौ. नं. १०–२०८१।३।२० मा प्रदेश सरकार हस्तान्तरण अनुदान अन्तर्गत अटिजम कक्षा संचालनका लागि भनि शान्ति मा.वि. तिलोत्तमालाई देहाय बमोजिमका सप्लायर्सहरु मार्फत सामानहरुको सोझै खरिद गराई रु, ६०११६४ भुक्तानी दिएको पाईयो।यसमा सुधार हुनुपर्दछ।

| फर्मको नाम | स्पेशिफिकेशन | वापत | रकम |
|---|---|---|---|
| पाण्डे न्यु ईलेक्ट्रोनिक्स | L.G. Air conditioner S3W12JA3VA.AP6EX | ए. सी . खरिद | १५७००० |
| मारिया एजुकेशनल ट्रेड | Playstation metal,marry go round,metal see-saw etc. | शैक्षिक सामाग्रीहरु खरिद | ४४४१६४ |

७० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा १५ वटा योजना संचालन गरी ६३ जनालाई औषत ९६ दिनले ६०४३ दिन रोजगारी उपलब्ध गराई कुल रु, ४० लाख ४३ हजार श्रमिक ज्यालामा खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

(क) दुर्घटना बिमा: निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

(ख) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि बेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ

७१ **घरेलु तथा साना उद्यम विकास कार्यक्रम (MEDPA)**

७१.१ **तालिम संचालन** – मेडपा संचालन निर्देशिका ,२०७० को भाग १२ तालिमबाट उत्पादित सामानको व्यवस्थापन सम्बन्धी खण्डको बुँदा नं. ४२ मा तालिमबाट उत्पादित सामानहरु सहभागीलाई नै छुटमा बिक्री गर्न सकिने र त्यसरी बिक्रीबाट प्राप्त रकम लघु उद्यम विकास कोषमा जम्मा गर्नु पर्ने तथा बिक्री हुन नसकेका सामानको विवरण कार्यालयमा बुझाई स्टोर दाखिला गर्नुपर्ने र दाखिला भएको सामानको लिलाम बिक्री प्रक्रिया अगाडि बढाई बिक्री गरेर आएको रकम सोही कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। साथै भाग १६ को बुँदा नं. ४६(१) मा तालिम कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्नुपर्ने आदी व्यवस्था छ। पालिकाले तपशिल अनुसार तालिम संचालन गरी रु. ६८२००० खर्च लेखेकोमा तालिम कार्यक्रमको अनुगमन गरी उद्यमिले व्यवसायी संचालन गरे नगरेको सम्बन्धमा प्रभाव मुल्यांकन गरेको पाइएन।

| क्र. सं . | तालिमको नाम | तालिम अवधि | सहभागी संख्या | रकम |
|---|---|---|---|---|
| १ | लेडिज तथा जेन्स जुत्ता उत्पादन सम्बन्धी सीप विकास तालिम | २० | २० | १३८००० |
| २ | तरकारी खेती तथा कुरिलो उत्पादन सिप विकास तालिम | ५ | २५ | ३१८००० |
| ३ | उद्यम विकास तालिम | ८ | ६३ | ६३००० |
| ४ | पशुपालन बाख्रा, कुखुरा , हास पालन सीप विकास तालिम | ५ | ३२ | १६३००० |
| जम्मा | | | | ६८२००० |

७१.२ **प्रविधि हस्तान्तरण-** घरेलु तथा साना उद्यम विकास कार्यक्रम (MEDPA) सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं.४१ मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कूल रकममा २० प्रतिशत उद्यमीले जम्मा गर्नुपर्ने, नं. ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचक निर्धारण गरी कार्यक्रमको प्रभावकारी अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु. ५९१०००।- बराबरको सिलाइ मेशिन ,पिको मेशिन ,स्प्रे मेशिन ,तरकारी क्यारेट ,बाख्रा स्टेट आइरन ,हेयर ड्रायर आदी खरिद गरी २९ जना उद्यमी व्यवसायीहरुलाई वितरण गरेकोमा पालिकाले कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरेको छैन । अतः प्रविधिक हस्तातरण पश्चात उद्यमीले व्यवसाय संचालन गरे नगरेको नियमित अनुगमन हुनुपर्दछ ।

### ७२ हेभी इक्विपमेन्टको व्रान्ड तथा स्पेशिफिकेसन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ को उपदफा ३ वमोजिम खरिद गरिने मालसामानको विवरण तयार गर्दा विशेषताहरु स्पष्ट रुपमा बुझिने गरी उल्लेख गर्ने अर्को उपाय नभएको अवस्थामा वाहेक कुनै खास व्रान्डको नाम वा स्पेशिफिकेसन उल्लेख गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले NCB- G3-080/81 बाट ब्याक्हो लोडर खरिद गर्दा ब्रान्ड नखुलाए पनि JCB 3DXAMT को रेट रिफरेन्स लिई बोलपत्र आवहान गरेको देखिन्छ । उक्त बोलपत्रबाट रेट रिफरेन्स लिईएको ब्याक्हो लोडर New JCB 3DX Super AMT नै ०.३५ प्रतिशत घटीमा MAW Earthmovers प्रा.लि.संग खरिद भएको छ । मालसामानको खरिद गर्दा यसतर्फ ध्यान हुनुपर्दछ ।

### ७३ सवारीसाधन खरिद

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले यस वर्ष NCB-G-10/80-81 बाट SUV जिप खरिद तथा सप्लाई कार्यका लागि यस वर्ष पालिकाको आन्तरिक श्रोतबाट रु. ४२९००००।०० र नेपाल सरकार समानिकरण अनुदान बजेटबाट रु. ३०४००००।०० समेत रु. ७३३००००।०० मा महिन्द्रा स्करपियो S11 4WD चार पांग्रे सवारि साधन खरिद गरेको पाईयो । यसरी नियम विपरित नेपाल सरकार समानिकरण श्रोतबाट पालिकामा ४ वटा चारपाङ्ग्रे सवारी साधन भएकोमा समेत थप खरिद गरि सहमति वेगर खर्च गरेको छ ।

### ७४ जनजागृति मा वि भवन बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरि सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। जनजागृति मा वि भवन निर्माणका निर्माण व्यवसायी गौरा निर्माण सेवासंग रु. ४४३१५५५।०० मा २०८१। २।३० भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भई रु. ४२३४९६८।०० मा कार्य सम्पन्न भएकोमा निर्माण व्यवसायीलाई पहिलो रनिंग विल वापत रु २०२२६५३।०० भुक्तानी भईसकेकोमा दोश्रो रनिंग विलको भुक्तानी गर्दा प्रथम रनिंग विलमा चढेको रकम रु १९७०१०६।

०० सारेकोले रु. ५२५४७ घटी सारेको देखिएको र कार्य सम्पन्न हुँदा समेत रु. ४२३४९६८।०० को कार्य सम्पन्न प्रतिवेदन नबनाई रु. ४२८७५१५।०० को प्रतिवेदन तयार गरेकोले बढी भुक्तानी भएको रु. ५२५४७।०० असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,५४७ |

७५ **सिदार्थ राजमार्ग जोड्ने पुष्पपथ सडक स्तरोन्नती कालोपत्रे अधुरो कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा म्याद सकिनु अगावै निर्धारित कार्य सम्पादन जमानत, पेश्की जमानत, विमा, संशोधित कार्यतालिका र अन्य प्रमाण कागजात सहित निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ ।

ठेक्का नं. NCB-43/080-81 प्रभातपथ देखि सिदार्थ राजमार्ग जोड्ने पुष्पपथ सडक स्तरोन्नती तथा कालोपत्रे निर्माण कार्यका लागि निर्माण व्यवसायी एम आर एम कन्स्ट्रकसनसंग रु. २४३७३११।०० को लागत अनुमान तयार गरी रु. १८२०४३०।०० मा २०८१।३।१० सम्म कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा निर्माण व्यवसायीलाई २०८१ असारसम्म प्रथम रनिङ विल वापत रु. ९५९१२४।०० भुक्तानी भएकोमा तत्पश्चात २०८१।३।१० मा म्याद समाप्त भए तापनि म्याद थप समेत नभई कार्य अधुरो रहेको देखिन्छ । ९२ मीटरको कालोपत्रे गर्ने कार्य रहेको उक्त सडको ड्रेन र सब बेशको आंशिक कार्य भई बाटोको समस्या तथा साईट एक्सेसको कारण कार्य गर्न नसकेको पालिकाले जनाएको छ । यस सम्बन्धमा कार्यालयले म्याद थप तथा कार्य अधुरो रहेको कारण सम्बन्धमा एकिन गरेर सम्झौताको शर्त तथा खरिद नियमावली बमोजिम म्याद थप तथा पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धि आवश्यक निर्णय लिई कार्य सम्पन्न गराउनुपर्दछ ।

७६ **बरौलिया मा वि भवन कार्य स्वीकार**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ २क मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ।तर पालिकाले ठेक्का नं NCB-2/80-81 बरौलिया मा वि भवन निर्माण रु. ४३३२५९४।०० मा २०८१।२।३० मा सम्पन्न गर्ने गरी २०८०।८।२४ मा सम्झौता भएकोमा उक्त कार्य रु. ३५७९६३८।०० ( ८२ प्रतिशत) मा नै कार्य स्वीकार गरेको छ । उपरोक्त व्यवस्था अनुसार निर्माण कार्य अधुरो रहेकै अवस्थामा कार्य स्वीकार गरेको नियमसम्मत देखिएन अधुरो कार्य पुरा गर्न पुन: कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्ने भएकोले यस्तो कार्य नियन्त्रण गरी ठेक्का सम्झौतानुसारको काम पुरा भए पछिमात्र कार्य स्वीकार गर्नुपर्दछ ।

७७ **आनन्दवन १५ शैया अस्पताल निर्माण**

पालिकाले वडा नं. ६ मा आनन्दवन १५ शैयाको अस्पताल ठेक्का नं NCB-46/77-78 को लागि लागत अनुमान रु. १३८७०३१०५।– तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी खड्का सगुन जेभि बुटवल सँग मिति २०८०।३।३० भित्र निर्माण कार्य सक्ने गरी २०७८।३।१७ मा रु.७८४३९६९७।- को सम्झौता गरेकोमा तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न हुन नसकि कार्यपालिकाको निर्णयले प्रथम पटक मिति २०८१।३।२० सम्म र दोश्रो पटक बजेट अभावका कारण प्रगति हुन नसकेको जनाई २०८२।३।१५ सम्म म्याद थप गरेको छ । आर्थिक बर्ष २०७९।८० सम्ममा चौथो रनिङ विल सम्म मूल्य समायोजन समेत रु.३८६०६३२६।– भुक्तानी भएकोमा २०८०।८१ मा पाचौं रनिंग विल वापत मूल्य समायोजन समेत रु. १४०१३५१०।००० गरी रु. ५२६१९३८७।– भुक्तानी भएको छ ।जनस्वास्थयसँग प्रत्यक्ष सरोकार राख्ने यस अस्पतालको बाँकी निर्माण कार्यलाई तिव्रता दिई तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न पालिकाले तदारुकता देखाउनु पर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

७७.१ सम्झौताको शर्त scc ३४.३ बमोजिम म्याद थप गर्दा निर्माण कार्यको अद्यावधिक कार्य तालिका पेश गर्नुपर्नेमा अन्यथा रु. २ लाख रोक्का राख्नुपर्ने व्यवस्था रहेकोमा निर्माण व्यवसायीले खड्का सगुन जेभीले अद्यावधिक कार्य तालिका पेश नगरेकोले अद्यावधिक कार्य

तालिका पेश गर्न लगाउनुपर्दछ ।

७७.२ **पेश्की कट्टी** – सम्झौताको शर्त SCC ५७.३ बमोजिम निर्माण कार्यको पेश्की सम्झौता रकमको ३० प्रतिशत भुक्तानी भएपछि प्रत्येक रनिङ बिलवाट ४० प्रतिशतका दरले पेश्की कट्टी गर्नु पर्ने र ८० प्रतिशत कार्य हुँदा सबै पेस्की कट्टी गरि सक्नु पर्ने उल्लेख छ। निर्माण व्यवसायी खड्का।सगुन जेभीको सम्झौता बमोजिम २ पटक म्याद थप गर्दा समेत कार्य सम्पन्न नगरेको तथा २०८१ असार मसान्तसम्म रु. ६०४६४००।०० पेश्की बाँकी रहेकोले नियमानुसार उक्त पेश्की सिघ्र फस्र्यौट हुनुपर्दछ । निर्माण व्यवसायी खड्का सगुन जेभी लाई २०८०।८१ मा पाँचौं रनिंग विलको रु.१४०१३५१०।०० भुक्तानी भएकोमा ४० प्रतिशतका दरले विलमा रु. ५६०५४०४।०० कट्टी गर्नुपर्नेमा रु. २००००००।०० मात्र कट्टी गरेकोले घटी पेश्की कट्टी गरेको रु. ३६०५४०४।०० प्रावधान अनुसार असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,०५,४०४ |

७७.३ **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावलीको नियम ११९ अनुसार सार्वजनिक निकायले मुल्य समायोजन गर्न सकिने कुरा सम्झौतामा उल्लेख गर्न सकिने व्यवस्था रहेको छ । मुल्य समायोजन भुक्तानी दिदाँ सम्झौताको शर्त, सम्झौतामा उल्लेख भएको सुत्रको तथा सुत्रमा प्रयोग गरिने मूल्यको संरचना (श्रम, उपकरण, सामाग्री, आदी) को आधारमा दिनुपर्ने हुन्छ । पालिकाले निर्माण व्यवसायी खड्का।सगुन जेभी संग सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्दा पेश भएको रनिंग विलको मूल्य समायोजन गणना गरी भुक्तानी दिंदा देहाय अनुसार निर्माण सामाग्रीको बेस इन्डेक्स नेपाल राष्ट्र बैंकको नेशनल होलसेल प्राईस ईन्डेक्स २०२०।२१ को मार्च। अप्रिलको १०९.२८ लिनुपर्नेमा १०८.२१ लिएकोले मूल्य समायोजन फ्याक्टर बढी भएकोले बढी भुक्तानी भएको मूल्य समायोजन असुल गर्नुपर्ने रु

| IPC | मूल्य समायोजनका लागि रकम | प्रयोग भएको फ्याक्टर | भुक्तानी भएको मूल्य समायोजन | हुनुपर्ने फ्याक्टर | हुनुपर्ने मूल्य समायोजन भुक्तानी |
|---|---|---|---|---|---|
| १ | ११५१५८३३ | १.१४३२ | १६४९०६७ | १.१३७६ | १५८४५७८ |
| २ | २३७५५८९ | १.१७५२ | ४१६२०३ | १.१६९६ | ४०२८९९ |
| ३ | ३५१२५९३ | १.१९६४ | ६८९८७३ | १.१९०६ | ६६९५०० |
| ४ | ७२९९०८९ | १.२०९९ | १५३२०७८ | १.२०४ | १४८९०१४ |
| ५ | ८६३१५९० | १.१७९४ | १५४८५०७ | १.१७३८ | १५००१७० |
| | जम्मा | | ५८३५७०८ | | ५६४६१६१ |
| | | | बढी मूल्य समायोजन | | १८९५६७ |
| | | | मू अ कर समेत | | २१४२१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१४,२१० |

७८ **एजबिल्ट नक्सा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ र ठेक्का सम्झौतामा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र एजबिल्ट नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा तोकिएको रकम रोक्का गर्नुपर्ने व्यवस्था छ। पालिकाले अधिकांस सम्झौतामा एजविल्ट नक्सा पेश गर्नु नपर्ने प्रावधान राखेको पाईयो ।एजविल्ट नक्साले निर्माण कार्य तोकिएको ड्रइङ डिजाईन बमोजिम भए नभएको यकिन हुने र निर्माण कार्यको वास्तविक नक्सा देखिने भएकोले महत्त्वपूर्ण हुने हुँदा खरिद नियमावलीको प्रावधान बमोजिम अनिवार्य रुपमा सम्झौतामा पेश गर्नु पर्ने गरी व्यवस्था राख्नु पर्दछ । कार्यालयले कार्यसम्पन्न भएका निर्माण कार्यको अनिवार्य रुपमा एजविल्ट नक्सा लिनुपर्दछ ।

७९ **विद्युत तार र पोल व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न दिन रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्दछ। पालिकाले देहाय अनुसार विभिन्न योजना तथा सडक निर्माणका लागि विद्युत तार तथा पोल व्यवस्थापनका लागि नेपाल विद्युत प्राधिकरण धरौटी खातामा भुक्तानी गरेको छ । उक्त भुक्तानी गर्दा पालिकाले स्रेस्तामा लागत अनुमान, कार्य विवरण र कार्य सम्पन्न प्रतिवेदन वेगर भुक्तानी दिएको छ । यससम्बन्धमा यस प्रकृतिको कार्यका लागि पेश्की दिनुपर्दछ । उक्त कार्यको जडान, व्यवस्थापन तथा कार्यसम्न्न भएको समेतको प्रमाण पेश हुनुपर्ने रु.

| भौ नं मिति | भुक्तानी भएको | योजना | खर्च रु. |
|---|---|---|---|
| १०५।०८०।११।९ | विद्युत तार पोल व्यवस्थापन | नेपाल विद्युत प्राधिकरण धरौटी खाता | २९९२९८ |
| २३४।०८०।१०।१७ | वडा भित्र विद्युत व्यवस्थापन | नेपाल विद्युत प्राधिकरण धरौटी खाता | १००००० |
| ४८८।०८०।१२।२३ | विष्णु भक्त पथ विद्युत पोल सार्ने काम | नेपाल विद्युत प्राधिकरण धरौटी खाता | १९८५४९ |
| ७९७।०८१।१।३० | पोल व्यवस्थापन | नेपाल विद्युत प्राधिकरण धरौटी खाता | ८९३७७ |
| ८०२।०८१।१।३० | विद्युत पोल तथा तार व्यवस्थापन | नेपाल विद्युत प्राधिकरण धरौटी खाता | २९९८५० |
| ९३५।०८१।२।९ | विद्युत व्यवस्थापन | नेपाल विद्युत प्राधिकरण धरौटी खाता | ४९८९५६ |
| १०५२।०८१।२।२१ | विद्युत पोल तथा तार व्यवस्थापन | नेपाल विद्युत प्राधिकरण धरौटी खाता | ४४९९४२ |
| १७८९।०८१।३।२२ | विद्युत पोल व्यवस्थापन | नेपाल विद्युत प्राधिकरण धरौटी खाता | २२५८२ |
| | | | १९५८५५४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,५८,५५४ |

## ८० गुणस्तर व्यवस्थापन

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आस्वस्तता योजना पेश गर्नु पर्नेमा गरेको पाइएन। कार्यालयमा सिमेण्ट, गिट्टी, वालुवा परीक्षण गर्ने मेशिनहरु नरहेको पाइयो । ल्यावमा दरवन्दी रहेको देखिएन ।निजीक्षेत्रका ल्यावहरुमा गुणस्तर परीक्षण गर्दा सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्वन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो होइन एकिन गर्न सक्ने अवस्था छैन । निर्माण सामाग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामाग्रीमात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृती दिएको देखिएन। निर्माण कार्यमा प्रयोग गरिएका सामाग्रीहरुको स्पेसिफिकेसनमा तोकिएको संस्थामा गुणस्तर परीक्षण गराएको पाइएन। गुणस्तर व्यवस्थापनमा कार्यालयको प्राथमिकता बढाई निर्मित संरचनाहरुको गुणस्तरीयतामा विश्वस्त हुने आधार सहित गुणस्तर परिक्षण गर्नुपर्दछ ।

## ८१ विमा

सम्झौताको विशेष शर्त १९.१ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि समेतको विमा गराउनु पर्ने व्यवस्था रहेकोमा पालिकाबाट भएका ठेक्का व्यवस्थापन कार्य मध्ये अधिकांश विमा घटी अवधिको तथा ठेक्का अवधि पछिको विमा पोलिसी पेश भएको छ । कतिपय ठेक्का तथा उपभोक्ता समितिको कार्यको विमा समेत गरेको छैन । कार्यालयले नियमावली तथा सम्झौता बमोजिम निर्माण कार्यको सम्झौता अनुसार सम्झौता शुरु भएको अवधि देखि सम्पन्न भई त्रुटी सच्याउने अवधिसम्मको नियमानुसार विमा गराउनुपर्दछ अन्यथा उक्त रकम असुल गरनुपर्दछ । केही उदाहरणहरु देहाय अनुसार रहेका छन् :

| सि.नं. | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम | विमा भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | रु. | |
| १ | NCB-०३ / 2080-81 गणेशपुर हाटबजार हुँदै वडा जोड्ने सडक निरन्तरता | सफिक निर्माण सेवा | ४९८७१४८ | २०४१५ | ब्याक डेटमा विमा गरेको तथा घटी अवधि विमा गरेको |
| २ | NCB-२४ / 2080-81 | बाउन्नकोटी कन्स्ट्रक्सन | ४५३०७३० | | १ महिना अवधिको मात्र विमा गरेको |
| ३ | NCB-६ / 2080-81 पत्थरडाँडा - बरौलिया सडक | सफिक निर्माण सेवा | ८२००७८९ | ३२५२८ | ब्याक डेटमा विमा गरेको तथा घटी अवधि विमा गरेको |
| ४ | NCB-१ / 2080-81 जनजागृति मा वि भवन निर्माण | गौरा देवि निर्माण सेवा | ४४३१५५५ | ३४१०७ | घटी अवधि विमा गरेको |

८२ **शंकरनगर वन विहार तथा अनुसन्धान केन्द्र पूर्वाधार**

यस पालिकाको वार्ड नं. १ र २ मा करिब २ विघा जग्गामा ३९३०.१३ बर्गमीटर क्षेत्रफलमा रहेको शंकरनगर वन विहार अनुसन्धान केन्द्र र पालिका बिच २०७४ असार ९ गते भ्यु टावर पूर्वाधार निर्माणका लागि पालिकाबाट ७० प्रतिशत र उक्त संस्थाबाट ३० प्रतिशत लगानी गर्ने र निर्माण भइसकेपछि सम्पूर्ण प्राविधिक खर्च कटाई बाँकी आम्दानीबाट पालिकाले ६० प्रतिशत र संस्थाले ४० प्रतिशत पाउने निर्णय भएकोमा २०७९।८० मा उक्त ११ तले बहुउद्धेश्यीय भ्यु टावर पालिकाबाट भएको ठेक्का बमोजिम रू.१२४३७८९४३।६५ लागतमा निर्माण सम्पन्न भएकोमा उक्त भ्युटावरको हाताभित्र डिर्पाटमेन्टल स्टोर, होटल लज. रेष्टरेन्ट, कार्यक्रम हल, स्वीमिङ पुल, वाटर फाउण्टेन, गार्डेन, पार्किङ लगायतको संरचना निर्माण गर्न सकिने र उक्त भ्यु टावरको व्यवस्थापन संचालन सम्बन्धमा हालसम्म कुनै पनि कार्यविधि तयार गरिएको पाइएन । निर्माण भएको संरचना शंकर नगर वन विहार तथा अनुसन्धान केन्द्र तिलोत्तमा वार्ड नं २ को नाममा रहेको र उक्त भ्यु टावरको जग्गा पालिकाको स्वामित्वमा रहेको पाइएन । उक्त भ्यु टावरमा ठूलो लगानी समेत भई सकेको अवस्थामा अब उक्त भ्युटावर संचालन तथा व्यवस्थापनको लागि नगरपालिकाले आवश्यक कार्यविधि तयार गर्नुपर्दछ । साथै सम्झौता बमोजिम उक्त संस्थाबाट ३० प्रतिशत खर्च व्यहोर्ने तथा आम्दानी बाँडफाँड गर्ने सम्बन्धमा समेत पालिकाले ध्यान दिनुपर्दछ ।साथै यस भ्यु टावरको स्तरोन्नती संघिय सरकारको लगानीमा भईरहेकोमा उक्त सार्वजनिक जग्गा नगरपालिकाको नाममा स्वामित्व नरेहेकोले उक्त भ्युटावरको जग्गाको स्वामित्व नगरपालिकाको नाममा ल्याउनको लागि सम्बन्धित निकायले पहल गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

८२.१ **भ्यु टावर सञ्चालन ठेक्काः** सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (४) मा ठेक्का स्वीकृत भएपछि सम्झौता गर्न नआउने निर्माण व्यवसायीको जमानत जफत गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त भ्युटावर संचालन तथा व्यवस्थापनको लागि बार्षिक न्युनतम भाडा रकम रू.३९०००००/- राखी बोलपत्रको मिति २०७८।११।१६ मा सूचना प्रकाशित गरेकोमा एक मात्र बोलपत्रदाता अनुपम निर्माण सेवा रैनादेबी- ४, छहरा पाल्पाको कबोल अंक रू.३९५००००/- (बार्षिक) रहेको र उक्त फर्मसँग आर्थिक बर्ष २०७९।८० देखि आ.ब ०८८।८९ सम्म १० बर्षे लिज अवधि रहने गरी सम्झौता गर्नको लागि मिति २०७८।१२।२८ मा पत्राचार गरेकोमा उक्त भ्युटावरको स्तरोन्नती लगायतको थप संरचना निर्माणकार्य सम्पन्न हुन बाँकी नै रहेको कारणले उक्त व्यवसायीले पहिलो बर्षको राजश्व रकम रू.३९५००००/- २०७९।०१।१९ मा दाखिला गरी सकेको भएतापनि थप संरचना निर्माण नभएकोले हाल सम्म उक्त ब्याबसायीसँग ठेक्का सम्झौता नगरेको जनाएको छ । पालिकाले उक्त भ्युटावरको स्तरोन्नती लगायतको निर्माणकार्य सम्पन्न हुन बाँकी नै रहेको कारणले उक्त व्यवसायीले उक्त भ्युटावर हालसम्म उपभोग गर्न नपाएको जनाएको छ । सम्झौता अनुसार पालिकाले व्यवसायीले सम्झौता गर्न नआएकोमा जमानत जफत गरेको छैन । पालिकाले मिति २०८०।६।११ मा अनुपम निर्माण सेवालाई आ.व. २०८०।८१ का लागि दोश्रो किस्ता वापत रु. ३९५००००।०० र मूअकर रु. ५१३५०० तथा अग्रिम कर रु. ५९२५० दाखिला गर्नका लागि पत्राचार गरेको देखिएकोमा उक्त किस्ता रकम दाखिला नभएको देखिन्छ। बहुउद्धेशियय भ्यु टावरको ठेक्का बन्दोबस्ती सम्बन्धि विशेष शर्तको बुँदा ९ मा प्रथम वर्षको किस्ता एकमुष्ट र दोश्रो वर्षका लागि कम्तिमा १३ महिना अवधि रहेको बैंक जमानत राख्नुपर्ने उल्लेख रहेकोमा निर्माण व्यवसायी अनुपम निर्माण सेवाले २०७९ बैशाख ८ मा जारी भएको रु. ४५२३०००।०० को कृषि विकास बैंकको २०८१ असार ३०

सम्म म्याद भएको कार्यसम्पादन जमानत राखेको देखिएकोमा पालिकाले उक्त कार्यसम्पादन जमानत म्याद हुँदा नै जफत वा रोक्का गर्नुपर्नेमा नगरेको देखिन्छ । तत्पश्चात पुन: बोलपत्र आवहान गरी ठेक्का लगाउनुपर्नेमा बोलपत्र आवहान पनि गरेको छैन । पालिका कै कमजोरीको कारण साविकको ठेक्कामा कबोल गरे अनुसार वार्षिक रुपमा रु ३९५००००।।- राजस्व नोक्सानी भएको छ । निर्माण पश्चात टावरको संचालनमा पालिका गम्भिर र जिम्मेवार भएको देखिएन । यस सम्बन्धमा पालिकाले आवश्यक निर्णय लिनु पर्दछ ।

८२.२ **पेश्की** - सम्झौताको शर्त SCC ५७.३ बमोजिम निर्माण कार्यको पेश्की सम्झौता रकमको ३० प्रतिशत भुक्तानी भएपछि प्रत्येक रनिङ बिलवाट ४० प्रतिशतका दरले पेश्की कट्टी गर्नु पर्ने र ८० प्रतिशत कार्य हुँदा सबै पेस्की कट्टी गरि सक्नु पर्ने उल्लेख छ। निर्माण व्यवसायी के.एस. प्रशंशा जेभीको सम्झौता बमोजिम २ पटक म्याद थप गर्दा समेत कार्य सम्पन्न नगरेको तथा २०८१ असार मसान्तसम्म रु. २९१६०००।०० पेश्की बाँकी रहेकोले नियमानुसार उक्त पेश्की सिघ्र फस्यौंट हुनुपर्दछ । निर्माण व्यवसायीलाई २०८०।८१ मा तेश्रो रनिंग विलको रु. ८४४६२३५।०० भुक्तानी भएकोमा ४० प्रतिशतका दरले विलबाट रु. ३३७८४९४।०० कट्टी गर्नुपर्नेमा रु. ९७२०००।०० मात्र कट्टी गरेको र चौथो रनिंग विल रु. ५१५४८८८।– बाट रु.२०६१९१५।– कट्टी गर्नुपर्नेमा रु. १२९६०००।०० मात्र कट्टी गरेकोले बाँकी रहेको पेश्की रु. २९१६०००।०० प्रावधान अनुसार असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,१६,००० |

८२.३ **थप पूर्वाधार निर्माण** - शंकरनगर वन विहार अनुसन्धान केन्द्रको भ्यू टावरमा थप पूर्वाधार निर्माणको लागि संघीय सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट लागत व्यहोर्ने गरी आर्थिक बर्ष २०७७।७८ मा थप पूर्वाधार निर्माणको लागि रु.६९९६४९९८।को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्धारा के.एस.प्रशंशा जेभी धनगढीसँग मिति २०७९।१०।२८ भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७८।४।२६ मा रु.४९३६७७९७। को निर्माण सम्झौता गरेकोमा यस आर्थिक बर्ष सम्ममा चौथो रनिङ विल सम्म रु.२३५७०३९५।९४ भुक्तानी खर्च लेखेको छ । पालिकाले मन्त्रालयबाट बजेट निकासा माग भए अनुसार नभएकोले समेत निर्माण कार्य अगाडि बढ्न नसकेको जनाएको छ । तोकिएको समयावधि भित्र निर्माण कार्य सम्पन्न नभएकोमा दोश्रो पटक २०८२।३।१५ सम्म साथै म्याद थप भएकोले बाँकी निर्माण कार्य सम्पन्न गर्नको लागि सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

### ८३ मंगलापुर कान्छिबजार बेवरा सडक स्तरोन्नती कार्य निर्माण (DUDBC-395275-CW-RFB)

पालिकाले मंगलापुर कान्छिबजार सडक स्तरोन्नती कार्यका लागि कुल ६.६ किलोमीटर लम्बाईको डिपिआर गरेकोमा कोभिड महामारीका कारण बजेट कटौती भई पहिलो ठेक्कामा ५ किलोमीटर सडकको कार्य रहेकोमा पुन थप १.६ किलोमीटरको कार्य गर्न २८ प्रतिशत भेरिएसन गर्नुपर्ने देखिएकोमा भेरिएसन नगरी १.६ किलोमीटर सडकका लागि लागि रु. २२७५५९९३१।- को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्धारा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी आशिष।आशिर्बाद जेभीसँग मिति २०८२।२।१३ भित्र निर्माण कार्य सक्ने गरी २०८१।१।४ मा रु.१९१७७६५१९।– को सम्झौता गरी २०८०।८१ सम्म मोविलाइजेसन पेश्की वापत रु. २ करोड ३६ लाख र पहिलो रनिङ विल को रु.८२३७२३१।०० भुक्तानी भएको छ ।

- निर्माण कार्यका लागि बोलपत्र आवहान भएकोमा ७ वटा बोलपत्रदाताहरुले भाग लिएकोमा सो मध्ये ६ वटा बोलपत्रदाताहरु Key Construction Experience, ESMP/Code of Conduct, Key Activities, Tax Clearance Certificate समेत अन्य कागजात तथा योग्यता नपुगेको कारण प्राविधिक मूल्यांकनबाट सो मध्ये १ मात्र बोलपत्रदाता आशिष।आशिर्बाद जेभी छनौट भई वित्तीय मूल्यांकन मार्फत समेत छनौट भई सम्झौता गरेको देखिन्छ । साथै उक्त ठेक्कामा Bid Addendum समेत विभिन्न मितिमा भएको देखिन्छ ।
- निर्माण कार्यको कुल विल अफ क्वान्टिटी मध्ये प्रोभिजनल आईटममा विभिन्न आईटम समावेश गरी कुल रु. १३१३२३९०।०० राखेको देखिन्छ जुन कुल सम्झौता रकमको ६.८५ प्रतिशत हुन आउँछ । यस सम्बन्धमा प्रोभिजनल समको भुक्तानी सम्झौता अनुसार ईन्जिनियरको आदेशमा आवश्यकता प्रयोग तथा खर्च गर्ने तर्फ ध्यानाकर्षण हुनुपर्दछ ।

प्रोजेक्टको फाईनान्सियल क्लोजर हुने मिति २०२५ जुलाई सम्म रहेकोले निर्माण कार्य समय मै सम्पन्न गराउन सम्बद्ध पक्षहरुले तदारुकताका साथ कार्य गराउनुपर्दछ।

८४ **Nepal Urban Governance & Infrastructure Project (NUGIP)**

वर्ल्ड बैंकको छाता संगठन अन्तराष्ट्रिय विकास संस्था (IDA) संग ऋण सहायतामा शहरी विकास मन्त्रालयको शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत विभिन्न नगरपालिकाहरुका लागि Urban Development Grant अन्तर्गत Nepal Urban Governance & Infrastructure Project (NUGIP) का लागि वित्तीय सम्झौता भएकोमा यस तिलोत्तमा नगरपालिकाको मंगलापुर देखि कान्छीबजारसम्मको सडक स्तरोन्नतीका लागि देहाय अनुसारको परामर्श र निर्माण कार्यहरु भएको देखिन्छ । अन्तराष्ट्रिय विकास संस्था (IDA) संग प्रोजेक्टका लागि २०२५ जुलाईसम्मका लागि सम्झौता रहेकोमा सम्झौता अनुसार प्रगति नभएकोले निर्माण कार्यमा तिब्रता ल्याई निर्माण कार्य तोकिएको समय मै सम्पन्न गर्नुपर्दछ ।

| सि.नं. | ठेक्का विवरण | फर्म | सम्भौता अवधि | लागत अनुमान | सम्भौता रकम | २०८०।८१ विल रकम |
|---|---|---|---|---|---|---|
| १ | Design and Supervision Consultant<br>NP-DUDBC-216001-CS-QCBS | बि. एन. कन्सलटेन्सी एण्ड पि . इ . ए जेभी | २०७९।५।९ देखि ३० महिनासम्म | ३४०५१६२४ | ३३६३५५८० | २११२४१७४ |
| २ | मंगलापुर कान्छीबजार सडक<br>NP-DUDBC-273140-CW/RFB-078-79 | शर्मा।सगुन जेभी | २०७९।३।२४ देखि २०८१।३।१५ | ६५६१४८०६३ | ४६५९९८०७१ | १६४५६५६६१ |
| ३ | मंगलापुर कान्छीबजार देखि वेवरा चौक सम्म सडक<br>NP-DUDBC-395275-CW/RFB | आशिष।आशिर्वाद जेभी | २०८१।१।४ देखि २०८२।२।१३ | २७३१०२०६४ | १९१७७६५१९ | ८२३७२३१ |

८४.१ मंगलापुर देखि कान्छीबजार सडकका लागि डिजाइज एण्ड सुपरभिजन कन्सलटेन्ट नियुक्तिका लागि पालिकाले QCBS खरिद प्रक्रिया मार्फत रु. ३४०५१६२४।०० को लागत अनुमान तयार गरेकोमा ४ वटा परामर्शदाता मध्ये बि.एन.कन्सलटेन्सी। पि.इ.ए जेभीको मूल्यांकन अंक सबै भन्दा बढी आएको जनाई २०७९।५।९ देखि ३० महिनासम्मका लागि सम्झौता गरेको पाईयो । ४ वटा परामर्शदाता मध्ये छनौट भएका बि.एन.कन्सलटेन्सी। पि.इ.ए जेभीले लागत अनुमान भन्दा बढी हुने गरी रु. ३६७९८४५०।०० (शुरु ल.ई भन्दा रु. २७४६८२६ बढी) रकम पेश गरेकोमा नेगोसिएसन गरी रु.३३६३५५८०।०० मा सम्झौता गरेको छ । परामर्शदातालाई २०८०।८१ सम्म रु. २११२४१७६।०० भुक्तानी भएको छ । उक्त परामर्दाता अन्तर्गत शुरुको सम्झौता बखत नै टिम लिडर सोही प्रोजेक्ट अन्तर्गत अर्को पालिकामा सम्बद्ध भएकोले टिम लिडर परिवर्तन भएकोमा तोकिएको योग्यता अनुसार भएको जनाई अर्को टिम लिडर रिप्लेस गरेको छ । साथै सडक निर्माण योजनाको प्रगति तोकिएको समयमा कार्यसम्पन्न गराउन कन्सलटेन्टले प्रभावकारी रुपमा निर्माण व्यवसायीलाई कार्य गराउन जोड दिनुपर्दछ ।

८४.२ **सवारी साधन भाडा** – पालिकाले उक्त प्रोजेक्टबाट साईट सुपरभिजन तथा अनुगमनका लागि सूचना निकाली सुनिता पोख्रेलसंग प्रति महिना भ्याट बाहेक रु. ८८४००।०० प्रति महिनाका दरले २०७९।११।२२ देखि २०८१।३।३० सम्मका लागि सम्झौता गरेकोमा २०८१ असार सम्मका लागि मूअकर समेत रु. १५७८२९३।०० भुक्तानी गरेको देखिन्छ । साथै पालिकाले यसका लागि इन्धन समेत रु. ३२६५६५।०० खर्च गरेको पाईयो । पालिकाले उक्त गाडी प्रोजेक्ट अफिस र दाताको सहमति अनुसार प्रोजेक्ट अन्तर्गतको योजनाको अनुगमनका लागि कन्टिन्जेन्सी खर्चबाट व्यहोर्ने गरी सवारी साधनका लागि सूचना निकाली भाडामा लिएको र कार्यालय तथा कन्सल्टेन्टले समेत अनुगमनका लागि प्रयोग गर्ने गरेको जनाएको छ । तर पालिकाले उक्त सवारी साधनको प्रयोगको सम्बन्धमा अभिलेख राखेको छैन । सम्झौतामा नरहेको सुविधा तथा परामर्शदातालाई गाडी दिने व्यवस्था नभएको र पालिकामा सवारी साधन

भएको अवस्थामा सहमति लिई सवारी साधन भाडामा लिई खर्च गरेको उपयुक्त देखिएन । यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्ने तथा यस प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

८५ **मंगलापुर कान्छिबजार सडक स्तरोन्नती कार्य निर्माण (DUDBC-273140-CW-RFB।078.79)**

पालिकाले मंगलापुर कान्छिबजार सडक स्तरोन्नती कार्य ( ठे.नं. DUDBC-273140-CW-RFB।078.79- 5 KM ) को लागि रु. ६५६१४८०६३।३९ को लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्धारा सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी शर्मा सगुन जेभी बुटवलसँग मिति २०८१।३।१५ भित्र निर्माण कार्य सक्ने गरी २०७९।३।२४ मा रु.४६५९९८०७१।– को सम्झौता गरी २०८०।८१ सम्म छैठौं रनिङ विल सम्म मुल्य समायोजन समेत रु.१७५६०५७९५।०० भुक्तानी भएको छ ।यस सम्बन्धमा देखिएका ब्यहोरा निम्न छन :

**प्रगति तथा म्याद थप** – निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार २०८१।३।१५ सम्म कार्य सम्पन्न गर्नुपर्नेमा चार पटक कार्यतालिका परिवर्तन गरेकोमा २०८१ असारसम्म २७ प्रतिशतको हाराहारीमा मात्र वित्तीय प्रगति भएको छ भने २४.९५ प्रतिशत सर्टफल रहेको देखिन्छ ।यससम्बन्धमा डिजाईन एण्ड सुपरभिजन कन्सल्टेन्टले समेत सचेत गराई उच्च स्तरीय बैठक मार्फत निर्माण व्यवसायीको ध्यानाकर्षण गराएको देखिन्छ । पालिकाले हाल २०८१ कार्तिक सम्म ७४ प्रतिशत प्रगति भई भुक्तानी हुन बाँकी रहेको जनाएको छ । साथै निर्माण व्यवसायीले साईट एक्सेस नभएको, पोल सार्नुपर्ने समेत विविध कारण देखाई ४४४ दिनको म्याद थपका लागि माग गरेकोमा परामर्शदाता बि.एन.कन्सलटेन्सी। पि.इ.ए जेभी ले २८१ दिन म्याद थप हुनका लागि सिफारिस गरेकोमा कार्यपालिकाले म्याद थप स्वीकृत गरेकोमा प्रोजेक्ट अफिसबाट म्याद थप स्विकृत हुन बाँकी रहेको छ । प्रोजेक्टको फाईनान्सियल क्लोजर हुने मिति २०२५ जुलाई सम्म रहेकोले निर्माण कार्य समय मै सम्पन्न गराउन सम्बद्ध पक्षहरुले तदारुकताका साथ कार्य गराउनुपर्दछ।

८६ **विपि ग्राम १५ शैया अस्पताल निर्माण**

पालिकाले वडा नं. १७ विपि ग्राममा १५ शैयाको अस्पताल निर्माण ठेक्का नं NCB-47/77-78 को लागि लागत अनुमान रु. १४४७७३०६०।– तयार गरी सबै भन्दा घटी कबोल गर्ने निर्माण व्यबसायी खड्का सगुन जेभि बुटवल सँग मिति २०८०।३।३० भित्र निर्माण कार्य सक्ने गरी २०७८।३।१७ मा रु.८२७१८३७१।३९ को सम्झौता गरेकोमा तोकिएको समयावधिमा निर्माण कार्य सम्पन्न हुन नसकि कार्यपालिकाको निर्णयले प्रथम पटक मिति २०८१।३।२० सम्म र दोश्रो पटक बजेट अभावका कारण प्रगति हुन नसकेको जनाई २०८२।३।१५ सम्म म्याद थप गरेको छ । आर्थिक बर्ष २०७९।८० सम्ममा चौथो रनिङ विल सम्म मूल्य समायोजन समेत रु.३५५१३०४४।– भुक्तानी भएकोमा २०८०।८१ मा पाचौं रनिंग विल वापत मूल्य समायोजन समेत रु. ५०९८४७५।००० गरी रु. ४०६११५२०।– भुक्तानी भएको छ । जनस्वास्थयसँग प्रत्यक्ष सरोकार राख्ने यस अस्पतालको बाँकी निर्माण कार्यलाई तिव्रता दिई तोकिएको समयमा निर्माण कार्य सम्पन्न गर्न पालिकाले तदारुकता देखाउनु पर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

८६.१ **पेश्की** – सम्झौताको शर्त SCC ५७.३ बमोजिम निर्माण कार्यको पेश्की सम्झौता रकमको ३० प्रतिशत भुक्तानी भएपछि प्रत्येक रनिङ बिलवाट ४० प्रतिशतका दरले पेश्की कट्टी गर्नु पर्ने र ८० प्रतिशत कार्य हुँदा सबै पेस्की कट्टी गरि सक्नु पर्ने उल्लेख छ। निर्माण व्यवसायी खड्का/सगुन जेभीको सम्झौता बमोजिम २ पटक म्याद थप गर्दा समेत कार्य सम्पन्न नगरेको तथा २०८१ असार मसान्तसम्म रु. ६९४२२०० पेश्की बाँकी रहेकोले नियमानुसार उक्त पेश्की सिघ्र फस्यौंट हुनुपर्दछ । निर्माण व्यवसायीलाई २०८०।८१ मा पाँचौं रनिंग विलको रु.५०९८४७५।०० भुक्तानी भएकोमा ४० प्रतिशतका दरले विलमा रु. २०३९३९०।०० कट्टी गर्नुपर्नेमा रु. ७५००००।०० मात्र कट्टी गरेकोले घटी पेश्की कट्टी गरेको रु. १२८९३९०।०० प्रावधान अनुसार असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,८९,३९० |

८६.२ **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावलीको नियम ११९ अनुसार सार्वजनिक निकायले मुल्य समायोजन गर्न सकिने कुरा सम्झौतामा उल्लेख गर्न सकिने व्यवस्था रहेको छ । मुल्य समायोजन भुक्तानी दिदाँ सम्झौताको शर्त, सम्झौतामा उल्लेख भएको सुत्रको तथा सुत्रमा प्रयोग गरिने मूल्यको संरचना (श्रम, उपकरण, सामाग्री, आदी) को आधारमा दिनुपर्ने हुन्छ । पालिकाले निर्माण व्यवसायी

खड्का।सगुन जेभी संग सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्दा पेश भएको रनिंग विलको मूल्य समायोजन गणना गरी भुक्तानी दिंदा देहाय अनुसार निर्माण सामाग्रीको बेस इन्डेक्स नेपाल राष्ट्र बैंकको नेशनल होलसेल प्राईस ईन्डेक्स २०२०।२१ को मार्च। अप्रिलको १०९.२८ लिनुपर्नेमा १०८.२१ लिएकोले मूल्य समायोजन फ्याक्टर बढी भएकोले बढी भुक्तानी भएको मूल्य समायोजन असुल गर्नुपर्ने रु.

| IPC | मूल्य समायोजनका लागि रकम | प्रयोग भएको फ्याक्टर | भुक्तानी भएको मूल्य समायोजन | हुनुपर्ने फ्याक्टर | हुनुपर्ने मूल्य समाय भुक्तानी |
|---|---|---|---|---|---|
| १ | १३२३८५८१ | १.१४३२ | १४८०८५७ | १.१३७६ | १४२२९४६ |
| २ | १८०२८५७ | १.१७५२ | ३१५८६० | १.१६९६ | ३०५७६४ |
| ३ | ५५४९४०० | १.१९६४ | १०८९९०२ | १.१९०६ | १०५७७१५ |
| ४ | ३३१२१२७ | १.२०९९ | ६९५२१५ | १.२०४ | ६७५६७४ |
| ५ | ३००२१०८ | १.१७९४ | ५३८५७८ | १.१७३८ | ५२१७६६ |
| | जम्मा | | ४१२०४१२ | | ३९८३८६५ |
| | | | बढी मूल्य समायोजन | | १३६५४७ |
| | | | मू अ कर समेत | | १५४२९८ |

| असुल गर्नुपर्ने | १,५४,२९८ |
|---|---|

## ८७ सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र योजना अनुसार २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको मालसामान निर्माण कार्यको बोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ।पालिकाले फर्निचर तथा फिक्चरसमा सामान बोलपत्रबाट खरिद नगरी पटक पटक खरिद गरी रु ६९६१९६०। खर्च लेखेको छ । पालिकाले खरिद नियमावाली पालना नगर सोझै खरिद गरेको नियमानुसार देखिएन । सोझै खरिद कार्यमा नियन्त्रण गरी शिलवन्दी दरभाउपत्र र वोलपत्र आव्हान गरी प्रतिस्पर्धा गराई मितव्ययी र पारदर्शी रुपमा प्याकेजिङ गरि खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| भौ नं मिति | कार्यक्रम | आपूर्तिकर्ता | रकम रु |
|---|---|---|---|
| ३१।०८०।६।२९ | फर्निचर तथा फिक्चर्स | एच.बि.एस. मल्टीट्रेड इन्टरप्राइजेज प्रा.लि. | ५६०९०३ |
| १५६६०८१।३।१४ | फर्निचर तथा फिक्चर्स | एच.बि.एस. मल्टीट्रेड इन्टरप्राइजेज प्रा.लि. | ५२३,४२०.०० |
| १६८०।०८१।३।१८ | फर्निचर तथा फिक्चर्स | एच.बि.एस. मल्टीट्रेड इन्टरप्राइजेज प्रा.लि. | ३९३५६२ |
| | | | १४७७८८५ |
| ३२।०८०।६।२९। | फर्निचर तथा फिक्चर्स | लुम्बिनी फर्निचर बजार | ६६२८१२ |
| १७६।०८०।९।२६ | फर्निचर तथा फिक्चर्स | एच.बि. ट्रेड लिंक प्रा.लि | ८५८८९८ |
| १७५।०८०।९।२६ | फर्निचर तथा फिक्चर्स | एम.जी.स्टील इण्डष्ट्रिज प्रा.लि. | ४३२७९० |
| ५३२।०८०।१२।३० | फर्निचर तथा फिक्चर्स | मेगा होम डेकोर एण्ड फर्निसिङ्ग प्रा लि | ९०२८४५ |
| १७५९।०८१।३।२१ | फर्निचर तथा फिक्चर्स | लम्साल इम्पोरियम | ६५,८७९.०० |
| १४८०।०८१।३।११ | फर्निचर तथा फिक्चर्स | कनौजे फर्निचर एण्ड फर्निसिङ्ग प्रा.लि. | ५९५०७७ |
| १५०७।०८१।३।१२ | फर्निचर तथा फिक्चर्स | अनुषा इण्डष्ट्रिज प्रा.लि. | ८८८७२८ |
| ६५३।०८१।१।१३ | फर्निचर तथा फिक्चर्स | त्रिपुरा फर्निचर हाउस प्रा लि | २९२३८७ |
| ८६६।०८१।२।३ | फर्निचर तथा फिक्चर्स | न्यू देउराली फर्निचर उधोग | ३०२९३० |
| १५६७।०८१।३।१४ | फर्निचर तथा फिक्चर्स | सिद्धवावा स्टील तथा काष्ठ उद्योग | २४१७२७ |
| १६७८।०८१।३।१८ | फर्निचर तथा फिक्चर्स | कनौजे फर्निचर एण्ड फर्निसिङ्ग प्रा.लि. | २००००२ |
| | | जम्मा | ६९२१९६० |

उल्लेखित फर्निचर खरिद मध्ये पालिकाले एच.बि.एस. मल्टीट्रेड इन्टरप्राइजेज प्रा.लि. संग उपरोक्त नियमावली विपरित टुक्रा गरी तीन पटकसम्म रु. १४७७८८५।– को खरिद कार्य गरेको छ । पालिकाले प्रतिस्पर्धात्मक रुपमा खरिद गर्नुपर्नेमा खरिद कानून विपरित खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १४,७७,८८५ |

८८ **मसलन्द सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र योजना अनुसार २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको मालसामान निर्माण कार्यको बोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले मसलन्द तथा कार्यालय सामान पटक पटक गरी रु ७६१००५०। सोझै खरिद गरेको छ ।पालिकाले ऐन नियममा भएको व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

८९ **पिएस आइटमक विल पेश नगरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ ।गो.भौ.न. ३।७।०८०७।२- बाट वि.पी. मार्ग कालो पत्रेका लागि निर्माण व्यवसायी वस्याल विन्द बासिनी निर्माण सेवालाई पि एस आईटमको रु. ३००००।- सहित रु. १६४८८२५।- भुक्तानी दिएकोमा उक्त पि.एस. आईटमको विल पेश नगरेकोले खर्चको विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३०,००० |
|---|---|

## ९० वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा स्तरमा जेष्ठ नागरीक सम्मान कार्यक्रममा बजेट विनियोजीत गरी वडा नं.६, १७, १०, २ र ८ बाट रु.११९४९०४।- को कम्मल खरिद गरी जेष्ठ नागरीकलाई वितरण गरेको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले गरिनुपर्दछ।

## ९१ मोडल तथा स्पेशिफिकेसन नखुलाई दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालयले जिन्सी मालसामानको विवरण खुलाई दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहाय अनुसार खरिद भएका सामाग्रीको नाम, मोडेल, स्पेशिफिकेसन तथा सिरियल नम्बर वेगर सोझै जिन्सी दाखिला गरेकोले सोको विवरण खुल्ने गरी प्रमाण पेश गर्नुपर्ने रु.

| भौ।मिति | आपूर्तिकर्ता | सामाग्री | रकम रु | दाखिला विवरण |
|---|---|---|---|---|
| ५५।०८१।३।११ | त्रिशा इलेक्ट्रिकल्स | प्रोजेक्टर रु. ७०६०० | १९८२९० | PAMS मा दाखिला गर्दा मोडेल र स्पेशिफिकेसन नखुलाएको |
| | | एक्सटर्नल हार्डडिस्क रु. १९२१० | | |
| | | जिपिएस मिटर रु. १८०८० | | |
| | | क्यामेरा रु. ९०४०० | | |

| प्रमाण पेश नगरेको | १,९८,२९० |
|---|---|

## ९२ सामाग्री हस्तान्तरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न दिन रित पुगे नपुगेको चेक जाँच गरि मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले भौ नं ११५३।०८१।२।२४ बाट मेशिनरी तथा साना औजार खरिद बजेटबाट सनराईज इन्टरनेशनल ट्रेड लिंकसंग २ थान वाटर फिल्टर रु. ४५२०० मा खरिद गरी जनता माध्यमिक विद्यालयलाई दिएको जनाएकोमा सोको निर्णय, फोटो तथा विद्यालयको जिन्सी दाखिला भएको कागजात संलग्न गरेको देखिएन । यससम्बन्धमा प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ४५,२०० |
|---|---|

## ९३ बन उपभोक्ता समिति

९३.१ **वन पैदावार आय** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(ख) मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

९३.२

**सामुदायिक वन** - वन नियमावली, २०७९ को नियम ४२ मा सामुदायिक वनको संरक्षण र व्यवस्थापनको जिम्मा समेत स्वयं वन उपभोक्ता समिति हुने रहेको देखिन्छ । सोही नियमावलीमा स्थानीय तहले सामुदायिक वन उपभोक्ता समितिको कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय, स्थानीय तह तथा सामुदायिक वन उपभोक्ता समूहको सहकार्यमा पर्यापर्यटनको कार्य गर्न सक्ने उल्लेख छ । पालिकाले यस वर्ष पालिकामा रहेको सामुदायिक वनहरुबाट राजश्व नलिए पनि नमुना छनौटका आधारमा हेर्दा देहाय अनुसारका सामुदायिक वनको तारबार व्यवस्थापन वापत खर्च गरेको पाईयो । यसरी सामुदायिक वनको कार्ययोजना बमोजिम डिभिजन वनको सहकार्यमा वन व्यवस्थापन तथा संरक्षणको कार्य हुनुपर्नेमा पालिकाबाट डिभिजन वनको सिफारिस तथा जानकारी वेगर वन संरक्षण तथा व्यवस्थापन वापत खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| भौ. नं मिति | सामुदायिक वनको नाम | रकम रु |
|---|---|---|
| १०२१।०८१।२।१८ | शंकरनगर सामुदायिक बन तारबार व्यबस्थापन.. | ४९९७८४ |
| १३९५।०८१।३।९ | करहिया सामुदायिक वन उपभोक्ता समूह ७-९ | ६९८८९९ |
| १४०६।०८१।३।९ | जमुनाघाट वन सरसफाई कार्यक्रम | ५०००० |
| | जम्मा | १६९८६८३ |

| | |
|---|---|
| अनियमित भएको | १६,९८,६८३ |

९४ **उपभोक्ता समिति मार्फत कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममूलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममूलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममूलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । यससम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

- उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन ।
- अनुगमन समितिले सम्पन्न भएको कामको अवस्था, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको उक्त विवरणहरु उल्लेख देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्ने गरी अनुगमन गरेर सोही अनुसारको अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण जस्ता कार्य गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण

कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

९५ **फरक सिमेन्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । त्यसैगरी उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा सिमेन्ट प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दरले दररेट विश्लेषण गरेकोमा उपभोक्ताले पि.पि.सि सिमेन्ट प्रयोग गरेको विल पाईएकोले जिल्ला दररेटमा उक्त सिमेन्टको दरमा फरक रहेकोले मूअकरसमेत देहाय अनुसार असुल हुनु पर्ने रु.

| भौ नं । मिति | योजना उपभोक्ता समिति | योजना भुक्तानी | हुनुपर्ने ओपिसी सिमेन्ट बोरा | ओपिसिको सट्टा प्रयोग भएको पिपिसि बोरा | फरक दर | रकम |
|---|---|---|---|---|---|---|
| ४६।०८१।३।२१ प्रदेश | मुक्तिनाथ पथ कृषि तरकारी जोन | ९७५००० | २९० | २४० | १०१.७ | २४४०८ |
| ३९।०८१।३।२० प्रदेश | दुर्गा संस्कृत बेद बेदाङ विद्यापिठ तिलोतमा १४ कक्षा कोठा निर्माण | १९५०००० | ६८५ | २७५ | १०१.७ | २७९६८ |
| १०१०।०८१।२।१७ | जमुहानी कुलोमा कल्भर्ट निर्माण | २००००० | ८३ | ६३ | १०१.७ | ६४०७ |
| १०३०।०८१।२।२० | कालिकास्थान नाली निर्माण उ स | ३००००० | १३१ | १३१ | १०१.७ | १३३२३ |
| १११६।०८१।२।२३ | चापागाई पथ नाली निर्माण तथा सडक मर्मत निर्माण उपभोक्ता समिति | २६५४४० | ९२ | ९२ | १०१.७ | ९३५६ |
| ११२५।०८१।२।२३ | दर्शन कल्याण समाज उपभोक्ता समिति | ४८३५०७ | ११५ | ७५ | १०१.७ | ७६२८ |
| ११६८।०८१।२।२८ | अनुदिप पथ नाली सहित ग्राभेल | ३००००० | ४९ | ४९ | १०१.७ | ४९८३ |
| १२७७।०८१।३।२ | अधिकारी पथ कालोपत्रे उपभोक्ता समिति | ५८५००० | २०७ | २०७ | १०१.७ | २१०५२ |
| | | | | | | ११५१२५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१९,४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१५,१२५ |

**९६ उपभोक्ताबाट हेभी इक्विपमेन्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १० मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । मेशिन मात्र प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्दा नै स्पस्ट आधार र कारण खोल्नुपर्नेमा सो खुलाएको देखिएन। उपभोक्ता समितिसँग सम्झौता गरेकोमा मेशिन प्रयोगको घण्टा, कामको परिमाण, दर, उल्लेख नभएको निर्माण ब्याबसायीको कर बिजक संलग्न गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। यसरी निर्माण कार्यमा उपभोक्ता समिति मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको तथा हेभी मेशिन प्रयोग गर्न सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिएको देखिएन । यसतर्फ सुधार हुनुपर्दछ ।

**९७ ईटा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी हेर्दा पालिकाले देहाय अनुसारका उपभोक्ता समितिका कार्यमा उपभोक्ताले पेश गरेको मूल्य अभिवृद्धि कर सहितको विल भन्दा बढी हुने गरी मूल्य अभिवृद्धि लागत अनुमानमा समावेश गरी मूल्यांकन अनुसार भुक्तानी दिँदा बढी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु.

| भौ नं मिति | उपभोक्ता समिति | विवरण | मूल्यांकन अनुसार भुक्तानी भएको मूअकर | पेश भएको मूअकर विल अनुसार | मूअकर बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ३९।०८१।३।२०<br>प्रदेश | दुर्गा संस्कृत वेद बेदाङ्ग विद्यापिठ तिलोत्तमा १४ कक्षाकोठा निमार्ण | ईटा लगाउने कार्यमा १८५८६ ईटाको मूल्यांकन अनुसार मूअकरसमेत रु. ३०१३८१।०० भुक्तानी भएकोमा रु. २६५५५०।०० को विल पेश | ३४६७२ | ३०५५० | ४१२२ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रु **७,१३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रु **५,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,१२२ |

**९८ अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यस वर्ष देहाय अनुसारका शिर्षकहरुमा रु. ११ करोड अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजना तथा

कार्यक्रममा खर्च गरेको छ। अबण्डामा बजेट राखी तोकादेश तथा निर्णय बाट खर्च गरी सभावाट निर्णय गर्ने गरेको देखिन्छ।पालिकाले यसरी निर्णयको आधारमा खर्च गर्दा खर्च बजेट कै हाराहारीमा भएको देखिन्छ । सचिवालय र कार्यपालिकाको सदस्यको निर्णयबाट हुने खर्चलाई बजेट खर्च गर्ने प्रचलित कानुन विपरित व्यक्तिको तजबिजको आधारमा खर्च गर्ने कार्य उचित देखिएन । तसर्थ पालिकाले बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाई स्वीकृत कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ ।

| सि. नं . | कार्यक्रम | बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | कार्यपालिका सदस्य मार्फत हुने पूँजीगत खर्च | ८० लाख | ७६७९७९४ | ९६ |
| २ | आकस्मिक पूर्वधार विकास कार्यक्रम- १ करोडका दरले १७ वडामा | १ करोड ७० लाख | १६४१३४१७ | ९६.५ |
| ३ | सचिवलायको निर्णय मार्फत हुने योजना तथा कार्यक्रम खर्च | ४ करोड | ३९९९९९९ | १०० |
| ४ | पूँजीगत अनुसन्धान तथा विकास खर्च | १ करोड ५० लाख | १२५६५४८३ | ८३ |
| ५ | टोल विकास संस्था संचालन अनुदान | ५० लाख | ४९८१२९० | ९९.६ |
| ६ | मर्मत सम्भार कोष | १ करोड | १ करोड | १००<br>कोषमा ट्रान्सफर |
| ७ | प्रकोप व्यवस्थापन कोष | १ करोड | १ करोड | कोषमा ट्रान्सफर |
| ८ | महिला संग उप-प्रमुख कार्यक्रम | ३० लाख | २५३९२९६ | ८५ |
| | मागमा आधारित खेलकुद कार्यक्रम | २० लाख | १९९९९९ | १०० |
| | | ११ करोड | १०६१७९२७८ | ९६ प्रतिशत |

## ९९ लागत सहभागिता

पालिकाले योजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## १०० सहकारी अनुगमन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न दिन रित पुगे नपुगेको चेक जाँच गरि मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले सहकारी अनुगमन कार्यक्रमबाट पालिका अन्तर्गतका सहकारीहरु अनुगमन गरे वापत रु. १ लाख खर्च लेखेको देखिन्छ । उक्त अनुगमन गर्दा पालिकाले २८ वटा सहकारीको विवरण संकलन गरी सोको प्रतिवेदन पेश गरेकोमा २० वटा अनुगमन गरेकोमा अनुगमन वापत १० जनालाई भुक्तानी भएकोमा सो मध्ये कार्यालयका कर्मचारी गणेश पौडेल र नयन घिमिरे अनुगमन गरेको फोटो प्रतिवेदनमा देखिन्छ । यसरी पर्याप्त पुष्ट्याई वेगर अन्य कर्मचारीलाई समेत भुक्तानी गरेको नियम अनुसार देखिएन । यस तर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।

## १०१ कार्यक्रम / शीर्षक फरक पारी खर्च

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ। साथै एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन) अनुसार कार्यालयले सम्बन्धित खर्च शीर्षकमा मात्र खर्च

लेख्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले निम्नानुसारको खर्च गरेकोमा जुन शिर्षकवाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शिर्षकवाट खर्च लेखि भुक्तानी गरेको देखिन्छ । यसरी नियम विपरीत खर्च लेखी भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु.

| गो.भौ.नं./मिति | खर्चको विवरण | भएको खर्च कार्यक्रम शिर्षक | भुक्तानी रकम |
|---|---|---|---|
| १८०६।०८१।३।२३ | नगरपालिका कार्यालय र परिसर सरसफाई<br>अल क्लिनिङ्ग सर्विसेस | पूजिगत अनुसन्धान तथा विकास खर्च( ३११३५ ) | ४२००७७ |
| १८३८।०८१।३।२३ | सामुदायिक विद्यालयहरुको शौचाय सरसफाई<br>अल क्लिनिङ्ग सर्विसेस | पूजिगत अनुसन्धान तथा विकास खर्च( ३११३५ ) | ३३३८७५ |
| ११३८।०८१।२।२४ | स्थानिय पाठ्य पुस्तक परिमार्जन<br>नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र | पूजिगत अनुसन्धान तथा विकास खर्च( ३११३५ ) | ५९९५७८ |
| ११४०।०८१।२।२४ | स्थानीय पाठ्यक्रम हाम्रो तिलोत्तमा परिमार्जन तथा सम्पादन कक्षा ६-८ डिजाईनिङ<br>लुम्बिनी बोष्टन इन्टरनेशनल एजुकेशनल कन्सल्टेन्सी प्रा.लि | पूजिगत अनुसन्धान तथा विकास खर्च( ३११३५ ) | ५९१२४३ |
| ११४२।०८१।२।२४ | स्थानीय पाठ्यक्रम हाम्रो तिलोत्तमा परिमार्जन तथा सम्पादन कक्षा ६-८<br>नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र | पूजिगत अनुसन्धान तथा विकास खर्च( ३११३५ ) | ३९६६३० |
| ४९४।०८०।१२।५ | विद्युतीय हाजिरी मेशिन जडान<br>सफ्टेक ईन्फरमेसन प्रा लि | पूजिगत अनुसन्धान तथा विकास खर्च( ३११३५ ) | ६९९२४४ |
| १३७४।०८१।३।७ | क्रिकेट खेलाडीहरुलाइ ड्रेस खरिद कार्य | आक्समिक पूर्वाधार विकास कार्यक्रम | २५००० |
| ११८०।०८१।२।२९ | विभिन्न टोलमा सडक ग्राभेल | क्रिकेट प्रशिक्षण कार्यक्रम | ५०००० |
| ११४४।०८१।२।२४ | लागूपदार्थ न्यूनिकरण सम्बन्धि कार्यक्रम सडक नाटक | पूजिगत अनुसन्धान तथा विकास खर्च | ४९७२०० |
| २७८९।०८१।३।२४ | सवारी साधन मर्मत | कानुन निर्माण तथा अन्य चालु तथा परामर्श | ४८०५१३ |
| जम्मा | | | ४०९३३६० |

| | |
|---|---|
| अनियमित भएको | ४०,९३,३६० |

१०२ **मू.अ.कर. समायोजन**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| भौ.नं।मिति | कार्य | व्यवसायीऽ।फर्म | कर दर्ता नं | विल नं। मिति | रकम | भ्याट | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| ३२।०८१।३।१४ | शंकरनगर बहुमुखी क्याम्पस भवन निर्माण | सनसाईन मल्टिविजनेस प्रा लि | ६०६८२७०८१ | २५।०८१।२।२३ | ५७८५० | ७५२० | विल नं हातले लेखेको |
| | | | ६०६८२७०८१ | २४।०८१।२।२२ | ७०००० | ९१०० | विल नं हातले लेखेको |
| | | | ६०६८२७०८१ | २३।०८१।२।२२ | १२४००० | १६१२० | विल नं हातले लेखेको |
| | | | ६०६८२७०८१ | २२।०८१।२।२२ | ६६००० | ८५८० | विल नं हातले लेखेको |
| ४४।०८१।३।२० | ज्ञानपथ रिङरोड नाली तथा सडक स्तरोन्नती | महेन्द्र आयल स्टोर्स | ६००७८७२८५ | १२१।०८१।३।९ | १०५४८० | १३७१२ | विल नं केरेको |
| ३७।०८१।२।२ | मंगलापुर देखि कान्छिबजारसम्म सडक स्तरोउन्नति गर्ने कार्य | गुराँस इन्जिनियरि एण्ड कन्स्ट्रक्सन सेवा प्रा लि | ६०६६७५३७० | ४।०८१।१।३१ | २०००० | २६०० | विल नं हातले लेखेको |
| १०९५।०८१।२।२३ | पुष्पपथ सडक | बाटिका निर्माण सेवा | ६०६६९३२५१ | ०१।०८१।२।१७ | २४२९३२० | ३१५८१ | टिपेक्स लगाएको ७० प्रतिशत |
| १७३५।०८१।३।२१ | सचिवालय कार्यक्रम वडा नं ७ ग्राभेल | पौडेल तेज कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ६१०३२८७२७ | ५१।०८१।३।५ | ८६२४७ | ११२१२ | विल नं हातले लेखेको |
| | | | | | | १००४२५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,४२५ |

१०३ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताबाट गरिने सार्वजनिक निर्माणको भुक्तानी गर्दा सम्झौता बमोजिमको उपभोक्ताको लागत सहभागिता कट्टा गरेर मात्र सार्वजनिक निकायले भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।तर पालिकाले तपशिल बमोजिमका उपभोक्ता समिति मार्फत कार्य गराउँदा कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रु.

| गो. भौ . नं . र मिति | उपभोक्ताको नाम | लागत अनुमान रकम रु. | भुक्तानी हुनुपर्ने ( कार्यसम्पन्न प्रतिवेदनको आधारमा ) रु . | भुक्तानी भएको रु. | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ४७३- २०८१।३।२१ | रामनगर हातबजार शोचालय निर्माण उ. स . | १८२५९२ | ११६७१० | १२४९०८ | ८१९७ |
| ६६०- २०८१।१।१४ | शिव पथ नाली निर्माण उ. स . | ४१६२३३ | ३३४२२१ | ३४०००० | ५७७९ |
| ९८४- २०८१।२।१ | ढाक्रेबास कुटी मार्ग सब बेस निर्माण उ. स . | ३५६४४० | २७५५६५ | २८१६०१ | ६०३५ |
| जम्मा | | | | | २००११ |

| असुल गर्नुपर्ने | २०,०११ |
|---|---|

## १०४ प्याबसनको ट्रस निर्माण

स्थानीय सरकार संचालन, २०७४ मा स्थानीय तहको कार्यक्षेत्र भित्र निजी तथा नाफामूलक संस्थाका लागि खर्च गर्ने व्यवस्था रहेको देखिदैन । तर पालिकाले यस वर्ष भौ.नं. ११३३।०८१।२।२४ मा सचिवलायको निर्णयबाट निजी विद्यालयहरुको संस्था प्याब्सन, रुपन्देहीको ट्रस निर्माणका लागि प्याबसन रुपन्देहीको नाममा रु. ४७६५६२।०० भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | ४,७६,५६२ |
|---|---|

## १०५ विटुमीन परिमाण

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर ग्रेडर विटुमिन डिष्टिव्युटर विटुमिन व्वाईलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाईने व्यवस्था छ । साथै उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टमा गराउन नसकिने व्यवस्था रहेको छ । उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ। त्यस्तै कार्यालयले नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्ने र निर्माण कार्य गर्दा सोही नर्मस अनुसार परिमाणको सामग्रीको समेत प्रयोग गरी गुणस्तरीय काम हुनुपर्दछ ।पालिकाले उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको कार्यसम्पादन पश्चातको भुक्तानी गर्दा उपभोक्ता समितिहरूले खरीद गरेको सामाग्रीहरुको परीमाण वरावरको खपत भएको छ कि छैन सोको समेत मूल्याङ्कन गर्नुपर्नेमा प्राविधिक विलको आधारमा मात्रै भुक्तानी दिइएको पाईयो ।

सडक कालोपत्रे गर्दा विटुमिनको प्रयोग प्राइमकोट, ट्याक्ट कोट, प्रिमेक्स कार्पेट तथा शिलकोटको लागि प्रति बर्गमीटरमा लाग्ने बिटुमीन लिटर अनुसारको खपत आधारमा लागत अनुमान तयार गरेकोमा नमुना छनौटको आधारमा परीक्षण गर्दा यसवर्ष उपभोक्ता मार्फत कालोपत्रे गरेको सडक मध्ये निम्न सडकहरुको पेश भएको विल भरपाई तथा प्राविधिक मूल्यांकनको विश्लेषण गर्दा विटुमिन लागत अनुमानमा राखे भन्दा घटी परिमाणमा विटुमीन खरिद गरेको देखिएकोले र उक्त विटुमीन खपतको सम्बन्धि स्प्रे रेट र ट्रे टेस्ट वेगर भुक्तानी दिएको असुल गर्नुपर्ने रु.

| भौ.नं. | योजना | योजना भुक्तानी | परिमाण | परिमाण वर्ग मिटर / लिटर | | | | परिमाण लिटर | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राइम कोट वमि/लिटर | ट्याक कोट वमी | प्रिमिक्स | शिल कोट | मूल्यांकन भुक्तानी | विल | घटी | घटी परिमाण अनुसारको रकम रु. १०६.५५ का दरले |
| ४४। ०८१।३। २० प्रदेश | वडा नं. ८ मर्पाडाँडा देखी दुन्द्राहुँदै धर्ना जोडने बाटो पिच | १११७ ३०३ | आइटम | ६१८.२२ | ३७७.८ | १८.८७ | ६२९.१२ | | | | |
| | | | बिटुमीन | ३८९.४८ | ३९६.६९ | १८५०.२ | ४२१.५१ | ३०५८ | २९५० | १०८ | ११४९५ |
| ४८। ०८१।३। २१ प्रदेश | हिमाली मार्ग कृषि सडक मकैजोज | १४५ ३१८१ | आइटम | १५८१ | ८४६ | ४० | १४१० | | | | |
| | | | बिटुमीन | ९९६.०३ | ८८८.७४ | ३९२२. | ९४४.७ | ६७५१ | ४९७२ | १७७९ | १८९६०३ |
| १०१९। ०८१।२। १८ | व्याडमिन्टन कोर्ट देखि मुरारी पराजुलीको घरसम्म जोड्ने सडक स्तरोन्नती वडा नं ८ | ४८६ ०८९ | आइटम | ४३७. | २६२. | १३. | २२७. | | | | |
| | | | बिटुमीन | २७५.३१ | २७५.१ | १२७४.६५ | १५२.०९ | १९७७ | १२४८ | ७२९ | ७७६९१ |
| १०२२। ०८१।२। २० | साइराम पथ कालोपत्रे निर्माण उ स (सचिवालय) | ४८७ ५०० | आइटम | ९८६. | ५९१. | २९. | ९८६. | | | | |
| | | | बिटुमीन | ६२१.१८ | ६२०.५५ | २८४३.४५ | ६६०.६२ | ४७४६ | ३१२० | १६२६ | १७३२२९ |
| १०३६। ०८१।३। २० | हरिकृष्णपथ निर्माण उस | ३०० ००० | आइटम | ३१९. | १९७. | ९.८१ | ३२८.६८ | | | | |
| | | | बिटुमीन | २००.९७ | २०६.८५ | ९६१.८७ | २२०.२२ | १५९० | ९६० | ६३० | ६७११६ |
| ११९६। ०८१।२। २९ | इन्द्रपथ सडक कालोपत्रे | ३०० ००० | आइटम | ३४४.५३ | २०६.७२ | १०.३४ | ३४४.५३ | | | | |
| | | | बिटुमीन | २१७.०५ | २१७.०६ | १०१३.८४ | २३०.८४ | १६७९ | १२४८ | ४३१ | ४५९०० |
| १२०१। ०८१।२। २९ | श्रीजना पथ कालोपत्रे | ३०० ००० | आइटम | ३३०. | १९८. | ९.९ | ३३०.१४ | | | | |
| | | | बिटुमीन | २०७.९ | २०७.९ | ९७०.७ | २२१.१९ | १६०८ | ९१० | ६९८ | ७४३३९ |
| १२५१। ०८१।२। ३१ | जसोधापथ कालोपत्रे उस सुमेरु | १३६ ५००० | आइटम | १७५३. | ९३५. | ४६. | १५५८. | | | | |
| | | | बिटुमीन | ११०४.३९ | ९८१.७५ | ४५१०.३ | १०४३.८६ | ७६४० | ७३२९ | ३११ | ३३१६९ |
| १२६८। ०८१।२। ३१ | दीपज्योती सडक वडा नं ८ | २९७ २२३ | आइटम | ३१३.८ | १८८.२८ | ९.२ | ३१३.८ | | | | |
| | | | बिटुमीन | १९७.६९ | १९७.६९ | ९०२.०६ | २१०.२५ | १५०८ | १२४८ | २६० | २७६७० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२७४।०८१।३।२ | बेलडाँडा पिताम्बर पाण्डेको पूर्व तर्फ सडक कालोपत्रे | १८९ ९८९ | आइटम | २४५. | १३२. | ५. | २२०. | | | | |
| | | | बिटुमीन | १५४.३५ | १३८.६ | ४९०.२५ | १४७.४ | ९३१ | ६२४ | ३०७ | ३२६६८ |
| १२७६।०८१।३।२ | अधिकारी पथ कालोपत्रे | ६०५ ८८३ | आइटम | ३९४. | २३६. | ११. | ३९४. | | | | |
| | | | बिटुमीन | २४८.२२ | २४७.८ | १०७८.५५ | २६३.९८ | १८३९ | १५०० | ३३९ | ३६०७३ |
| १२८८।०८१।३।२ | एकता पथ कालोपत्रे | ५०० ००० | आइटम | ४८४.२५ | २९०.५५ | १४.४४ | ४८४.२५ | | | | |
| | | | बिटुमीन | ३०५.०८ | ३०५.०८ | १४१५.८४ | ३२४.४५ | २३५० | २१४६ | २०४ | २१७८४ |
| १३६३।०८१।३।६ | कोखेली पथ सडक कालोपत्रे | ९७५ ००० | आइटम | १२२०. | ७३२. | ३६. | १२२०. | | | | |
| | | | बिटुमीन | ७६८.६ | ७६८.६ | ३५२९.८ | ८१७.४ | ५८८४ | ५७७२ | ११२ | ११९७६ |
| १३८९।०८१।३।९ | प्रगतिनगर क टोलमा बाटो कालोपत्रे पथ | ४८७ ५०० | आइटम | आइटम | ३५८. | १०. | ५९७. | | | | |
| | | | बिटुमीन | बिटुमीन | ३७५.९ | ९८०.५ | ३९९.९९ | १७५६ | १५६० | १९६ | २०९२५ |
| १३९९।०८१।३।९ | भाटाटोलमा कालोपत्रे निर्माण | ४१४ ९२६ | आइटम | ४८२. | २२५. | ११. | ३७६. | | | | |
| | | | बिटुमीन | ३०३.६६ | २३६.२५ | १०७८.५५ | २५१.९२ | १८७० | १४०४ | ४६६ | ४९६९३ |
| १७३४।०८१।३।२१ | हाइवे पथ स्तरउन्नती उ स | ६५३ २५४ | आइटम | ६३१. | १२१. | २०. | ८२०. | | | | |
| | | | बिटुमीन | ३९७.५३ | १२७.०५ | १९६१. | ५४९.४ | ३०३५ | २६८४ | ३५१ | ३७३९७ |
| जम्मा | | | | | | | | | | | ९१०७२८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,१०,७२८ |

१०६ **घटी विटुमिन खरिद**

**८१२।०८१।१।३०** – प्रगतीनगर क सडक कालोपत्रे (वडा न १२) गर्न लागि प्रगती नगर सडक कालोपत्रे निर्माण उपभोक्ता समितिसंग सम्झौता गरेको छ ।सडक निर्माण उपभोक्ता समितिले सम्झौता अनुसार सडक कालोपत्र गरेकोमा पालिकाले रु ९७५०००।भुक्तानी दिएको छ ।सम्झौता अनुसार उपभोक्ताले सडक कालोपत्रेको लागि विटुमीन ३४५५ लिटरको भुक्तानी दिएकोमा उपभोक्ता समितिले २९६४ के जी को मात्र विल पेश गरेको छ ।उपभोक्ता समितिलाई भुक्तानी गरेको भन्दा ४९१ लिटर कम विल पेश भएकोले प्रति लिटर १२१ का दरले हुने रु. ५९४११।- उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्नुपर्ने रु

**१७१०।०८१।३।१९** – शिव शंकर पथ सडक कालोपत्रे गर्न लागि शिव शंकरपथ सडक कालोपत्रे निर्माण उपभोक्ता समितिसंग सम्झौता गरेको छ ।सडक निर्माण उपभोक्ता समितिले सम्झौता अनुसार सडक कालोपत्र गरेकोमा पालिकाले रु. ९७५०००।- भुक्तानी दिएको छ ।सम्झौता अनुसार उपभोक्ताले सडक कालोपत्रेको लागि विटुमीन २०९७ लिटरको भुक्तानी दिएकोमा उपभोक्ता समितिले १४५६ के जी को मात्र विल पेश गरेको छ ।उपभोक्ता समितिलाई भुक्तानी गरेको भन्दा ६४१ लिटर कम विल पेश भएकोले प्रति लिटर १२१ का दरले हुने रु.७७५६१।- उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३६,९७२ |

१०७ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ यस वर्ष रु. ८३८९०७६।०० खर्च गरेको देखिएकोमा यस सम्बन्धमा अभिलेख तथा कन्टिन्जेन्सी सम्बन्धि कार्यविधि अनुसारको कार्यक्रमगत र खर्चको प्रकृति अनुसार कन्टिन्जेन्सी विवरण राख्नुपर्नेमा राखेको छैन । कार्यालयले अधिकांश खर्च ईन्धन, सवारी मर्मत, सूचना प्रकासन, सवारी साधन भाडा, अनुगमन मूल्यांकन, खाजा, बोलपत्र मूल्यांकन भत्ता, सामाग्री खरिद तथा अन्य विविध खर्चहरु गरेको देखिन्छ । कार्यालयले खर्च गरकेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने एवं प्रतिवेदन गर्ने कार्यविधि तोकिएको छैन। कन्टिन्जेन्सी खर्च गरेपनि सो अनुसारको खर्च विवरण पेश नगरेकोले यससम्बन्धमा यथार्थ विवरण तथा खर्च समबन्धमा एकिन गरी भन्न सकिने अवस्था छैन । कन्टिन्जेन्सी खर्च जुन योजनाको लागि व्यवस्था गरिएको हो सोही योजनामा संग सम्वन्धितमात्र खर्च गर्नुपर्नेमा गरेको देखिदैन । चालु प्रकृतिका कार्यालय संञ्चालन खर्चमा छुट्टै वजेट विनियोजन भएको अवस्थामा यस प्रकारको खर्च स्वभाविक देखिदैन । कार्यालयले कन्टिन्जेन्सी खर्च सम्बन्धि अद्यावधिक अभिलेख राख्नुका साथै खर्च नियन्त्रण गरी योजनासंग सम्वन्धित आवश्यक खर्च मात्र कण्टिजेन्सीवाट खर्च गर्नुपर्ने देखिन्छ ।

१०८ **क्याम्पसलाई अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यन्वयन निर्देशिकामा स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यामिक विद्यालय तहसम्म तलव भत्ता तथा विद्यालय गतिविधिसंग सम्वन्धित क्रियाकलापमा खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले माध्यामीक तह सम्मका विद्यालयमा मात्र बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले विभिन्न ५ कार्यक्रमका लागि बजेट व्यवस्थापन गरी पशुपति कलेजलाई रु. ८२३८७९, शंकरनगर बहुमुखी क्याम्पसलाई रु. ४५००००।०० र राममणि बहुमुखी क्याम्पसलाई रु. १५००००।०० व्यवस्थापन तथा अन्य खर्चका लागि रु १३२३८७९।०० खर्च लेखेको छ । क्याम्पसलाई विश्व विद्यालय तथा अन्य प्रदेश सरकारबाट अनुदान पाउने गरेकोमा पालिकाको कार्य क्षेत्र वाहिर गई खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १३,२३,८७९ |

१०९ **विटुमीनको भ्याट**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी हेर्दा पालिकाले देहाय अनुसारका उपभोक्ता समितिका कार्यमा मूल्य अभिवृद्धि सहित लागत अनुमानमा समावेश गरी मूल्यांकन अनुसार भुक्तानी दिएकोमा उपभोक्ता समितिले घटि परिमाणको विल भरपाई पेश गरेकोमा समेत बढी भुक्तानी दिएकोले सोको बढी भएको मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु.

| भौ.नं. | योजना | योजना भुक्तानी | मूल्यांकन परिमाण | दर | रकम | विल परिमाण | विल दर | विल रकम | घटी मू. अ . कर |
|---|---|---|---|---|---|---|---|---|---|
| ४४।०८१।३।२० प्रदेश | वडा नं. ८ मर्पाडाँडा देखी दुन्द्राहुँदै धर्ना जोडने बाटो पिच | १११७३०३ | ३०५८ | १०७ | ३२५८१७ | २९५० | ९० | २६५४१२ | ६९४९ |
| ४८।०८१।३।२१ प्रदेश | हिमाली मार्ग कृषि सडक मकैजोज | १४५३१८१ | ६७५१ | १०७ | ७१९३६९ | ४९७२ | ८७ | ४३२५६४ | ३२९९५ |
| १०१९।०८१।२।१८ | व्याडमिन्टन कोर्ट देखि मुरारी पराजुलीको<br>घरसम्म जोड्ने सडक स्तरोन्नती वडा नं ८ | ४८६०८९ | १९७७ | १०७ | २१०६६५ | १२४८ | १०३ | १२८३३२ | ९४७२ |
| १०२२।०८१।२।२० | साइराम पथ कालोपत्रे निर्माण उ स (सचिवालय) | ४८७५०० | ४७४६ | १०७ | ५०५६६५ | ३१२० | १०४ | ३२४३५५ | २०८५९ |
| १०३६।०८१।३।२० | हरिकृष्णपथ निर्माण उस | ३००००० | १५९० | १०७ | १६९४०४ | ९६० | १०४ | ९९८०२ | ८००७ |
| ११९६।०८१।२।२९ | इन्द्रपथ सडक कालोपत्रे | ३००००० | १६७९ | १०७ | १७८८७४ | १२४८ | १०२ | १२६९२२ | ५९७७ |
| १२०१।०८१।२।२९ | श्रीजना पथ कालोपत्रे | ३००००० | १६०८ | १०७ | १७१२९९ | ९१० | १०४ | ९४६०४ | ८८२३ |
| १२५१।०८१।२।३१ | जसोधापथ कालोपत्रे उस सुमेरु | १३६५००० | ७६४० | १०७ | ८१४०७४ | ७३२९ | ८८ | ६४५९७८ | १९३३८ |
| १२६८।०८१।२।३१ | दीपज्योती सडक वडा नं ८ | २९७२२३ | १५०८ | १०७ | १६०६४५ | १२४८ | १०७ | १३३९७३ | ३०६८ |
| १२७४।०८१।३।२ | बेलडाँडा पिताम्बर पाण्डेको पूर्व तर्फ सडक कालोपत्रे | १८९९८९ | ९३१ | १०७ | ९९१५५ | ६२४ | १०५ | ६५५७६ | ३८६३ |
| १२७६।०८१।३।२ | अधिकारी पथ कालोपत्रे | ६०५८८३ | १८३९ | १०७ | १९५८९८ | १५०० | १०४ | १५५९४० | ४५९७ |
| १२८८।०८१।३।२ | एकता पथ कालोपत्रे | ५००००० | २३५० | १०७ | २५०४४० | २१४६ | १०१ | २१६७४६ | ३८७६ |
| १३६३।०८१।३।६ | कोखेली पथ सडक कालोपत्रे | ९७५००० | ५८८४ | १०७ | ६२६९८३ | ५७७२ | १०२ | ५९०८९० | ४१५२ |
| १३८९।०८१।३।९ | प्रगतिनगर क टोलमा बाटो कालोपत्रे पथ | ४८७५०० | १७५६ | १०७ | १८७१४३ | १५६० | १०६ | १६५७०३ | २४६७ |
| १३९९।०८१।३।९ | भाटाटोलमा कालोपत्रे निर्माण | ४१४९२६ | १८७० | १०७ | १९९२८९ | १४०४ | १०४ | १४५९६० | ६१३५ |
| १७३४।०८१।३।२१ | हाइवे पथ स्तरउन्नती उ स | ६५३२५४ | ३०३५ | १०७ | ३२३३७७ | २६८४ | ९१ | २४३३४७ | ९२०७ |
| ४४।०८१।३।२० | ज्ञानपथ रिङरोड नाली तथा सडक स्तरोन्नती | १११७३०३ | ३०५८ | १०७ | ३२४१८ | २९५० | ९० | २६५४०३ | ६७५७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | १५६५४२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५६,५४२ |

११० **कर समायोजन**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। परामर्शदाता लुम्विनी इन्जिनियर्स एण्ड रिसोर्स कन्सलटेनसी प्रा.लि. लाई मू.अ.कर रु. २२९४३९।सहित रु १९९४०००। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि नन् फाईलर रहेकोले मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६०,६०७ |

१११ **परामर्श सेवा खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ परिच्छेद ६ नियम ८४ र ८५ अनुसार बोलपत्र सिलवन्दी दरभाउपत्र र सौझै खरिद गर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारको विभिन्न शीर्षक तथा कार्यक्रमबाट देहाय बमोजिम रु, १०५९९०७७ परामर्श सेवा लिई खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन् :

| गो भौ न | पारामर्शदाताको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| ८४२।९।२४ | भिजन कन्सल्टेन्सी प्रा ली | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली | ४८५९०० |
| ७७२।९।१९ | लुम्विनी इन्जिनियर्स एण्ड रिसोर्स कन्सलटे | ४ वटा विद्यालयको डिपिआर | १९९४३३७ |
|  | सिमिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्राली | संगठन तथा व्यवस्थापन सर्वेक्षण | ४९७२०० |
| ६०४।०८१।१।९ | दुरदर्शी ईन्जीनियरीङ कन्सल्टेन्सी प्रा.लि. | तिनाउ नदीका विभिन्न घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण | १९९१९१६ |
| ७५६।०८१।१।२४ | टेक्नोयड ईन्जिनियरिङ्ग सर्भिसेज प्रा.लि. | भवन डिजाइन तथा ड्रइङ तयारी | ४९३८०० |
| १३२४।०८१।३।५ | ब्राइट इन्जिनियरिङ एण्ड कन्सट्रक्सन प्रा.लि. | मेदिनी स्कुल डिपिआर | ४९५००० |
| १३२६।०८१।३।५ | रेसुङ्गा ट्रेनिङ्ग एण्ड मल्टिपर्पोज प्रा.लि. | वडा नं १७ कार्यालयको डीपीआर | ४९२००० |
| १३८७।०८१।३।९ | गभरनेन्स एण्ड डिजाइन सोलुसन प्रा. लि. | लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण | ४९३०४१ |
| १४६१।०८१।३।१० | रेजिलियन्स कन्स्ट्रक्सन एण्ड डेभलपमेन्ट प्रा.लि. | विपद् व्यवस्थापनको रणनैतिक कार्ययोजना निर्माण | ७९४८८२ |

| | | | |
|---|---|---|---|
| | | | |
| १५५५।०८१।३।१४ | पैयु पर्वत ईन्जिनियरीङ्ग एण्ड कन्ट्रक्सन प्रा.लि. | मातृशिशु अस्पतालको डिपीआर | ९९४०८३ |
| १८१७।०८१।३।१९ | अलाना इन्टरनेशनल सर्विसेस प्रा.लि. | आवधिक योजना निर्माण | १३६८५८८ |
| १८२७।०८१।३।२३ | आर.इ.इ.एस. कन्सल्टेन्सी नेपाल प्रा.लि. | मुख्य आयोजनाहरुको प्रभाव मुल्याङ्कन कार्य | ४९८३३० |

१११.१ **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाईयो । नर्म्स निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

१११.२ **विज्ञको उपस्थिति** - परामर्श सेवा प्रदान गर्न निम्नानुसार परामर्शदाताहरुले कार्य गर्ने उल्लेख भएकोमा निजहरुको प्रमाणित हाजिर विवरण पेश भएको छैन। जसवाट सम्वन्धितको विज्ञता उपयोग सम्वन्धमा एकिन हुन सकिएन । परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ ।सम्झौता वमोजिम विज्ञहरुको संलग्नता पुष्टि हुने प्रमाण संलग्न हुनुपर्दछ ।

१११.३ **सोधभर्ना र डेलिभरेबल्स** - पालिकाले परामर्श कार्यको भुक्तानी गर्दा सोधभर्ना हुने आईटमको कार्यको विल वेगर भुक्तानी गर्ने देखिएकोले विल भरपाई र खर्च पुष्ट्याई हुने गरी मात्र परामर्शदातालाई भुक्तानी गर्नुपर्दछ । साथै सम्झौता अनसारका सबै प्रतिवेदनहरु तोकिएको परिमाणमा प्राप्त गर्नुपर्दछ । पालिकाले परामर्श तर्फको कार्य तथा भुक्तानीमा आगामी दिनमा सुधार गरिनुपर्दछ ।

१११.४ **अभिलेख** – परामर्शसेवा, अध्ययन तथा डि.पि.आर.हरुको अभिलेख व्यवस्थित गरी राख्नुपर्नेमा हाल सम्म भएका डि.पि.आर. तथा अध्ययन प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन । जसवाट हाल भएका कार्यहको दोहोरो पना सम्वन्धमा एकिन गर्न सकिएन । लिएका परामर्श सेवाका तथा डि.पि.आर. प्रतिवेदनको अभिलेख व्यवस्थित गरेर राख्नुपर्दछ ।

१११.५ **कार्यान्वयन** - पालिकाले आवश्यकताका आधारमा मात्र परामर्श सेवा लिने तथा सोको अभिलेख राखि उक्त अध्ययन प्रतिवेदनहरु कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१११.६ सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकता पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा यसरी सेवा लिदाँ सोको आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । डिपिआर बाहेकका अन्य कार्य पालिकाको जनशक्तिबाट गर्ने गरी व्यवस्था मिलाउनुपर्दछ । यस्ता सेवा प्रतिवेदन खरिद गर्दा

ती आयोजना एवम् कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

११२ **गैरसरकारी संस्थामार्फत कार्य**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । साथै, सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य मात्र गैर सरकारी संस्थाबाट गराउन सकिने व्यवस्था छ । तर कार्यालयको आफ्नै कर्मचारीबाट हुन सक्ने निम्न बमोजिमको काम गैर सहकारी संस्थाबाट गराएको देखिन्छ । साथै उक्त संस्थाहरु मौजुदा सूचीमा दर्ता नगरेको, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरि प्रस्ताव माग नगरेको अवस्था छ। पालिकाले त्यस्ता संस्थाहरुसँग सोझै सम्झौता गरेको छ। साथै पालिकाले संस्थाहरुबाट भएको कामको प्राविधिक मूल्याङ्कन, प्रतिफल तथा मूल्यांकन गरेको देखिएन। पालिकाले आवश्यक प्रकृया तथा कागजात र खरिद बिधि वेगर सोझै सम्झौता गरी भूक्तानी गरेको नियमसम्मत देखिदैन। यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| गो.भौ. नं/ मिति | संस्थाको नाम | कामको व्यहोरा | रकम |
|---|---|---|---|
| १४३८।०८१।३।१० | स्वाभिमानका लागि एकल महिला मञ्च तिलोत्तमा | एकल महिला क्षमता तथा शिप विकास कार्यक्रम | ५००००० |
| १०६९।०८१।२।२२ | मञ्जरी बचत तथा ऋण सहकारी संस्था लि | नमूना कृषक प्रवर्द्धन (तरकारी/च्याउ/मौरी/फूल) | ५५०८५ |
| २६।०८०।६।२९ | साहसी कदम नेपाल | यौनिक तथा लैङ्गिक अल्पसंख्यक क्षमता विकास कार्यक्रम | ३००००० |
| ९४१।०८१।२।१३ | सामुदायिक जागरण विकास मञ्च | दलित उत्थान विकास कार्यक्रम | १००००० |

११३ **आवधिक योजना निर्माण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न दिन रित पुगे नपुगेको चेक जाँच गरि मात्र भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले भौ.नं. १८१७।०८१।३।१९ बाट अलाना इन्टरनेशनल सर्विसेस प्रा.लि. लाई आवधिक योजना निर्माण वापत रु. १३६८५८८।०० भुक्तानी भएकोमा सम्झौता, कार्य सम्बन्धि विवरण तथा सम्झौता अनुसारको विल भरपाई पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,६८,५८८ |

११४ **डकुमेन्ट्री निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ परिच्छेद ६ नियम ८४ र ८५ अनुसार बोलपत्र सिलवन्दी दरभाउपत्र र सौझै खरिद गर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न बजेट उपशिर्षक तथा कार्यक्रमबाट देहाय अनुसारका डकुमेन्ट्रीहरु निर्माण गरी खर्च गरेको पाईयो । पालिका डकुमेन्ट्री निर्माण गर्ने कार्यका लागि सम्बन्धित विषयहरुलाई समेट्ने गरी प्याकेजिंग गरेर आवश्यक विषयमा एकिकृतरुपमा गर्नुपर्दछ । पालिकाले यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| मिति | भौ नं | कार्यक्रम | फर्म | डकुमेन्टरी | रकम रु |
|---|---|---|---|---|---|
| ०३/१२/२०८१ | १५०४ | नगर प्रमुख र उपप्रमुखसँग विद्यार्थी कार्यक्रम | लुम्विनी फ्रिडम मिडिया प्रा.लि | नगरपालिकाको डकुमेन्ट्री भिडियो निर्माण | ५०,००० |
| ०३/१७/२०८१ | १६१७ | पार्श्व चित्र निर्माण दलित समुदायका उत्थानका लागि | सामुदायिक जागरण विकास मञ्च | दलित पाश्व चित्र निर्माण | २९८००० |
| ०३/१९/२०८१ | १६८९ | पूँजीगत अनुसन्धान तथा विकास खर्च | रिल्स एण्ड फ्रेम्स मिडिया प्रा.लि. | तिलोतमा नगरपालिकाका<br>विभिन्न एतिहासिक धार्मिक पुरातात्वतिक सास्कृतीक महत्वका क्षेत्रहरुको परिचय सहितको<br>फोटो फिचर निर्माण | ४९७२०० |
| ०३/२०/२०८१ | १७१८ | पूँजीगत अनुसन्धान तथा विकास खर्च | प्रशासन मिडिया ग्रुप प्रा.लि. | सेवा प्रवाह विकास तथा सुशासन सम्बन्धमा भए गरेका<br>असल अभ्यास क्रियाकलापहरुको डकुमेन्ट्री निर्माण | ४९२६८० |
| ०३/२१/२०८१ | १७६० | पूँजीगत अनुसन्धान तथा विकास खर्च | नेपाल वाच मल्टिमिडीया प्रा.लि. | नगरपालिकाको असल कार्य समेटेर बृत्तचित्र उत्पादन र प्रसारण | ४९६००० |
| ०३/१६/२०८१ | १५८६ | विभिन्न शीर्षक | सुविगो मिडिया प्रा.लि. | सूचना।वृतचित्र निर्माण | २२६००० |
| | | | | | २,०५९,८८० |

११५ **पेश्की व्यवस्थापन**

यससम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन् :

११५.१ **म्याद नाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. १२१००००।- फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| मिति | कार्यक्रम | पेश्की लिनेको नाम | म्याद नाघेको |
|---|---|---|---|
| २७८५।०८१।३।२४ | कार्यपालिका बैठक भत्ता तथा संचालन खर्च | सिता घिमिरे भण्डारी | ३१०००० |
| २८०२।०८१।३।२४ | कर्मचारी प्रोत्साहन | माधव प्रसाद पोख्रेल | ७००००० |
| ५८९।०८०।८।२१ | स्वाथ्य सस्थाहरुमा संचालित ल्याब सेवा को स्तरवृद्धि एवम निरन्तरताका लागि अनुदान (ल्याव सचालन भएका स्थानहरुमा) | शंकरनगर स्वास्थ्य चौकी | २००००० |
| | | | १२१०००० |

| | |
|---|---|
| पेश्की | १२,१०,००० |

११५.२ **म्याद ननाघेको पेश्की** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय

बमोजिमका कार्यक्रममा निकाय व्यक्ति तथा संस्थालाई पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| मिति | कार्यक्रम | पेश्की लिनेको नाम | म्याद ननाघेको |
|---|---|---|---|
| २७।०८१।१।१० | Urban Development Grant अन्तर्गत मंगलापुर देखि कान्छिबजारसम्म सडक स्तरोउन्नति गर्ने कार्य | आसिष । आशिर्बाद जे.भि. | ११८०००० |
| ४४।०८१।२।२३ | Urban Development Grant अन्तर्गत मंगलापुर देखि कान्छिबजारसम्म सडक स्तरोउन्नति गर्ने कार्य | आसिष । आशिर्बाद जे.भि. | ११८०००० |
| | | | २३६००००० |

११५.३ **गत विगतको पेश्की** - पालिकाबाट गत विगत वर्षमा दिएको पेश्की देहायअनुसारको बाँकी रहेको विवरण सुत्रको मलेप फारम नं २११ फर्छयौट गर्न बाँकी पेश्कीको मास्केवारीबाट देखिएकोले नियमानुसार उक्त पेश्की फर्छयौट हुनु पर्दछ ।

| सि. नं | कार्यक्रम | संख्या।नाम | पेश्की रकम रु |
|---|---|---|---|
| १ | कर्मचारी पेश्की | विभिन्न ८ जनाको | ८८७५०० |
| २ | मोविलाईजेसन पेश्की सुत्र | १० फर्म | ४०३२०००७ |
| ३ | विपि ग्राम १५ शैया अस्पताल निर्माण | खड्का सगुन जेभी बुटवल | ६९४२२०० |
| ४ | आनन्दवन १५ शैया अस्पताल निर्माण | खड्का सगुन जेभी बुटवल | ६०४६४०० |
| ५ | संस्थागत पेश्की | २९ | ११४४८३९० |
| ६ | व्यक्तिगत पेश्की | कृषि विकास कार्यक्रय | १५०००० |
| | | अल्पा कुमारी उपाध्याय | |
| | जम्मा | | ६५७९४००० |

११६ **अन्य कार्यालयको खर्च**

आर्थिका कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ । सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले । कानुनको व्यवस्था अनुरुप अख्तियारी प्रदान गरी खर्च गर्नुपर्नेमा सोझै अन्य कार्यालयको खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| भौ।मिति | विवरण | भुक्तानी भएको फर्म | रकम रु |
|---|---|---|---|
| ७२३।०८१।१।२१ | कार्यपालिकाको निर्णय अनुसार नापी कार्यालय भैरहवालाई आर्थिक सहयोग भुक्तानी | नापी कार्यालय भैरहवा | १०००००० |
| ११२९।०८१।२।२४ | मालपोत कार्यालय भैरहवालाई आर्थिक सहयोग | मालपोत कार्यालय भैरहवा | २००००० |
| १३२१- ०८०।१२।१६ | ईलाका प्रहरी कार्यालय मंगलापुरको सवारी साधन मर्मत | नेपाल अटो पार्टस सप्लायर्स | ३५००० |
| जम्मा | | | १२३५००० |

| | |
|---|---|
| अनियमित भएको | १२,३५,००० |

११७ **कवाडी ठेक्का**

पालिकाको आर्थिक ऐन, २०८० अनुसार पालिकाले राजस्व परामर्श समितिको छलफल पश्चात रु. ७ लाख न्यूनतम कबोल अंक कायम गरेकोमा हरिओम इन्टरनेशनल कम्पनीले मूअकर बाहेक रु. ६५५१५५१।०० मा कबोल गरेको छ, जुन न्यूनतम कबोल अंक भन्दा ८३५ प्रतिशत बढी देखिएकोले पालिकाले गरेको अनुमान यथार्थपरक भएको देखिएन ।यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

**मू.अ.कर. दाखिला** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले कवाडी कर वापत १३ प्रतिशतले उठाएको मूल्य अभिवृद्धि कर रु. ८५१७०२।०० राजश्व शिर्षक नं. ३३३१७ मा दाखिला गर्नुपर्नेमा राजस्व शीर्षक नं ३३३१३ मा दाखिला गरेको नियम अनुसार देखिएन । तोकिकिएको शिर्षकमा कर दाखिला गर्नुपर्दछ ।

११८ **अनुमान अनुसार असुल नभएका राजस्व**

**माछापोखरी लिज** – पालिकाले माछापोखरी लिजबाट यस वर्ष रु. ५० हजार राजस्व संकलन गर्ने अनुमान गरेकोमा यस वर्ष उक्त क्षेत्रबाट कुनै पनि आय प्राप्त भएको छैन । पालिका भित्र रहेका माछापोखरीको लगत अद्यावधिक गरी नियमानुसार कर संकलन गरी पालिकले राजस्व वृद्धि गर्नुपर्दछ ।

**सरकारी सम्पत्तिको बहाल** - पालिकाले सरकारी सम्पत्तिको बहालबाट यस वर्ष रु. ३९ लाख ५० हजार राजस्व संकलन गर्ने अनुमान गरेकोमा यस वर्ष उक्त क्षेत्रबाट कुनै पनि आय प्राप्त भएको छैन । पालिकाको स्वामित्वमा रहेका जग्गा, घर, सटर, सवारी साधन तथा अन्य सम्पत्तिबाट समेत नियमानुसार राजस्व संकलन पालिकले राजस्व वृद्धि गर्नुपर्दछ ।

११९ **विज्ञापन कर ठेक्का**

११९.१ पालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को दफा १४० को उपनियम ४ तथा बोलपत्रको शर्त नं ८ मा तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा वा लिन मन्जुर नगरेमा निज पछिको दोश्रो, तेश्रो क्रम अनुसार अरु बोलपत्रदातालाई प्राथमिकता दिई निजहरुलाई सूचना जारी गरी ठेक्का बन्दोबस्त गरिने र प्रथम बोलपत्रदाताको धरौटी जफत गरिने तथा जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको कबोल रकमको अन्तर बढी हुने भएमा सो अन्तर बराबरको रकम अघिल्लो क्रमको बोलकर्ताबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने उल्लेख रहेको छ । पालिकाले विज्ञापन करका लागि मूअकर बाहेक न्यूनतम कबोल अंक रु. ३० लाख कायम गरेकोमा प्रथम कबोलकर्ता शाईन हब प्रा.लि. विराटनगरले मूअकर बाहेक रु. ४५ लाख कबोल गरेको र थप ग्यारेन्टि समयमा पेश नगरेको कारण जनाई उक्त कबोलकर्ताको बोलपत्र बदर गरी दोश्रो कबोलकर्तासंगको फरक रकम रु. ९७६०००।०० जफत गरी दाखिला गरेको र दोश्रो कबोलकर्ता युनिभर्सल एडभरटाईजिङ प्रा लि बागबजारलाई छनौट गरेको देखिन्छ ।

११९.२ **फरक रकम** - तत्पश्चात दोश्रो कबोलकर्ता युनिभर्सल एडभरटाईजिङ प्रा लि बागबजारले कबोल गरेको रु. ३५२४०००।०० मा २०८०।८।१४ मा सम्झौता गरी नआएकोले तेश्रो कबोलकर्ता श्री नेपाल मिडिया टेक्नोलोजीसंग रु. ३२५०१००।०० मा सम्झौता गरी ठेक्का सम्पन्न गरेकोमा दोश्रो र तेश्रो कबोलकर्ता बीचको फरक रु. २७३९००।०० रहेकोमा पालिकाले युनिभर्सल एडभरटाईजिङ प्रा.लि. बागबजारको धरौटीबाट रु. २०००००।०० मात्र असुल गरेको देखिएकोले बाँकी रहेको रु.७३९००।०० पालिकाले असुलका लागि पत्राचार गरेकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,९०० |

१२० **विभाज्य कोष**

स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ६२ (क) वमोजिम ढुङ्गा गिट्टी बालुवा गाउँपालिका वा नगरपालिकाले विक्रि गरी प्राप्त राजश्व आफ्नो संचितकोषमा दाखिला गर्न सक्ने व्यवस्था रहेको छ । यस पालिकाले यस वर्ष विभाज्य कोषमा देहाय अनुसार आम्दानी गरी प्रदेश संचित कोषमा दाखिला गरेको विवरण पेश गरेको छ ।

| सि. नं . | आय शीर्षक | असुली | प्रदेशमा पठाएको | यथार्थ असुली |
|---|---|---|---|---|
| १ | मनोरञ्जन कर | १६७७३४८ | ६७०९३९ | १००६४०८ |
| २ | विज्ञापन कर | १६२५०५० | ६५००२० | ९७५०३० |
| ३ | नदिजन्य पदार्थ ठेक्काबाट आय | १०७०१५८९० | ४२८०६३५६ | ६४२०९५३४ |

१२१ **क्रसरबाट उत्पादित गिट्टी बालुवा ढुवानी दस्तुर**

तिलोत्तमा नगरपालिको आर्थिक ऐन, २०८० को अनुसूची ९ (२) (क) मा क्रशरबाट उत्पादित गिट्टी बालुवा ढुवानी गर्ने साधनमा प्रति घनफुट रु, १ को दरले दस्तुर तिर्ने व्यवस्था छ। तर पालिकाले यस आ.व.भित्र १७ वटा क्रसर उद्योग संचालन भएको जानकारी दिएकोमा सो मध्ये पालिकाले राखेको विवरण खाता अनुसार ३ वटा क्रसर उद्योगमा राखिएको गिट्टी बालुवाको परिमाण शुरुको अनुमति प्राप्त परिमाण भन्दा बढी परिमाणमा निकासी भएको र प्रिपेड सिस्टम अनुसार राजस्व उठाउदै गरेको पालिकाले जनाएपनि लेखापरीक्षण समयावधि सम्म पनि बढी निकासी भई ढुवानी भएको परिमाणको नवीकरण गर्न वा ढुवानी दस्तुर भुक्तानी गर्न सम्बन्धित क्रसर उद्योग नआएको देखिन्छ।बढी निकासा ढुवानी भएको परिमाण बराबर ढुवानी शुल्कको रकम यकिन गरी सम्बन्धित राजस्व खातामा दाखिला गर्नु पर्ने रु,

| क्रसर उद्योगको नाम | अनुमति दिएको परिमाण ( घनफुटमा ) | निकासी परिमाण( घनफुटमा ) | बढी निकासा परिमाण बराबरको मुल्य | कैफियत |
|---|---|---|---|---|
| दाउन्ने प्रा. लि . | ४७६८५ | ९०४५० | ४२७६५ | To be paid |
| पञ्चमुर्ति प्रालि | ० | ७१९० | ७१९० | To be paid |
| जम्मा | | | ४९९५५ | |

| असुल गर्नुपर्ने | ४९,९५५ |
|---|---|

१२२ **नदीजन्य पदार्थको विक्री**

१२२.१ स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ६२ (क) वमोजिम ढुङ्गा गिट्टी बालुवा गाउँपालिका वा नगरपालिकाले विक्रि गरी प्राप्त राजश्व आफ्नो संचितकोषमा दाखिला गर्न सक्ने व्यवस्था रहेको छ । कार्यालयले यस बर्ष नदिजन्य पदार्थ उत्खनन् गरी रु. १०७०१५८९०।०० आय प्राप्त गरेकोमा ऐनले निर्धारण गरे बमोजिमको कार्ययोजना तयार गरेको पाइएन। समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदिजन्य पदार्थको उत्खनन ,घाटगद्दि र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । पालिकाले यस वर्ष तिनाउ खोला अन्तर्गतको ७ वटा घाटको IEE गराएकोमा ५ वटा घाटमा ठेक्का लागेको र अन्य २ घाट मध्ये पहुनी घाटमा ठेक्का बन्दोबस्त हुन नसकेको तथा सुखौरा घाटमा पालिकाको योजनामा उत्ख्नन परिमाण प्रयोग गर्ने निर्णय गरेको देखिन्छ । पालिकाले यस वर्ष ढुंङ्गा, गिट्टी उत्खन्न तथा विक्रीतर्फ देहाय अनुसार राजश्व संकलन गरेको विवरण पेश भएको छ । पालिकाले नदिजन्य पदार्थ उत्खन्न तथा विक्री सम्बन्धि कार्यविधि बमोजिम तथा आर्थिक ऐन तथा सम्झौतामा उत्खन्न, राजस्व संकलन तथा घाटमा रहेको स्टक मौजदात तथा बढी उत्खन्न सम्बन्धि कार्यलाई नियन्त्रण गर्नुपर्दछ । पालिकाले सबै घाटहरुमा IEE अनुसार सूचना निकाली समयमै ठेक्का व्यवस्थापन गरेर तथा उचित नियमन गरी व्यवस्थित रुपमा आय बृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| सि. नं . | राजस्व विवरण | असुल रकम रु |
|---|---|---|
| १ | नदीजन्य पदार्थ ठेक्काबाट आय | १०७०१५८९० |
| २ | नदीजन्य पदार्थ जरिवाना | ४२६५९९७ |

१२२.२ **सेमरी/सुस्पुरा घाट** – पालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को दफा १४० को उपनियम ४ तथा बोलपत्रको शर्त नं ८ मा तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा वा लिन मन्जुर नगरेमा निज पछिको दोश्रो, तेश्रो क्रम अनुसार अरु बोलपत्रदातालाई प्राथमिकता दिई निजहरुलाई सूचना जारी गरी ठेक्का बन्दोबस्त गरिने र प्रथम बोलपत्रदाताको धरौटी जफत गरिने तथा जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको कबोल रकमको अन्तर बढी हुने भएमा सो अन्तर बराबरको रकम अघिल्लो क्रमको बोलकर्ताबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने उल्लेख रहेको छ । साथै सोही नियमको उपनियम ६ मा बोलपत्रदाताले स्वीकृत भएको सूचना प्राप्त भए पछि पट्टा लिन नआएमा राखेको जमानत जफत गरीने उल्लेख छ ।पालिकाले तिनाउ नदी सेमरी/सुस्पुरा घाट ठेक्का नं. २२।०८०-८१ का प्रथम कबोलकर्ता बस्याल विन्दवासिनी निर्माण सेवा, पुतलिसडक, काटमाडौंले पालिकाले IEE बमोजिम १६६७००० घन फुटका लागि २०८०।१२।२३ मा ३० दिने सूचना बमोजिम न्यूनतम कबोल अंक रु. २८५३९०००।– मा सबै भन्दा बढी मूअकर बाहेक रु. ४४३५०५००।०० कबोल गरेकोमा २०८१।२।४ को ठेक्का सम्झौता गर्न सूचना गरेकोमा सूचना बमोजिम ठेक्का सम्झौता गर्न नआएको र समय अभावका कारण दोश्रो तथा तेश्रो कबोलकर्ता समेत सम्झौता गर्न नआएको देखिन्छ जसअनुसार पालिकाको रु. २८५३९०००।०० न्यूनतम कबोल अंक अनुसारको राजस्व गुम्न गएको छ । उक्त ठेक्का रद्ध भएको सम्बन्धमा अन्य निर्णय पेश भएको छैन । यस सम्बन्धमा पालिकाले निर्माण व्यवसायीको कार्य सम्पादन जमानत वापतको रकम रु. ३३ लाख रहेकोमा पालिकाले उक्त निर्माण व्यवसायीको मूअकर समेत हुने कबोल रकम रु. ५०११६०६५।०० को ५ प्रतिशतले हुने रु. २५०५८०४।०० जफत गरी दाखिला गरेको छ।

१२२.३ **सुखौरा घाटको नदीजन्य पदार्थ** - पालिकाले २०८०।६।२९ मा वडा नं. ११ मा रहेको सुखौरा खोलाको घाटबाट नदीजन्य पदार्थ उत्खन्न गर्न मिसकट व्यवस्थापन समिति गठन गरी पालिलको विभिन्न खाल्डा खुल्डी पुर्ने कार्यको लागि अमानतबाट गर्ने गरि कार्यपालिकाको निर्णय गरेको देखिन्छ । उक्त उतखन्न गर्नका लागि पालिकाले ईन्धन, हेभिइक्विपमेन्ट भाडा, ट्र्याक्टर।टिपर ढुवानी, अन्य वैठक अनुगमन तथा व्यवस्थापन खर्च वापत रु. १९९९२६५।० खर्च गरेको विवरण पेश गरेको छ । पालिकाले उक्त कार्यबाट २६८१८० घन फुट नदिजन्य पदार्थ मिसकट घाटगद्धी गरेको विवरण पेश गरेको छ जसको मूल्य पालिकाको दर रु. १६ प्रतिश घन फुट अनुसार अनुसार रु. ४२९००८०।०० हुने देखिन्छ । यसरी उत्खनन गरिएको परिमाण रकम र खर्चको तुलना गर्दा खर्च ४७ प्रतिशत देखिएकोले उत्खनन कार्यमा मितव्ययियता कायम गर्नुपर्ने देखिन्छ । साथै उत्खन्न परिमाण हाल सम्म घाट मै रहेको र प्रयोग नभएको तथा विक्री समेत नभएको पालिकाले जनाएकोमा यससम्बन्धमा पालिकाले आवश्यक निर्णय गर्नुपर्ने देखिन्छ ।

१२२.४ **विगत आ.व.को विभाज्य कोष रकम** - स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको गत विगतको देहाय अनुसारको रकम विभाज्य कोषमा रहेको देखिन्छ । यस सम्बन्धमा उपयुक्त निर्णय गरी सम्बन्धित खाता वा कोषमा पठाउनुपर्दछ ।

| आय शीर्षक | रकम रु. |
|---|---|
| विगत आ.ब को विभाज्य कोषमा रहेको रकम | १२७९३०३४०.६४ |

१२२.५ **असुली गर्न बाँकी आन्तरिक आय** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार व्यवसायिबाट रु.१९९५६०००।- असुल गर्ने बाँकी रहेको छ । अघिल्लो

आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समेत सो रकम उल्लेख भएकोमा हाल सम्म पनि असुल हुन नसकेको र यस सम्वन्धी मुद्दा अदालतमा विचाराधिन रहेकोले फैसला पश्चात सोहि अनुसार कारवाही अगाढी बढाउनुपर्ने पालिकाले जनाएको छ ।

| क्र सं | ठेकेदारको नाम | आय ठेक्काको नाम | गत वर्ष सम्मको बाँकी | यस वर्षको असूली | बाँकी रकम | यो वर्ष सम्मको बाँकी | कुल बाँकी |
|---|---|---|---|---|---|---|---|
| १ | क्षितिज रियल स्टेट एण्ड हाउजिङ्ग कम्पनी प्रा लि | आ व २०७८।७९ को सेमरी घाट नदीजन्य पदार्थ ठेक्का (मिनाहाको लागि अदालती प्रकृयामा रहेको) | १९९५६००० | ० | १९९५६००० | १९९५६००० | १९९५६००० |
| जम्मा | | | | | | | १९९५६००० |

१२३ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन्

१२३.१ **लगत कट्टाः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को परिच्छेद ३ दफा १२ मा लाभग्राहीको मृत्यु भएमा लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । मृत्यु भई लगत कट्टा भएका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिको रकम निकासा दिन मिल्दैन । यस पालिकाको लगत कट्टा र निकासाको विवरण भिडान गर्दा देहायका लाभग्राहीहरुलाई लगत कट्टा पछिको अवधिमा समेत बैंक मार्फत निकासा दिइएकोले असुल गर्नु पर्ने रु,

| नाम | वडा नं. | क्षेत्र | लगतकट्टा | भुक्तानी | हुनुपर्ने | बढी भुक्तानी भएको |
|---|---|---|---|---|---|---|
| पहुनी थरुनी | १३ | अन्य जेष्ठ नागरिक | २०८०।१०।५ | १२००० | ४६५५ | ७३४५ |
| लिलि गैरे | ११ | अन्य जेष्ठ नागरिक | २०८०।१०।४ | १२००० | १०१३८ | १८६२ |
| तेजी खराल | ५ | एकल महिला | २०८०।१०।४ | ७९८० | ६३८४ | १५९५ |
| डिला कुमारी भण्डारी | १५ | अन्य जेष्ठ नागरिक | २०८०।१०।३ | १२००० | ८४०९ | ३५९१ |
| तिर्थ कुमारी गुरुङ | ४ | एकल महिला | २०८१।१।२ | १५९६० | ५२३१ | १०७२८ |
| तेज नारायण पाण्डे | ४ | अन्य जेष्ठ नागरिक | २०८१।१।२ | १२००० | ९६०६ | २३९४ |
| पाराश्वर अर्याल | ५ | अन्य जेष्ठ नागरिक | २०८१।२।१ | १२००० | ३२२२ | ८७७८ |
| डिल्ली राज भुसाल | ९ | अशक्त | २०८०।१२।३० | ६३८० | २१९९ | ४१८५ |
| सितल थापा | ११ | विधुवा | २०८१।१।४ | ७९८० | ३५४६ | ४४३३ |
| लाल विहारी थारु | १३ | अन्य जेष्ठ नागरिक | २०८१।३।१३ | १२००० | ५३५० | ६६५० |
| विर बहादुर भण्डारी | ४ | अन्य जेष्ठ नागरिक | २०८०।१०।४ | १२००० | १०८०३ | ११९७ |
| ठगनी चौधरी | १५ | अन्यजेष्ठ | २०८०।७।१६ | १२००० | १०८०० | १२०० |
| मिना कुमारी थापा | १५ | अन्य जेष्ठ नागरिक | २०८०।९।२४ | १२००० | ६६६५ | ५३३५ |
| लाल सुवा गुरुङ | १५ | अन्य जेष्ठ नागरिक | २०८१।१।२ | १२००० | १०००० | २००० |
| नम बहादुर गरुङ | १५ | अति अशक्त | २०८१।३।२१ | १२७६८ | ५६०४ | ७१६४ |
| मिना देवी थापा | १५ | अन्य जेष्ठ नागरिक | २०८०।९।२४ | १२००० | ५३३५ | ६६६५ |
| नुराकुमारी अधिकारी | ५ | अन्य जेष्ठ नागरिक | २०८०।१२।२५ | १२००० | ८००० | ४००० |
| गंगा देवी खत्री | ५ | अन्य जेष्ठ नागरिक | २०८१।२।१ | १२००० | ९१५२ | २८४८ |
| तिल प्रसाद पराजुली | ५ | अन्य जेष्ठ नागरिक | २०८१।३।१४ | १२००० | ६६३८ | ५३६२ |
| पाराश्वर अर्याल | ५ | अन्य जेष्ठ नागरिक | २०८१।२।१ | १२००० | २००० | १०००० |
| चम्पा थरुनी | १० | अन्य जेष्ठ नागरिक | २०८०।६।२९ | १२००० | ७३५५ | ४६४५ |
| विष्णुमाया गुरुङ | १० | जेष्ठ एकल महिला | २०८०।६।३० | ७९८० | ६२९५ | १६८४ |
| पवित्रा रिमाल क्षेत्री | १० | अन्य जेष्ठ नागरिक | २०८१।१।९ | १२००० | १०६६७ | १३३३ |
| कोईली थारु | १० | अन्य जेष्ठ नागरिक | २०८०।७।१४ | १२००० | ९६०० | २४०० |
| गुलैचिया थारु | ११ | अन्य जेष्ठ नागरिक | २०८१।१।१२ | १२००० | ७८६६ | ४१३४ |
| धर्मदत्त पौडेल | ११ | अन्य जेष्ठ नागरिक | २०८०।१०।१२ | १२००० | ९३३४ | २६६६ |
| रविलाल थारु | ११ | अन्य जेष्ठ नागरिक | २०८१।३।२४ | १२००० | ६६६७ | ५३३३ |
| चोप डेवि एसी | ११ | अन्य जेष्ठ नागरिक | २०८०।११।१० | १२००० | १०८०० | १२०० |
| पार्वती वसेल | ११ | अन्य जेष्ठ नागरिक | २०८०।१२।२० | १२००० | ७६०० | ४४०० |
| जगमाया श्रेष्ठ | ११ | अन्य जेष्ठ नागरिक | २०८१।१।१२ | १२००० | ११४६७ | ५३३ |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सुकुमाया विक | १२ | अन्य जेष्ठ नागरिक | २०८१।१।३ | १२००० | ५२०० | ६८०० |
| जम्मा | | | | | | १३२४६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३२,४६० |

१२३.२ **भत्ता निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको व्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा दाखिला गर्न पहिलो ,दोस्रो, तेस्रो र अन्तिम चौथो त्रैमासिक गरी जम्मा रु, ४३ करोड ८० लाख ७ हजार ९३३ बैंकमा निकासा गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र लाभग्राही समक्ष रकम EFT गरेको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र सम्बन्धित खातामा रकम पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

**हिसाब मिलानः** सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामा जम्मा भई कुनै कारणबश खाता बन्द गर्नुपर्दा वा लगतकट्टा गर्नुपर्दा बाँकी रकम १५ दिन भित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले लाभग्राहीलाई विभिन्न त्रैमासिकको रकम भुक्तानी गर्दा लगतकट्टा भएको अवस्थामा होल्डमा बसेको रकम समयमै फिर्ता गरेको पाइएन । आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो । यसमा पालिकाले ध्यान दिनु पर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : तिलोत्तमा नगरपालिका, रुपन्देही , तिलोत्तमा नगरपालिका , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नारायण अर्याल | २०७९-५-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रमेश वस्याल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १२,०४४,०३७ | ३३,९४८,८५५ | १३,५६९,७१९ | ० | ० | १,२१०,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६०,७७२,६११ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ७,२१४,५८१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५३,५५८,०३० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६११७०४७८९.५८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७७२३९७३६०.९ | **चालु खर्च** | ७४१२३६४९१.२४ |
| **प्रदेश सरकारबाट अनुदान** | ४६८७७९७१ | **पूँजीगत खर्च** | ७८४३३३२५८.७६ |
| **राजश्व बाँडफाँट** | ४११५२६७७१.७४ | **वित्तीय/अन्य व्यवस्था** | ५९०१३९७२८.३५ |
| **आन्तरिक आय** | २४४६३९७०८.६१ | | |
| **अन्य आय** | ८६३३२२९२३.८ | | |
| **कुल आय** | २३३८७६४७३६.०५ | **कुल खर्च** | २११५७०९४७८.३५ |
| **बाँकी मौज्दात** | | ८३४७६००४७.२८ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका थप क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण बेहोरा कार्यान्वयन नहुने र आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले यस तर्फ ध्यान दिई आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।